# जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाबाट मिति २०८०।०३।०७ गते स्वीकृत

## शिक्षा क्षेत्र योजना (२०८०- २०८९)

## Education Sector Plan- ESP

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपूर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पुस्तकः शिक्षा क्षेत्र योजना
प्रकाशनः जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
प्रकाशन मितिः असार २०८०
प्रकाशन प्रतिः ३५०
मुद्रणः कैपाल प्रिन्टिङ प्रेस, डडेल्धुरा, फोन ०९६४१०११६/९८१३४७४८७१

## कृतज्ञता सहितका दुई शब्द

शिक्षा मानव सभ्यताको जननीको रूपमा लिइन्छ। समुन्नत राज्य निर्माणको लागि शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्दछ। मानवको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गरी समय, आवश्यकता, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश सुहाउदो नागरिक उत्पादन गर्ने कार्य शिक्षाले गर्दछ। शिक्षा पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै जयपृथ्वी नगरपालिकाको वर्तमान नगरकार्यपालिकाले निर्वाचित भएर कार्यारम्भ गरेदेखि नै शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामाराखेको कुरा अवगत नै छ।अहिले चलिरहेको अवस्थालाई व्यवस्थित तथा योजनावद्धरूपमा अगाडि बढाउन प्रस्तुत योजनाको विकास गरी कार्यान्वयन गर्ने तयारी भइरहेको सन्देश नगरवासी र शिक्षाका सम्पूर्ण सरोकारवालाको वीचमा सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ।

राज्यले संविधानतः निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनमा जयपृथ्वी नगरपालिका आत्मसाथ गर्दै शिक्षा क्षेत्रमा नयाँ नीति तथा कार्यक्रमका साथ अगाडि बढी रहेको छ। नगर सरकारले आफ्नै स्रोतबाट नगरपालिका अन्तर्गत शिक्षक दरबन्दी अभाव भएका विद्यालयमा वजेट विनीयोजन गरी व्यवस्थित गर्दै लगिरहेको छ। नगरपालिकाले आफ्नै वजेट तथा कार्यक्रम मार्फत गरीब तथा जेहेन्दार विद्यार्थीलाई प्रत्येक वर्ष चिकित्सा शिक्षातर्फ उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्तिको प्रदान गर्दै आइरहेको छ। आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गर्ने क्रममा कक्षा १ देखि ५ सम्म पाठ्यक्रम तथा पाठ्यपुस्तकसहित निर्माण गरी कार्यान्वयनमा आइ सकेको छ। आधारभूत तह कक्षा ६ देखि ८ सम्म स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वय गर्ने चरणमा छौ।शिक्षामा यति सम्म गर्दा पर्याप्त हुन्छ भन्ने आधार नभएकाले परिवर्तित सन्दर्भअनुसार शिक्षालाई थप व्यवस्थित तथा योजनावद्ध किसिमबाट अगाडी बढाउन नगरपालिकाले प्रस्तुत शिक्षा क्षेत्रको दश वर्षे योजनासमेत निर्माण गरी कार्यान्वयनको चरणमा रहेकोछ।

प्रस्तुत १० वर्षे शिक्षा क्षेत्रको योजना (२०८०-२०८९) सामान्यतया हेर्दा महत्वाकाङ्क्षी जस्तो देखिए पनि नगरपालिकाको शिक्षा क्षेत्रलाई परिवर्तन गर्ने गरी नगरी नहुने क्रियाकलापहरू समेटी निर्माण गरीएको छ।सङ्घिय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै आवश्यकताका आधारमा कानुन समेत परिमार्जन गरी शिक्षालाई व्यवस्थित तथा मर्यादित गराउन शिक्षक विद्यार्थी अनुपात मिलान गरी शिक्षक दरवन्दी तथा विद्यालय समायोजन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइएको छ।

योजना निर्माण गर्ने क्रममा सबै वडा पालिकाहरूबाट प्रयाप्त मात्रामा सुझाव र पृष्ठपोषणहरू प्राप्त भएका छन। लेखन कार्यका लागि लेखन समूहमा रहेका शिक्षा शाखाका कर्मचारी, जयपृथ्वी बहुमुखी क्याम्पसका प्राध्यापक,शिक्षा विकास तथा समन्वय चैनपुर, विद्यालयका प्रधानाध्यापकहरू तथा शिक्षकहरूले अहोरात्र खटेर योगदान गर्नु भएको छ।यो योजना निर्माणमा आर्थिक तथा प्राविधिक रूपमा सहयोग प्रगतिशील युवा समाज र विश्व शिक्षाबाट प्राप्त भएको छ।योजना निर्माण कार्यमा समन्वयका साथै प्राविधिक समूहको अगुवाइ गर्ने काम नगरपालिका शिक्षा शाखा प्रमुख निरज प्रसाद रेग्मीले गर्नुभएको छ भाषिक सम्पादन गर्ने काम हितराज जोशीरदेबसिंह अएडी गर्नुभएको छ।नगरपालिका उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत,

वडाअध्यक्षहरू, लेखा अधिकृत, आलेप अधिकृत, सम्पूर्ण शाखा प्रमुख तथा अन्य कर्मचारीहरु,सामाजिक विकास समिति संयोजक तथा सम्पूर्ण कार्यापालिका सदस्यलगायत सिङ्गो नगरपालिकाको टिमले योजना निर्माणको क्रममा आ-आफ्नो स्थानबाट सकारात्मक योगदान गर्नुभएको छ।योजना निर्माणको क्रममा नगरपालिकाको सिङ्गो टिम तथा नगरपालिकालाई सल्लाह, सुझाव, तथ्याङ्क उपलब्धता र प्राविधिकरूपमा सहयोग गर्नु हुने सम्पूर्ण सङ्घ संस्था, कर्मचारी, राजनीतिज्ञ, शिक्षक, विद्यार्थी तथा अन्य सरोकारवाला सम्पूर्ण महानुभावप्रति हार्दिक आभारसहित कृतज्ञता ज्ञापन गर्दछु।

अन्तमा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि उल्लिखित महानुभाव, समग्र नगरवासी लगायत सङ्घ, प्रदेश सरकार र विभिन्न कार्यरत गैरसरकारी सङ्घ संस्थाहरूबाट समेत महत्त्वपूर्ण योगदानको अपेक्षा गरिएको छ जसले गर्दा योजनाले निर्दिष्ठ गरेका सपना साकार हुन सहयोग पुग्ने छ। धन्यवाद।

चेतराज बजाल

नगरप्रमुख

जयपृथ्वी नगरपालिका

चैनपुर बझाङ।

## दुई शब्द

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हकको प्रत्याभूत गरेको छ।शिक्षा प्राप्त गर्न पाउनु नागरिकको मौलिक अधिकार र गुणस्तरीय शिक्षाको व्यवस्था गर्नु सरकारको दायित्व हो। शिक्षा सामाज परिवर्तनको वाहकको रूपमा लिइन्छ र शिक्षा सम्पूर्ण विकासको प्रतिनिधित्व गर्ने भएकोले देशको समग्र विकासको लागि शिक्षा क्षेत्रलाई व्यवस्थित तथा प्रभावकारी बनाउनको निम्ति शैक्षिक योजनाले प्रतिनिधित्व गर्ने भएकोले यस नगरपालिकाको शैक्षिक क्षेत्रको योजना निर्माण आगामि दिनमा यसको माध्यमबाट अगाडी बढ्नु पर्दछ। मुलुकले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता, दिगो विकासको लक्ष्य, नेपालको संविधान, पन्ध्रौ योजना, विद्यालय क्षेत्र विकास योजना आदिलाई मार्गदर्शकको रूपमा लिई यो १० वर्षे शिक्षा क्षेत्र योजना तयार पारिएको छ।

यसै सन्दर्भमा बझाङ जिल्ला जयपृथ्वी नगरपालिकाले पनि विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमबाट शिक्षाको गुणस्तरीय पहुँच पुर्याउन, सक्षमता र सेवा प्रभावको अवस्थालाई प्रभावकारी बनाइ सबै बालबबालिकाहरूलाई सिकाइका सबै अवसरहरू प्रत्याभूति दिनका लागि यो दश वर्षे शिक्षा योजना निर्माण गर्ने पहिलो प्रयास गरेको छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतीहरूलाई सामना गर्दै विकसित भइ रहेको नयाँ नयाँ प्रविधि र ज्ञान विज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरूको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सहज, सरल तथा आवश्यकताअनुसार शिक्षा प्रदान गर्नकै लागि यो योजना सरोकारवाला पक्षको सहभागीतामा तयार पारिएको छ।

विद्यालय तहमा नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षालय, शिक्षाका अन्तरसम्बन्धीत मुद्दाहरू, विपद् व्यवस्थापनसँगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनका पाटोलाई समेटेर तयार पारिएको योजनाले जयपृथ्वी नगरपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा म विश्वास गर्दछु। यसका साथै यस कार्यमा खटिने योजना निर्माण प्राविधिक समितका पदाधिकारी साथीहरू तथा अमूल्य सुझाव, सल्लाह र मार्गदर्शन उपलब्ध गराउने सबै व्यक्तित्वहरू प्रति धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्नको लागि सबैमा अपिल गर्दछु।

रतन बहादुर सिंह
नगर उपप्रमुख
जयपृथ्वी नगरपालिका,
चैनपुर बझाङ

# विषय सूची


परिच्छेदः एक परिचय ..................... - ३ -

१.१ पृष्ठभूमीः..................... - ३ -

१.२ मुख्य समस्याहरू..................... - १० -

१.३ शिक्षा क्षेत्रका चुनौतीहरू..................... - १२ -

१.४ अवसरहरुः..................... - १४ -

परिच्छेदः२ ..................... - १७ -

२.१ दुरदृष्टिः ..................... - १७ -

२.३ लक्ष्यः..................... - १७ -

२.४ लक्ष्य तथा उद्देश्यः ..................... - १७ -

२.५ रणनीतिहरूः ..................... - १८ -

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः..................... २४

परिच्छेदः तीन..................... ३२

३.१ प्रारम्भिक बालविकास र शिक्षाः ..................... ३२

३.१.१ परिचय..................... ३२

३.१.२ वर्तमान अवस्था..................... ३३

३.१.३उद्देश्यहरू..................... ३५

३.१.४रणनीतिहरू..................... ३६

३.१.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य..................... ३८

३.२ आधारभूत शिक्षा ..................... ४३

३.३.१ परिचयः..................... ४३

३.३.२ वर्तमान अवस्था..................... ४४

३.३.३ उद्देश्यहरू..................... ४६

३.३.४ रणनीतिहरू..................... ४६

३.३.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप रलक्ष्य निर्धारण..................... ४९

माध्यमिक शिक्षा..................... ५४

३.३.१ परिचय..................... ५४

३.३.२ वर्तमान अवस्था..................... ५५

३.३.३ उद्देश्यहरू..................... ५८

३.३.४ रणनीतिहरुः..................... ५८

३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..................... ५९

३.४ पाठ्यक्रम र मूल्याङ्कन..................... ६७

३.४.१ परिचयः..................... ६७

३.४.२ वर्तमान अवस्थाः ............ ६७
३.४.३ उदेश्यः ............ ७०
३.४.४ रणनीतिहरुः ............ ७०
३.४.५उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्माक लक्ष्य ............ ७१
३.५ शिक्षक व्यवस्थापन र विकास ............ ७३
३.५.१ परिचय ............ ७३
३.७.२ वर्तमान अवस्थाः ............ ७४
३.७.२ चुनौती र अवसरहरू ............ ७९
३.७.३ उद्देश्यहरू ............ ८०
३.७.४ रणनीतिहरू ............ ८०
३.६अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ ............ ८९
३.६.१ परिचय ............ ८९
परिच्छेद ४ ............ १०६
४.१ शैक्षिक समता र समावेशीकरणः ............ १०६
४.१.१ परिचय ............ १०६
४.१.२ वर्तमान अवस्थाः ............ १०७
४.१.३ लक्ष्य तथा उद्धेश्यहरुः ............ ११०
४.१.४ रणनीतिहरुः ............ ११०
४.१.५ उपलब्धिहरू, मुख्य मुख्य नतिजाहरू, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण ............ १११
परिच्छेदः ५ ............ १४४
५.१ संस्थागत क्षमता विकास ............ १४४
५.१.१ परिचय ............ १४४
५.१.२ वर्तमान अवस्था ............ १४५
५.१.३ उद्धेश्यहरुः ............ १४६
५.१.४ रणनीतिहरुः ............ १४६
५.१.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः ............ १४६
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ............ १४९
५.२.१ परिचयः ............ १४९
५.२.२ वर्तमान अवस्थाः ............ १४९
५.२.३ उद्धेश्यहरुः ............ १५०
५.२.४ रणनीतिहरुः ............ १५०
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः ............ १५१
५.३ अनुगमन तथा मूल्याङ्कन ............ १५३
५.३.१ परिचयः ............ १५३
५.३.२ वर्तमान अवस्थाः ............ १५३
५.३.३ उद्धेश्यहरू ............ १५५

५.३.४ रणनीतिहरुः ........................................................................................ १५५
परिच्छेद ६ .................................................................................................. १५७
स्रोत व्यवस्थापन........................................................................................... १५७
सङ्घीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरूमा प्राप्तहुने अनुमानित बजेट ................ १५९
प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरूमा प्राप्तहुने अनुमानित बजेट ................... १५९
स्थानीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरूमा प्राप्तहुने अनुमानित बजेट ................ १६०
अन्य सङ्घसंस्थाहरूबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ............... १६१
परिच्छेद ७ मुख्य उपलब्धि सूचकहरू ................................................................ १६४
मुख्य मुख्य कार्यसम्पादन सूचकहरू ..................................................................... १६४
कार्यक्रम तथा नतिजा तालिका............................................................................. १६६
सन्दर्भ सामग्री................................................................................................ १७१
अनुसूची-१: जयपृथ्वी नगरपालिकाका स्रोत (जीआइएस) नक्साहरू.......................................... १७२

# कार्यकारी सारांश

शिक्षा पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो भने शिक्षा दिनु राज्यको दायित्व हो। शिक्षा मानब जातिलाई सर्वश्रेष्ठ प्राणी बनाउने माध्यम हो। शिक्षा समाजको शैक्षिक, राजनीतिक, सामाजिक तथा अन्य विकासको प्रतिनिधित्व गर्ने भएकोले नगरपालिकाले शिक्षालाई निकै महत्त्व दिदै सम्पूर्ण समाजको विकासमा सबैले आ-आफ्नो ठाँउबाट योगदान दिन आवश्यक छ। जयपृथ्वी नगरपालिका भौगोलिक रूपमा विकट, सामाजिक रूपमा विविधता, आर्थिक रूपमा विपन्न र शैक्षिक रूपमा प्रगतिउन्मूख पालिका हो। यस पालिकाकामा बसोबास गर्ने अधिकांश मानिसहरू वैदेशिक रोजगारीको माध्यमबाट जीविकोपार्जन गर्ने,बालबालिकालाई शिक्षा दिने र घर खर्च चलाउने गरिरहेका छन। बालबालिकाहरू बाबु आमासँग नेपालको नजिक रहेको मित्रराष्ट्र भारत जाने र आउने प्रक्रियाले शिक्षामा प्रत्यक्ष असर पारिरहेको छ। शिक्षाको क्षेत्रमा निश्चित प्रतिशतमा बजेट विनियोजन गरी उच्च प्राथमिकता दिएर काम गरिरहेको अवस्था छ। यस नगरपालिकाको शिक्षालाई अझ योजनाबद्ध किसिमबाट अगाडि बढाउनको लागि नगरपालिकाले प्रस्तुत शिक्षा क्षेत्रको दश वर्षे योजना समेत निर्माण गरी कार्यान्वयनको चरणमा छ।

योजना निर्माणको क्रममा नेपालको संविधान २०७२, नेपालको पन्ध्रौं योजना, दिगो विकास लक्ष्यहरू, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, राष्ट्रिय शिक्षा नीति२०७६, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, शिक्षाको सोचपत्र २०७९, जयपृथ्वी नगरपालिकाको आवधिक योजना २०७९, घरधुरी सर्वेक्षण, फ्यास रिपोर्ट २०७८, सङघीय सरकारले तयार पारेको  स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ र जयपृथ्वी नगरपालिका अन्तर्गत विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङघ पदाधिकारी, शिक्षकहरूर गैरसरकारी संस्थाका प्रमुखहरूसँगको छलफललाई मुख्य आधार लिएर निर्माण गरिएको हो।

प्रस्तुत १० वर्षे शिक्षा क्षेत्र योजना २०८०-२०८९ नगरपालिकाको शिक्षाको कुनै विशेषको योजना नभइ यो शिक्षाको समग्र योजना हो। योजनाको पहिलो परिच्छेदमा जयपृथ्वी नगरपालिकाको परिचय दोस्रो परिच्छेदमा योजनाको लक्ष्य निर्धारण, दूरदृष्टि, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति, अपेक्षित उपलब्धि र मूख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारणसमावेश गरिएको छ। योजनाको तेस्रो परिच्छेदमा विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू अन्तर्गत प्रारम्भिक बालबिकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम र मूल्याङकन, शिक्षक व्यवस्थापन र विकास, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ, प्राविधिक तथा व्यावसायिक शिक्षाको बारेमा अलग अलग खण्डमा विभाजन गरि सम्बन्धित खण्डको परिचय, वर्तमान अवस्था, उद्धेश्य, रणनीतिहरू, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य समेटि लेखिएको छ। परिच्छेद ४ मा अन्तरसम्बन्धीत विषय तथा क्षेत्रहरू अन्तर्गत शैक्षिक समता र समावेशीकरण, दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालय सूचना तथा सञ्चार प्रविधिशीर्षकमा रहेर यस पालिकाको वर्तमान, अवस्था उद्धेश्य, रणनीतिहरू, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य समेटि लेखिएको छ। परिच्छेद ५ मा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध, अनुगमन र मूल्याङ्कन का बारेमा लेखिएको छ। परिच्छेद ६ मा लगानी र स्रोत व्यवस्थापनमा स्थानीय. प्रदेश, सङघीय सरकार र गैरसरकारी संस्थाबाट यस

पालिकामा विनियोजन गरिएको वजेको अनुमानित बजेट राखिएको छ।परिच्छेद ७ मा मुख्य उपलब्धि सूचकहरू समेटी यो योजना निर्माण गरिएको छ।

योजनाले चुनौतीको रूपमा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर लगायत सबै तहको विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागीता र गुणस्तरको सुनिश्चितता गर्नु, सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, शिक्षालाई सिप र श्रमसँग जोडेर नगरपालिकाको आर्थिक उपार्जन र सम्बृद्धिको लागि प्राविधिक, व्यावसायिक र उद्यमशील जनशक्ति उत्पादन गर्नु, आवश्यकतामा आधारमा पर्याप्त सङ्ख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेहि शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धि प्रति उत्तरदायी बनाउनु, नगरपालिका लगायत समग्र मूलुकको जीवन र जगतलाई सम्मानपूर्वक समेट्दै सिकाइलाई दैनिक जीवनसँग आवद्ध गर्नको लाई पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सान्दर्भिक बनाउनु, नगरपालिका लगायत समग्र मुलुकको समृद्धि लगायत प्राज्ञिक उत्कृष्टता र उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरिय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी जनशक्ति उत्पादन गर्नु, सबै प्रकारका हिंसा, जोखिम, विभेद र प्रकोपबाट शिक्षणसंस्थालाई सुरक्षित बनाउनु, सूचना र सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गरी सिकाइलाई प्रभावकारी बनाउनु, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु, सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु आदिलाई आत्मसाथ गरी योजनाको मूर्तरूप दिने काम गरिएको छ।

योजनाले गरेको परिकल्पना साकार पार्नको तीनै तहका सरकार, यस नगरपालिका अन्तर्गत लागु भएका सङघ सस्थाहरुको सहयोगको ठुलो अपेक्षा गरिएको छ। लगानी तथा स्रोत व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन आदिको सवालमा तीनै तहको सरकार जिम्मेवार हुने मान्यतामा कार्यक्रम र क्रियाकलापहरुको व्यवस्थापन गरिएको छ। साथै जयपृथ्वी नगरपालिकामा भौगोलिक रुपमा विकट तथा स्थान विशेषका विद्यालयहरुमा समान किसिमको शिक्षा प्रदान गर्ने चुनौतीपूर्ण अवस्था सामना गर्नको लागि स्थानीय सरकार, प्रदेश सरकार, सङघिय सरकार तथा विभिन्न सङघ सस्थाहरुको सहयोगको महत्वपूर्ण स्थान रहि आएको छ। शिक्षा प्रदान गर्ने कुरामा आज शिक्षा दिइयो अब आवश्यक पर्दैन भन्ने होइन अझै युग सुहाउदो शिक्षाको लागि जयपृथ्वी नगरपालिका सङ्घिय तह, प्रदेश तह, विभिन्न सहयोगी सङ्घ सस्थाहरु सहयोगको लागि धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा थप सहयोगको अपेक्षा सहित योजनामा व्यवस्था गरिएका क्रियाकलापहरु कार्यान्वयनमा सबैको साथ र सहयोग रहने कुरा समेत विश्वस्त रहेका छौ।

# परिच्छेदः एक परिचय

## १.१ पृष्ठभूमीः

### क. भौगोलिक अवस्थिति

सुदूरपश्चिम प्रदेशको उत्तरी भूभागमा अवस्थित एउटा हिमाली जिल्लाको नाम हो, बझाङ। यस अन्तरगत बाह्रओटा स्थानीय तहहरुः दुईओटा नगरपालिका र दशओटा गाउँपालिकाहरू पर्दछन। दुईओटा नगरपालिका मध्ये एउटा हो जयपृथ्वी नगरपालिका हो। नेपालका राष्ट्रिय विभूति तथा मानवतावादी राजा जयपृथ्वी बहादुर सिंहको (बि.सं. १९३४-१९९७) जन्मथलोसमेत भएका कारण यस स्थानीय तहको नामाकरण उहाँकै नामबाट गरीएको छ। जुन आफैमा एउटा ऐतिहाँसिक र उदाहरणीय छ। यो स्थानीय तह साविकका पाँचओटा गा.वि.स.हरुः हेमन्तवाडा, चैनपुर, लुयाँटा, रिठापाटा र सुबेडा मिलाएर बि. सं. २०७१ साल वैशाख २५ गते स्थापना भएको हो। पछि साविकको कैलाश गा.वि.स.लाई समेत समेटेर यो स्थानीय तहलाई विस्तार गरी ११ ओटा वडाहरूमा विभाजनगरीएको थियो।

बझाङ जिल्लाको मुटुमा अवस्थित यस स्थानीय तहले जिल्लाको सम्पूर्ण क्षेत्रफलको (३३३२ बर्ग कि.मि.) मा जयपृथ्वी नगरपालिकाले १६६.७९ बर्ग कि.मि. क्षेत्रफल ओगटेको छ। भौगोलिक अवस्थितिका हिसाबले यो स्थानीय तह २९°२८'५५" देखि २९°३८'०४" उत्तरीअक्षांशसम्म र८१°१०'५९" देखि८१°१३'४५" पूर्विदेशान्तर सम्म फैलिएर रहेकोछ। यसको पूर्वमा मष्टा गाउँपालिका र बाजुरा जिल्ला, पश्चिममा छबिसपाथिभेरा गाउँपालिका तथा सुर्मा गाउँपालिका, उत्तरमा साइपाल गाउँपालिका र तलकोट गाउँपालिका र दक्षिणमा खप्तडछान्ना गाउँपालिका तथा छबिसपाथिभेरा गाउँपालिका पर्दछन। उचाइको हिसाबले यस स्थानीय तह अन्तरगत पर्ने तमैल बजारलाई सबै भन्दा होचो (३३०७ फिट) तथा मनानालाई सबैभन्दा अग्लो (११७७१ फिट) भूभागका रूपमा चिनिन्छ।बझाङकै सर्वोच्च शिखर मानिने साइपाल हिमालको काख बाट बग्ने सेती नदीले यसलाई वारि (उत्तर पट्टी) र पारि (दक्षिण पट्टी) गरी दुइ भागमा विभाजन गरेको छ। वारि पट्टी वडा न.६,७,८,९, १० र ११ वडाहरू पर्दछन भने पारि पट्टी वडा न.१, २, ३,४ र ५वडाहरू पर्दछन। जिल्ला सदरमुकाम समेत रहेको चैनपुर बजार पनि यसै स्थानीय तहको वडा न. १० मा पर्दछ। समुन्द्री सतह बाट झण्डै १२३० मिटरको उचाइमा रहेको चैनपुर बजारलाई दक्षिण तथा उत्तर तिर बाट क्रमशः सेती नदी र बाहुली गाडको उपस्थिति अनि पश्चिम पट्टिको सुमधुर संगम (दोभान)ले एक सानो टापु झैं अवस्थित गराएको छ। यस नगरपालिकाको जनसङख्या नेपालको जनगणना २०७८ अनुसार १०४४३ पुरूष छन भने महिला ११४९० गरी जम्मा २१९३३ रहेको छ। यस नगरपालिकाको परिवारको सङख्या ५००२ रहेका छन।यस पालिकाको वार्षिक जनसङख्या वृद्धिदर -०.११ रहेको छ।यस पालिकाको जनघनत्व १३२ रहेको छ।यस पालिकाको साक्षरता प्रतिशत ७५.८५ रहेको छ।

यो स्थानीय तह सम्पदाका हिसाबले आफैमा अपार छ। यहाँ प्राचीनगौरव बोकेका दरबारहरू, मठमन्दिर, झरना, कुँण्ड, जिउला, आदि छन। यहाँका मुख्य ठाउँहरूमा हात्तीसार दरबार, भोपुर दरबार, राजा जयपृथ्वीले स्थापना गरेको सत्यबादी पाठशाला, राजकोट, कैलाश गुफा, ऋषिकुण्ड, देवीथान मन्दिर, सेलाखेत स्थित सुर्मा मन्दिर, देवलस्थित जालपा देवीको मन्दिर, बारिल झरना, चैनपुर बजार, कालाखाली, पँडेसको जिउलो, भोपुर-रूइने बगरको जिउलो, गोलाइको जिउलो, देवलको जिउलो, सुबेडीको जिउलो, लिंगापाटन, रानीबन, आदि पर्दछन। यी सम्पूर्ण स्थलहरूपर्यटकीय महत्त्वका छन् र उचित संरक्षण तथा विकास गरी प्रचारप्रसार गर्न सके स्थानीय तहले मनग्य फाइदासमेत लिन सक्ने देखिन्छ। गोलाई स्थित निर्माणाधीन जलविद्युत आयोजनाले यहाँको पर्यटकीय आकर्षणलाई निकट भविस्यमै कायापलट गर्ने सम्भावना छ। यति मात्र हैन, जिल्ला सदरमुकामसमेत यसै स्थानीय तहमा भएका कारण यहाँ साना-ठूला सरकारी तथा गैरसरकारी

कार्यालयहरू, सुरक्षा निकायका अड्डाहरू, ठूल्ठूला भवनहरू, सानाठुला बजारहरू, होटेल\रेष्टुरा, खेलमैदान, शिक्षालयहरू, क्याम्पस, आदिका कारण त झनै यस स्थानीय तहको महत्त्व बढ्दै गएको छ। बझाङकै बिच भागमा बहने सेती नदी तथा बाउली गाडका कारण यस स्थानीय तहमा सानाठूला जिउलाहरू बनेका छन। यी जिउलाहरूमा प्रसस्त मात्रामा अन्नबालीहरू उत्पादन गरीन्छन। भौगोलिक हिसाबले विकट भएपनि प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहेको छ।

## हावापानी

बझाङ एक हिमाली जिल्ला भएकाले जयपृथ्वी नगरपालिकालाई हिमाली भेगमा पर्ने नगरपालिकाका रूपमा चिनिन्छ। स्वभावैले यहाँको हावापानी चिसोयामदेखि गर्मियामसम्मै चिसो रहिरहनु पर्ने हो। तर, यस नगरपालिकाको अवस्थिति सेतीनदीको किनार (झण्डै १२०० मिटर) देखि सबैभन्दा उचाइको भूभाग मनाना सम्मै फैलिएर रहेकाले यहाँको हावापानी विविधतायुक्त छ। चिसोयाममा सेतीनदी आसपासका बस्तीहरू देखि न्यून तथा उच्च पहाडी भेगका बस्तीहरू सम्मै अति चिसो हुन्छ भने गर्मीयाममा निकै तातो पनि। यहाँको तापक्रम चिसोमा ०° वा त्यो भन्दा तल समेत कायम हुन्छ भने गर्मीमा ४२\४३° सेन्टिग्रेड सम्मै पुग्ने गर्दछ। यसरी तापक्रम बढ्नु वा घट्नुमा यहाँस्थित उच्चपहाडी तथा हिमाली भेग, सेतीनदीको बहाव अनि सुसेली, वनजङगल, आदिको प्रभावले मूख्य भूमिका खेल्दछ। विगत लामोसमय देखि कायम रहेको वनजङगलको फँडानी, सुख्का डाँडापाखा तथा जिल्ला सदरमुकाम आसपासको बढ्दो बजारीकरणका कारण यहाँको हावापानीमा निरन्तर फेरबदल आइरहेको छ।

## जनसांख्यिक संरचना

घरधुरी सर्वेक्षण (२०७७) अनुसार यस नगरपालिका भित्र ४७३३ घरधुरी तथा २८८६५ जनसङख्या रहेको देखिन्छ। जसमा पुरूष र महिलाको सङख्या क्रमशः १४५४९ (५०.४) र १४३१६ (४९.६) रहेको छ। जस अनुसार महिला भन्दा पुरूषको जनसङख्या २३३ अर्थात ०.८% ले बढी छ। वडागत घरधुरी विवरण हेर्दा वडा न. ७ मा सबैभन्दा बढी घरधुरी (७३२) सङख्या छ भने वडा न. २ मा सबैभन्दा कम (१८३) रहेको छ। त्यसैगरी नगरपालिका भित्र औसत प्रति परिवार सङख्या ६.१ छ भने वडा न. १ मा औसतमा प्रति परिवार सङख्या सबैभन्दा कम अर्थात ४.५ रहेको छ। तर, जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार भने यो विवरणमा निकै फरक परेको देखिन्छ। रिपोर्टमा उल्लेख भए अनुसार जम्मा घरधुरी सङख्या ५०३४ तथा कुल जनसङख्या २१९७३ रहेको छ। जस मध्ये १०५६० (४८.०६%) पुरूष तथा ११४१३ (५१.९४%) महिला रहेका छन। यस अनुसार पुरूष भन्दा महिलाको सङख्या ८५३ (३.८८) ले बढी देखिन्छ। त्यसैगरी यस पालिकामा आर्थिक रूपले सक्रिय मानिने जनसङख्या (१५ देखि ५९ बर्षसम्म) झण्डै ५४% रहेको उल्लेख छ।

| वडा न. | जनगणना, २०७८ अनुसार | | | |
|---|---|---|---|---|
| | घरपरिवार | पुरूष | महिला | जम्मा |
| १. | | ८४५ | ९११ | १७५६ |
| २. | | ३१८ | ३८८ | ७०६ |

| | | | | |
|---|---|---|---|---|
| ३. | | ९६४ | ११२६ | २०९० |
| ४. | | ४५३ | ५७० | १०२३ |
| ५. | | ६३० | ८०१ | १४३१ |
| ६. | | ५३२ | ६८२ | १२१४ |
| ७. | | ११३५ | १४८१ | २६१६ |
| ८. | | ६५० | ७६३ | १४१३ |
| ९. | | ८७९ | ८३९ | १७१८ |
| १०. | | २४९७ | २२०९ | ४७०६ |
| ११. | | १५४० | १७२० | ३२६० |
| जम्मा | ५००१ | १०४४३ | ११४९० | २१९३३ |

## सामाजिक तथा सांस्कृतिक अवस्था

सामाजिक तथा सांस्कृतिक हिसाबले यो नगरपालिका विविधतापूर्ण छ। यहाँ बिभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन। यहाँ जोशी, उपाध्याय, जैशी, बजाल, कोइराला, पाण्डे, सिंह, शाही, बिष्ट, खड्का, रोकाया, धामी, बोहरा, धोवी, थापा, श्रेष्ट, जोशी (नेवार), दमाँइ, कामी, सुनार, रसाइली, बादी, सार्की, आदि जस्ता जातजाति तथा समुदायका मानिसहरू बसोबास गर्दछन। त्यसैगरी धार्मिकताका हिसाबले पनि यहाँ विविधता छ। हिन्दुहरूको बाहुल्यता भए पनि अन्य धर्म मान्ने मानिसहरू पनि रहेका पाइन्छन। यहाँ बसोबास गर्ने बौद्ध धर्मावलम्वीहरू (लामा, तामाङ, भोटे, आदि) यहाँका स्थायी बासिन्दा नभएतापनि बाहिरका स्थानीय तहहरू बाट (मुख्यगरी साइपाल गाउँपालिका) बसाइँसराइँ गरी ब्यापार-व्यवसाय गर्दै आएका छन। कतिपय त यहि घरजम गरी स्थायीत्व समेत कायम गर्ने क्रममा छन। यहाँका स्थानीयहरूले मुख्यगरी बिसु, गाभेसंक्रान्ति, गौरा, तागासेलाइ, दसै, देवीस्थान मेला, देवलको चैतली, तिहार, भुवोभस्सो, माघी, होली, चैतेदसै, आदि जस्ता चाँडपर्व तथा मेलाहरू मनाउने गर्दछन। चाँडपर्व बिशेषमा यहाँ देउडा खेल्ने, माँगल गाउने, भारिखेल खेल्ने, धामीझाँक्री नचाउने तथा खानाका विविध परिकारहरू बनाई एक आपसमा रमाँउदै र खाँदै शुभकामना आदानप्रदान गर्ने गरिन्छ।

जिल्ला सदरमुकाम समेत यहि स्थानीय तह अन्तरगत पर्ने भएकाले ब्यापार-व्यवसाय, सरकारी कामकाज, घुमफेर तथा अन्य प्रयोगजनका लागि जिल्ला भित्र तथा बाहिरका मानिसहरू यहाँ आई केही दिन देखि बर्षौबर्ष सम्म यही बसोबास गर्ने गरेका छन। उनीहरूले आफूसंगै आफ्नो सामाजिक संस्कार तथा संस्कृति समेत भित्र्याउदछन। यस खालको विविधता चैनपुर तथा आसपासका बजारहरूमा दिन प्रतिदिन देख्न र अनुभव गर्न सकिन्छ। यहाँ बसोबास गर्ने भोटे तथा तामाँङ जातिहरूले थुप्पा-छयाँङ पिउदै नाच्दै-गाउदै आफ्नै भेषभुषामा ल्होसार मनाएको देख्न सकिन्छ। तराईमा मात्र बसोबास गर्ने थारूहरू कामकाजको सिलसिलामा यहाँ आइ आफ्नै भेषभुषामा माघी मनाएको समेत हेर्न सकिन्छ। यी र यस्तै विविधताका कारण यस स्थानीय तहको सामाजिक तथा सांस्कृतिक परिवेश ब्यापक हुदै गएको छ।

## आर्थिक अवस्था

अधिकांश नगरवासीको मुख्य पेसा नै कृषि हो। तथ्याङ्कअनुसार यहाँका झण्डै ७०% मानिसहरू कृषि पेसामा तथा बाँकी रहेको जनसङख्या विविध खालका व्यापार-व्यवसाय, सरकारी तथा गैरसरकारी नोकरी, वैदेशिक रोजगार, आदिमा संलग्न रहेको देखिन्छ।नगरपालिकाले ओगटेको सम्पूर्ण क्षेत्रफलको झण्डै २७.३९%भूभाग खेति योग्य छ भने

झण्डै ४७.३% जमिनमा यो वा त्यो रूपमा सिचाइ गर्न सकिने सम्भावना छ। खेति योग्य जमिन सेतीनदी, बाहुली गाड, सुनिगाड, डुंग्रीखोला, कचाली खोला, आदिका तटीयक्षेत्र देखि न्यून तथा उच्च पहाडी भूभाग सम्मै फैलिएर रहेको छ। यहाँका मानिसहरूले मूख्यगरी धान, गहु, मकै, कोदो, कागुन जस्ता अन्नवालीहरूको उत्पादन गर्दछन। वडा न. १ को कैलाश, वडा न. ११ को सुइल-मँयाना, वडा न. ४ बिउराडी, वडा न.७ को सुबेडा, कचालीखोला, आदि जस्ता गाउँबस्तीहरूमा प्रसस्त मात्रामा आलु, मुला, चोतो, सागसब्जीलगायतका तरकारी फलाउने गरीन्छ। यहाँका कृषकहरूले आफूले उत्पादन गरेको तरकारीलाई चैनपुर बजारमा ल्याएर बेच्ने समेत गर्दछन। तरकारी व्यवसायबाट यहाँका कतिपय कृषकहरूले त राम्रै आम्दानी समेत गर्ने गरेका छन। स्थानीय तहको पहलमा हिजोआज हरेक गाउँबस्तीहरूमा टोलको ब्यबस्था गरी बेमौसमी तरकारी खेती गर्ने कामसमेत भएको छ। यसबाट अधिकांश स्थानीयहरू लाभान्वित भएका छन।

यहाँका अधिकांश मानिसहरू कृषि व्यवसायमा संलग्न रहेको भएतापनि आफूले गरेको उत्पादनबाट वर्षभरि खान पुग्ने घरधुरी सङख्या भने निकै न्युन छ। परिणाम स्वरूप यहाँका स्थानीयहरू आफूलाई अपुग भएको अन्न बजार बाट किनेर पूर्ति गर्ने गर्दछन। यहाँका स्थानीहरूले आ-आफ्नो घरमा चौपायाहरू जस्तै गाई, भैसी, बाख्रा तथा पशुपंक्षीहरू पाल्ने गरेका छन। एक अध्ययनका अनुसार यो प्रचलन यहाँका सुगम भन्दा दुर्गम बस्तिहरूमा बढी रहेको तथा झण्डै ७१.९% घरधुरीहरूले अपनाउनेगरेको पाइएको छ। हरेक घरमा जसो दुइ\चारओटा बाख्रा, दुइ\तीन ओटा गाईगोरू, एक\दुईओटा भैसी तथा दुइ\चार ओटा कुखुरा पालेका पाइन्छन।यसरी गरिने पशुपालनलाई यहाँका अधिकांश स्थानीयहरूले व्यवसायका रूपमा भन्दा पनि बसिबियाँलोका (कामचलाउ धन्दा) रूपमा गर्दै आएका छन। तर, औंलामा गन्न सकिने केही स्थानीयहरूले भने जर्सीगाई, भैसी, बाख्रा, कुखुरा र टर्की पालनगरेर मनग्य आम्दानी गर्ने गरेको पनि देख्न सकिन्छ।

घरधुरी सर्वेक्षेण, २०७९ को तथ्याङ्क अनुसार यस नगरपालिका भित्र आफूले उत्पादन गरेको अन्न बाट बाह्रै महिना जीविकोपार्जनगर्न सक्ने वा आंशीक रूपमा मात्र सक्नेको प्रतिशत निम्नानुसार छः

| **उत्पादनले पुग्ने अवधि** | **बाह्रै महिना सम्म** | **३ महिना सम्म** | **४-६ महिना सम्म** | **७-११ महिना सम्म** |
|---|---|---|---|---|
| **घरधुरी प्रतिशत** | ११.२% | ३१.६% | २४.४% | १३.७% |

रोजगारीमा लागेकाहरू प्राय शिक्षक, कर्मचारी, प्रहरी, आर्मी, पत्रकार, कानुनव्यवसायी, आदिमा संलग्न छन। यी मध्य केही बझाङमै कार्यरत छन भने केही बाहिरका जिल्लाहरूमा समेत कार्यरत छन। वैदेशिक रोजगारीका लागि मुख्यगरी भारतका विभिन्न ठाउँहरूमा जाने गर्दछन। कतिपय युवाहरू त टाढाका मुलुकहरू जस्तै जापान, दक्षिण कोरिया, अष्ट्रेलिया, आदिमा गएर रोजगारी तथा उच्च अध्ययनमा समेत संलग्न छन।

यहाँ साना र मझौला खालका उद्योग तथा कलकारखानाहरू जस्तै फर्निचर उद्योग, ग्रिल उद्योग, स्टिल उद्योग, कुटानिपिसानि मिल, कपास उद्योग, बेकरी, डेरी, मसला उद्योग आदिसञ्चालनमा छन। यिनीहरूको सञ्चालन मुख्यगरी चैनपुर, सिम्खेत, भोपुर, आदि जस्ता ब्यस्त ठाउँहरूमा गरीएका छन। यति मात्र हैन, यहाँ सानाठूला व्यबसायीक पसलहरू, होटेल\रेष्टुरेन्टहरू, स्टेश्नरीहरू, हार्डवयर, भाँडाकुँडा पसल, आदि पनि सञ्चालनमा छन। यी विविध खालका व्यवसायहरूमा यहाँकै स्थानीय तथा जिल्लाभित्र र बाहिरका व्यबसायीहरू संलग्न छन। प्रतिस्पर्धी बजार भएका कारण यहाँका स्थानीयहरूले आफूलाई आवश्यक पर्ने सरसामान केही सस्तो र शुलभ मूल्यमा प्राप्त गर्ने गर्दछन।

### शैक्षिक अवस्था

शिक्षा हरेक व्यक्तिको मर्यादित एवम् परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार हो । नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । आधारभूत शिक्षामा पहुँच,

आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी दिएकोछ। नगरवासीलाई उत्पादनशील जीवन बिताउन आवश्यक पर्ने जीवनोपयोगी सिपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउनु पर्दछ । यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्त्वपूर्ण माध्यम बन्ने अपेक्षा गरिएको छ ।

शिक्षाको तहगत अवस्था हेर्दा बालविकास/पूर्वप्राथमिक अध्ययन गरीरहेका बच्चाहरू १.१ प्रतिशत, प्राथमिक तह अध्ययन गर्ने ३५.४ प्रतिशत, माध्यमिक तहमा ८.२ प्रतिशत, उच्च माध्यमिक तह अध्ययन गर्ने १२.१ प्रतिशत रहेको छ भने स्नातक तह अध्ययनरत ४ प्रतिशत, स्नातकोत्तर वा सोभन्दा बढी अध्ययन गर्ने १.४ प्रतिशत रहेका छन् । करिब १५.५ प्रतिशतको हाराहारीको जनसङ्ख्या निरक्षर रहेको देखिन्छ ।जयपृथ्वी नगरपालिकाभित्र हाल ६ओटा निजी विद्यालय, ४६ ओटा सरकारी विद्यालय तथा १ क्याम्पस संचालित छन् ।

सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसारका शिक्षक पदपूर्ति हुन सकेको छैन । राहत कोटाबाट अध्यापन कार्य अगाडि बढेको देखिन्छ । नगरपालिकाले शिक्षा नगर अनुकूल शिक्षा नीति लागु गरी आवश्यक विद्यायलहरू मर्जगरी शिक्षक दरबन्दी मिलान गर्न सकिने देखिन्छ । गत शैक्षिक शत्रमा यहाँका १४९ जना शिक्षक शिक्षिकाले विभिन्न तालिमहरूका सहभागीता जनाएका थिए जसमध्ये ९० जना स्थायी शिक्षिक शिक्षिकाहरू थिए ।

सामुदायिक विद्यालयहरूमध्ये केवल ७७ प्रतिशतविद्यालयहरूको मात्रै विद्यालय कम्पाउण्ड रहेका र करिब ६ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधा रहेका छन् । नगरपालिकाका विद्यालयहरूमा शैक्षिक सत्र २०७७/२०७८ मा अध्ययनरत विद्यार्थीहरू ७५४५ जना थिए जसमा छात्रा सङख्या५०.८ प्रतिशत तथा छात्रहरू४९.२ प्रतिशत रहेका थिए । जसमध्ये ३८ जना विशेष क्षमता वा अपांगता भएका विद्यार्थीहरू अध्ययनरत थिए ।

नेपालमा शिक्षालाई मुख्य गरी दुई तहमा बर्गीकरण गरीएको छः विद्यालय शिक्षा र उच्च शिक्षा विद्यालय शिक्षालाई पुनः दुइ तहमा विभाजन गरिन्छः आधारभूत तह (कक्षा १ देखि ८ सम्म) र माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म)। त्यसैगरी उच्च शिक्षालाई अन्डर ग्राजुयट (स्नातक तह), ग्राजुयट (स्नातकोत्तर तह) र पोष्ट ग्राजुयट (अनुसन्धान तह) गरी तीन तहमा विभाजन गरिएको छ। विद्यालय तथा उच्च शिक्षालाई आम रूपमा सञ्चालन, नियमन तथा व्यवस्थापन गर्ने सबैभन्दा माथिल्लो निकाय नै शिक्षा मन्त्रालय हो। विद्यालय शिक्षालाई प्रत्यक्ष रूपमा नियमन गर्ने काम शिक्षा विभागले गर्दछ भने उच्च शिक्षालाई विश्वविद्यालय अनुदान आयोगले गर्दछ। संविधानतहः आधारभूत तहको शिक्षालाई अनिवार्य र निशुःल्क तथा माध्यमिक तहको शिक्षालाई निःशुल्क रूपमा प्रदान गर्ने कुरा मौलिक हक अन्तर्गत उल्लेख गरेको छ।

नेपाल सरकारले विद्यालय तहको शिक्षालाई व्यवस्थापन गर्ने जिम्मा सम्बन्धीत स्थानीय तहलाई दिइएको छ। स्थानीय तहले नै विद्यालयहरूको अनुगमन तथा मूल्याङकन, परीक्षा सञ्चालनमा सहजीकरण, शिक्षक-कर्मचारीहरूको तलब व्यवस्थापन, आदि गर्दछ। जयपृथ्वी नगरपालिकाभित्र हाल ४६ ओटा सामुदायिक, १ ओटा बिशुद्ध बहुप्राबिधिक तथा ८ ओटा निजीविद्यालयहरूसञ्चालनमा छन। सामुदायिक विद्यालयहरूमा ८ओटा मा.वि. तथा ३९ ओटा आधारभूत तहका विद्यालयहरूछन भने निजि क्षेत्र बाट संचालित सबै विद्यालयहरू आधारभूत तह सम्मका मात्र छन। यस स्थानीय तहका माध्यमिक विद्यालयहरू मध्य सत्यवादी मा. वि., जालपा मा. वि. र सुनिपिपलचौर मा. वि. ले साधारण तथा प्राविधिक दुवै धारको शिक्षा प्रदान गर्ने गरेको थियो भने अहिले सत्यवादी मावि र जालपा माध्यमिक विद्यालयले मात्र

प्राविधिक धारका कक्षाहरू सञ्चालन भइ रहेका छन।र अन्य मा. वि. हरूले साधारणतर्फको मात्र शिक्षा प्रदान गर्दै आएका छन। तथ्याङ्क अनुसार, यहाँका झण्डै ७७% विद्यालयहरूसँग मात्र कम्पाउन्ड तथा ६% विद्यालयहरूमा इन्टरनेटको सुबिधा रहेको छ। त्यसैगरी, शैक्षिक सत्र २०७९/०८० मा यहाँका विद्यालयहरूमा ९३७१ विद्यार्थीहरू भर्ना भएको विवरण छ; जसमध्ये ५०.८% छात्रा छन भने ४९.२% छात्र रहेका छन।

यस पालिकामा शिक्षक दरबन्दीसङख्या आवश्यकता भन्दा कम छ। कुनै विद्यालयमा विद्यार्थीको चाप बढी छ तर त्यस अनुसार शिक्षक दरबन्दी प्रयाप्त छैन भने कुनैमा विद्यार्थीको सङख्या कम तर शिक्षक सङख्याबढी छ। तत्कालिन आवश्यकतालाई परिपूर्ति गर्न नगरपालिकाले रकम विनियोजन गरी निजी क्षेत्रबाट शिक्षक नियुक्ति गर्ने व्यवस्था गर्दै आएको छ। यसबाट पनि परिपूर्ति हुन नसकेका ठाउँमा विद्यालयहरू स्वयमले आवश्यकता अनुसार निजि शिक्षकहरू नियुक्त गर्दै आएका छन। यस समस्याको दिर्घकालीन समाधानका लागि नगरपालिकाले विद्यालय मर्ज तथा दरबन्दी मिलान सम्बन्धी नीति निर्माण गरी यथासिघ्र अगाडि बढ्ने कुरा बताइएको छ।

विद्यालय तहको शैक्षिक गुणस्तर विकासका लागि नगरपालिकाले विभिन्न तालिम, गोष्ठी, कार्यशाला, अतिरिक्त क्रियाकलाप, नियमित अनुगमन तथा मूल्यांकन गर्दै आएको छ। समाजमा अंग्रेजी भाषा प्रतिको बढ्दो आकर्षण तथा राष्ट्रिय र अन्तर्राष्ट्रियआवश्यकतालाई मध्यनजर गरी नगरपालिकाले सरकारी विद्यालयहरूलाई क्रमशः अंग्रेजी माध्यमबाट अध्ययन\अध्यापन गराउने नीति लिइएको छ। सोहि बमोजिम यहाँका कतिपय विद्यालयहरूमा हाल अंग्रेजी माध्यममा पढाइ हुदै आएको छ। परिणाम स्वरूप केही रूपमा भए पनि यहाँका अभिभावक तथा सरोकारवालाहरू शैक्षिक गुणस्तर कायम हुने कुरामा निश्चिन्त भएका छन। तर, अङग्रेजी माध्यमबाट पढाइ सुरू गर्नुपूर्व त्यसका लागि आवश्यक पर्ने पूर्व तयारी जस्तै तालिम प्राप्त शिक्षक, शैक्षिक सामाग्री, भौतिक पूर्वाधार, आदिको उचित व्यवस्थापन हुन नसक्दा यस अभियानमा केही असहजता आउन सक्ने कुरामा चाँसो र चिन्तासहितको बहस बढ्न थालेको छ। यसका लागि सरोकारवाला निकायहरूले यथोचित ध्यान दिइ आवश्यक कार्यान्वयनका साथ अगाडि बढ्नुपर्ने देखिन्छ।

जनगणना, २०६८ अनुसार नेपालको साक्षरता दर ६५.९%रहेको थियो। जयपृथ्वी नगरपालिकाको साक्षरता नेपालको जनगणना २०७८अनुसार ७५.८५% रहेको छ।राष्ट्रिय विभूति मानवतावादी राजा जयपृथ्वी बहादुर सिंहको जन्मथलो समेत भएकाले यहाँका मानिसहरूमा उहाँको प्रभाव परेको देखिन्छ। निरंकुश जहाँनिया राणा शासनकालमा समेत जयपृथ्वीकै कारण सत्यवादी पाठशाला जस्तो एतिहाँसिक संस्था यहि नगरपालिकाको भोपुरमा सञ्चालन गरी यहाँका स्थानीयहरूले शिक्षा हाँसिल गर्ने अवसर प्राप्त गरेका थिए। परिणामस्वरूप आजका दिनसम्म यस जिल्लाका अन्य स्थानीयतहहरू भन्दा जयपृथ्वी नगरपालिकाको शैक्षिक स्तर निकै माथि रहेको मानिन्छ। त्यसैले जिल्लाका अरू स्थानीय तहबाट समेत विद्यार्थीहरू सदरमुकाम चैनपुरमा आइ यहाँका निजि तथा सरकारी विद्यालयहरूमा अध्ययन गर्ने गर्दछन। गाउँगाउँ बाट आएका कतिपय अभिभावकहरूले नदी तथा खोला किनारमा गिट्टी कुट्दै ज्यालादारीका काम गरी आर्थिक जोहो गर्दै आफ्ना बाबुनानीहरूलाई यहीका शिक्षालयहरूमा पढाउदै गरेका दृश्यहरू पनि प्रयाप्त देख्न सकिन्छ।

राज्यले प्राविधिक धारको शिक्षालाई प्राथमिकता दिएसंगै यहाँका विद्यालयमा साधारणका साथै प्राविधिक धारको शिक्षा पनि दिन थालिएको छ। मुख्यगरी सत्यवादी, जालपा तथा सुनिपिपलचौर मा. वि. हरूले प्राविधिक धारको नेतृत्व गर्दै आएका छन। हाल सत्यवादी मा. वि.ले कक्षा ९ देखि १२ सम्म पढाइ हुने कृषि प्राविधिक धार, आइ. एस्सि. एजी. (ISc Ag.), जालपा मा. वि.ले प्राविधिक धारका कक्षाहरूसञ्चालन गरेर सयौं विद्यार्थीहरूलाई उच्चशिक्षाको ढोकासम्म पुऱ्याइसकेका छन। यसैगरी जिल्लाकै गौरवको रूपमा यहि नगरपालिकाको वडा न. ६ स्थित अठाला भन्ने ठाउँमा सहिद बृषबहादुर सिंह बहुप्राविधिक शिक्षालय केही बर्ष अगाडि देखि सञ्चालनमा छ। यसमा हाल ISc.Ag र Overseer तहको पढाइ हुदै आएको छ। पूर्ण रूपमा सरकारी अनुदानबाट सञ्चालन हुने भएकाले यहाँ जिल्लाभित्र तथा

बाहिरबाटका विद्यार्थीहरू अध्ययन गर्ने गर्दछन। अव निकट भविश्यमै यो शिक्षालय पूर्ण आवासीय हुने हुदा यसबाट यहाँका स्थानीयहरू बढी लाभान्वित हुने छन।

## यस स्थानीय तह अन्तर्गत सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूको विवरण यस प्रकार रहेको छः

| क्र.सं. | तह | सामुदायीक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १. | आधारभूत तह (१ — ३) | ६ | | |
| २. | आधारभूत तह (१ — ५) | २४ | ४ | |
| ३. | आधारभूत तह (१ — ८) | ८ | २ | |
| ४. | माध्यमिक तह (१ — १०) | २ | ० | |
| ५. | माध्यमिक तह (१ — १२) | ४ | ० | |
| ६. | बालविकास केन्द्र | ४४ | ० | |
| ७. | सामुदायीक सिकाइ केन्द्र | ५ | ० | |
| ८. | क्याम्पस | १ | | |

वडागत शैक्षिक संस्थाहरूको विवरण

| वडाहरू | सामुदायिक सिकाइ केन्द्र | बालविकास केन्द्र | आधारभूत तह | | माध्यमिक तह | | उच्च तह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | | |
| १ | १ | ४ | ५ | १ | १ | | | |
| २ | १ | १ | १ | ० | ० | | | |
| ३ | | ४ | ४ | ० | १ | | | |
| ४ | | ३ | ३ | ० | १ | | | |
| ५ | १ | ६ | ६ | ० | ० | | | |
| ६ | | ५ | ५ | ० | १ | | | |
| ७ | १ | ४ | ४ | ० | १ | | | |
| ८ | | ४ | ५ | ० | ० | | | |
| ९ | १ | १ | ० | ० | १ | | | |
| १० | १ | ६ | ५ | ५ | ० | | | |
| ११ | ० | ६ | ८ | ० | २ | | १ | |
| जम्मा | ६ | ४४ | ४६ | ६ | ८ | | १ | |

## शैक्षिक तहगत शिक्षक दरबन्दी विवरण

| क्र.सं. | तह | दरबन्दी | राहत | अनुदान | नगरपालिकाकरार | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | प्राथमिक | १०१ | ६१ | ० | ० | १६२ |
| २. | निम्नमाध्यमिक | २४ | १८ | ३ | ० | ४५ |
| ३. | माध्यमिक | १५ | १८ | ४ | | ३७ |
| ४. | उच्च माध्यमिक | २ | ० | १८ | | २० |
| | जम्मा | १४२ | ९७ | २५ | | |
| ५. | बालविकास केन्द्र | ४४ | | | | ४४ |
| ६. | सामुदायिक सिकाइ केन्द्र | ६ | | | | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | लेखा सहायक | ८ | | | | ८ |
| ८ | वालसहजकर्ता | ४४ | | | | ४४ |
| ९ | कार्यालय सहयोगी | ५६ | | | | ५६ |

जयपृथ्वी नगरपालिका अन्तर्गत २०७९ सालमा विद्यालय भर्ना भएका कक्षागत विद्यार्थी विवरण

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| बालकक्षा | ४०० | ४६९ | ८६९ |
| १ | ५७२ | ५५६ | ११२८ |
| २ | ३६३ | ३५७ | ७२० |
| ३ | ३९१ | ३६१ | ७५२ |
| ४ | ३७९ | ३२९ | ७०८ |
| ५ | ३३६ | ३४४ | ६८० |
| ६ | २७९ | ३६६ | ६४५ |
| ७ | २९३ | ३१२ | ६०५ |
| ८ | ३४८ | ३६२ | ७१० |
| ९ | ३११ | ३७१ | ६८२ |
| १० | ३६५ | ३७६ | ७४१ |
| ११ | ३४१ | २६९ | ६१० |
| १२ | २६९ | २५२ | ५२१ |
| जम्मा | ४६४७ | ४७२४ | ९३७१ |

| G1-5 | | |
|---|---|---|
| Girls | Boys | Total |
| 2041 | 1947 | 3988 |
| G6-8 | | |
| Girls | Boys | Total |
| 920 | 1040 | 1960 |
| G9-10 | | |
| Girls | Boys | Total |
| 676 | 747 | 1423 |
| G11-12 | | |
| Girls | Boys | Total |
| 610 | 521 | 1131 |
| Total | | |
| Girls | Boys | Total |
| 4647 | 4724 | 9371 |

## १.२ मुख्य समस्याहरू

क. सबल पक्षहरू

- हरेक गाउँबस्तीहरूमा विद्यालयहरूसञ्चालनमा आएका छन; फलस्वरूप स्थानीयहरू सबैले विद्यालयसम्मको पहुँच सहजै पाएका छन,
- स्थानीयहरूले स्थानीय तहभित्रै आधारभूतदेखि उच्च तहसम्मको शिक्षा हाँसिल गर्न सक्ने अवसर पाएका छन,
- नगरपालिकाभित्र सञ्चालनमा आएका केही शिक्षालयहरूको ऐतिहाँसिक पृष्ठभूमि, शैक्षिक गुणस्तरको अवस्था तथा जनविश्वासका कारण यस स्थानीय तहलाई जिल्लाकै शैक्षिक केन्द्रका रूपमा चिनिन्छ,
- जिल्लाभित्र नेपाल सरकारको पूर्ण लगानीमा संचालित एक मात्र क्याम्पस यसै स्थानीय तहमा पर्ने भएकाले यस स्थानीय तहलाई उच्च शिक्षा अध्ययनको समेत केन्द्र मानिन्छ,
- नेपाल सरकारको पूर्ण लगानीमा प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरू यहाँ सञ्चालनमा रहेका कारण यस स्थानीय तहलाई जिल्लाकै प्राविधिक शिक्षाको केन्द्र समेत मान्न सकिन्छ,
- यस स्थानीय तहको साक्षरता दर निरन्तर बढ्दो गतिमा छ; यसले सङख्यात्मक रूपमा स्थानीयहरूको शैक्षिक स्तर बढेको देखाउँछ,

- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकतालाई मध्य नजर गरी सरकारी विद्यालयहरूमा समेत नेपाली र अंग्रेजी दुबै माध्यममा क्रमशः अध्ययन/अध्यापन गराउँने व्यवस्थागरीएको छ,
- आफ्ना वालबालिकाहरूलाई पूर्णतयाः अंग्रेजी माध्यम बाट पढाइ हुने विद्यालयहरूमा भर्ना गर्न इच्छुक अभिभावकहरूका लागि यहि स्थानीय तहमा अवस्थित जिल्ला सदरमुकाममा सञ्चालित निजी तथा आवासीय विद्यालयहरू (बोर्डिङ स्कूल) रहेको अवस्था छ।
- यही स्थानीय तहभित्रका विद्यालय तथा क्याम्पसहरूमा अध्ययन गरेका विद्यार्थीहरू जिल्लाभित्र तथा बाहिरका विविध ठाउँहरूमा पेसारत रहेको अवस्था छ।

ख. मुख्य समस्याहरू

यस जयपृथ्वी नगरपालिकाभित्र शिक्षाको विकाससँग सम्बन्धीत मुख्य-मुख्य समस्याहरू यस प्रकार रहेका छनः

- विद्यालयहरूमा आवश्यकताअनुसार भवनहरू, शौचालय, खानेपानी, फर्निचर, खेलमैदान, आदि नहुनु र भएकाहरु जीर्ण हुनु।
- विद्यालयहरूमा भएकापूराना भवनहरू भूकम्प प्रतिरोधी नहुनु र जीर्ण हुनु।
- विद्यार्थी सङख्या बढी भएको विद्यालयमा कक्षाकोठा साना हुनु।
- विद्यार्थीहरूको अनुपातका आधारमा शिक्षकहरूको व्यवस्थापन हुन नसक्दा कुनै विद्यालयमा विद्यार्थीको सङख्याबढी र शिक्षकको सङख्या कम तथा कुनैमा शिक्षकको सङख्याबढी र विद्यार्थीको सङख्या कम रहेको अवस्था छ।
- स्थानीय तह भरि एउटा पनि अपाङ्गमैत्री विद्यालय सञ्चालनमा आएको छैन।
- यस स्थानीय तहको बढ्दो साक्षरता दर संगै शैक्षिक गुणस्तर  एवम् सिकाइ उपलब्धि कमजोर हुनु।
- विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी पर्याप्त नहुनु।
- सामुदायिक विद्यालय शिक्षाप्रति अभिभावकको विश्वास नहुनु।
- विद्यालयमा स्वच्छ तथा प्रयाप्त खानेपानीको व्यवस्था नहुनु।
- प्रस्तावित आधारभूत,माध्यमिक विद्यालयहरू स्थापना हुनु जसले गर्दा शिक्षक दरबन्दी व्वस्थापन गर्न कठिन।
- सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको सेवा सुबिधा न्यून हुनु।
- विद्यालय कर्मचारी र निजिस्रोतबाट राखिएका शिक्षकको तलब न्यून हुनु।
- भौगोलिक रूपमा विकट तथा घरहरू छरिएर  रहेकाले विद्यालय स्थापना गरी सबै बालबालिकाहरूलाई शिक्षाको पहुँच सुनिश्चित गर्नु।
- साविक उच्च माध्यमिक विद्यालयमा शिक्षक दरबन्दी अभाव हुनु।
- परिवर्तित पाठ्यक्रमको समयमै प्रवोधिकरण नुहुनु।

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत भौतिक सुधारको लागि सधैं एउटै विद्यालय छनौट हुनु।
- विद्यालयमा पुस्तकालय, बिज्ञान प्रयोगशाला तथा ICT Lab को संरक्षण तथा व्यवस्थापन नहुनु।
- विद्यालयप्रति अभिभावक तथा विद्यालय व्यवस्थापन समिति उदासिन रहनु।
- विद्यालय व्यवस्थापन समिति छनौट तथा गठन प्रक्रियामा राजनीतिकरण हुनु।
- शिक्षकहरूले विद्यालयमा प्रयाप्त समय उपलब्ध नगराउनु।
- शैक्षिक योजना निर्माण भइ शिक्षक सिकाइ क्रियाकलाप सञ्चालन नहुनु।
- शिक्षक विभिन्न राजनीतिक दलका भातृ संगठनमा व्यस्त रहनु।
- पाठ्यक्रमले तोकिएका कार्यघण्टाको अनुसरण गरी शिक्षण नहुनु।
- शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोगनहुनु
- शैक्षिक सामग्रीको रूपमा निर्माण गरीएका शिक्षक निर्देशिका तथा अन्य सामग्रीको उयलब्धता नहुनु र भए पनि प्रयोगमा नआउनु
- विद्यालयमा अनावश्यक राजनीतिकरण हुनु
- विद्यार्थीहरूलाई प्रयाप्त खेलमैदान तथा विद्यालय घेरवारको अभाव हुनु
- विद्यालयमा छात्र/छात्रा शौचालयको अभाव हुनु
- नेपाल सरकारबाट निःशुल्क सेनिटरि प्याड वितरण भए पनि प्रयोग गरिएका सेनिटरी प्याडको उचित व्यवस्थापन गर्न समस्या हुनु
- दिवा खाजा व्यवस्थापनको लागि भान्साकोठा तथा खानेपानीको अभाव हुनु
- दिवा खाजाको लागि प्रयाप्त सामग्री तथा भाडाकुडाको व्यवस्थापन नहुनु
- विद्यालयहरूको  गतिविधिको समय समयमा नियमित अनुगमन तथा निरीक्षण नहुनु
- पाठ्यक्रमले तोकिएको विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन नहुनु
- सङ्घीयताको कार्यान्वयन गर्न उपयुक्त नियम तथा कानुन निर्माण नहुनु

## १.३ शिक्षा क्षेत्रका चुनौतीहरू

उल्लिखित विश्लेषणका आधारमा जयपृथ्वी नगरपालिकाका शिक्षा क्षेत्रका चुनौतीहरू निम्न बमोजिम रहेका देखिन्छनः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास केन्द्र समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्न

२. प्रारम्भिक बालविकास शिक्षामा चारवर्ष उमेर समूहका बालबालिकाहरूलाई मात्र सहभागी गराउनु

३. नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा सबैको पहुँच र सहभागीता सुनिश्चित गर्नु
४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याइ विद्यालयलाई बालमैत्री बनाउनु
५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क गरीगुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्न
६. नगरपालिकाको जीवन र जगतलाई सम्मानपूर्वक समेट्दै सिकाइलाई दैनिक जीवनसँग आवद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी शिक्षाको प्रयोजन र सान्दर्भिकता बढाउनु
७. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यक्रम कार्यान्वयन गर्नु
८. आवश्यकताका आधारमा पर्याप्त सङख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्थापनगरी वालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु
९. सबै प्रकारका सिकारूहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनको लागि आवश्यक कानुन र सस्थागत संरचनाको स्थापना गर्नु।
१०. सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारी जन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु।
११. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच वढाई सिकाइमा प्रयोग गर्नु।
१२. बालबालिकाको स्वास्थ्य अवस्थाको हेरचाह गरी दिवा खाजा, पोषण तथा सरसफाइ लगायतको शिक्षा विद्यालय मार्फत दिनु।
१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरीब, सुविधाविहीन र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी सिकाइ निरन्तरता दिनु।
१४. नगरपालिकाभित्र साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरी वैकल्पिक शिक्षाको व्यवस्थापन गर्नु।
१५. विद्यालय शिक्षाको पहुँच,सहभागीता र सिकाइ सुधारको लागि शिक्षक अभिभावक लगायतका सरोकारवालाहरूको शिक्षामा सहभागीता अभिबृद्धि गर्नु।
१६. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु।
१७. विद्यार्थीहरूको टिकाउदर कायम गरी सिकाइ उपलब्धि वृद्धि गर्नु, कक्षा दोहोर्याउने र छाड्ने दर कम गर्नु।

१८. आधारभूत तहको पठन सिपको विकास गरी सिकाइ अभिबृद्धि गर्नु।
१९. कक्षाकोठा व्यवस्थापन, शिक्षक नियमितता र व्यवस्थापन समितिको संलग्नता अभिबृद्धि गर्नु।
२०. विषम परिस्थितिमा (बाढी,पहिरो, हावाहुरी, कोरोना, हिमपात) मा शैक्षिक क्रियाकलाप सञ्चालन गर्नु।
२१. विद्यार्थीहरूको मूल्याङ्कनको लागि अभिलेख कायम गरी माथिल्लो कक्षामा स्थानान्तरण गर्नु।
२२. सबै विद्यालयको भौतिक संरचना विकास र विस्तार गर्नु।

## १.४ अवसरहरुः

उल्लिखित चुनौतीहरू सामना गर्नका लागि जयपृथ्वी नगरपालिकालाई तपसिलका अवसरहरू उपलब्ध हुनेछनः

१. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक,कानुनी तथा नीतिगत आधार तयार भएको ।
२. दिगो विकासका लक्ष्य प्रासिका राष्ट्रिय एवम अन्तराष्ट्रिय परिवेशसँग सहकार्य तथा सहयोगको निम्ति प्रतिवद्ध भएको।
३. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको।
४. सङघीय सरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रवन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुनसक्ने व्यवस्था रहेको।
५. संविधानले स्थानीय सरकारलाई माध्यमिक तहसम्मको अधिकार प्रदान गरेको कारणले आफ्नो नगरपालिकाको आवश्यकता अनुकूलको माध्यमिक तहसम्मको शिक्षा सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकारलाई उपयुक्त अवसर प्राप्त भएको।
६. नगरपालिकाको प्राथमिकता शिक्षा क्षेत्र अग्रस्थानमा रहेको।
७. विद्यालय भर्नादर, साक्षरता, लैङ्गित समता सूचक शिक्षामा समावेशीकरण जस्ता पक्षहरूमा उत्साजनक सुधार हुनुको साथै सामुदायिक विद्यालय सुधारप्रतिको चासो र जनअपेक्षा बढ्दै गएको छ।
८. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट नगरपालिकामा सार्वजनिक शिक्षा प्रतिको विश्वास तथा सहयोग पुग्न सक्ने
९. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको र सोहीअनुसार नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको।
१०. तीनै तहको सरकारका शिक्षा सम्बन्धी संस्थागत संरचना कायम गरी विकास भएको।

योजना निर्माणका आधार

यस योजना निर्माणको तर्जुमा गर्दा देहायका दस्तावेजहरूलाई मुख्य आधार लिइएको छः

१. दिगो विकासको लक्ष्य नं.४
२. नेपालको संविधान २०७२
३. पन्ध्रौ योजना २०७६/०७७- २०८०/८१
४. विद्यालय क्षेत्र योजना
५. राष्ट्रिय शिक्षा नीति, २०७६
६. राष्ट्रिय पाठ्यक्रमको प्रारूप.२०७६
७. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६
८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य सङघीय कानुनहरू
९. आवधिक योजना जयपृथ्वी नगरपालिका
१०. नगर वस्तुस्थिति विवरण २०७७
११. शिक्षा ऐन २०२८ संसोधनसहित
१२. शिक्षा नियमावली २०५९ संसोधनसहित
१३. शिक्षाको सोचपत्र २०७८
१४. स्थानीय तह शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९

**योजना निर्माण प्रक्रिया**

विद्यालय शिक्षा क्षेत्रका विभिन्न योजना निर्माण गरी कार्यान्वयन निर्माण भई शिक्षा व्यवस्थित गर्ने काम हुदै आएका छन। विद्यालय शिक्षा क्षेत्रमा २०६५ सालबाट शिक्षा क्षेत्रमा विद्यालय सुधार कार्यक्रम र हालको विद्यालय क्षेत्र विकास योजनाको समावधि सम्पन्न हुन लागेको अवस्था छ। सङघीयता र शिक्षा क्षेत्रको पुनसंरचनासँगै तीनओटा तहहरूमा एउटै ढाँचा र एकै साथ नयाँ शिक्षा क्षेत्र योजना निर्माण गर्ने नेपाल सरकारको निर्णयानुसार योजना निर्माणको कार्य अगाडि बढेको छ।

जयपृथ्वी नगरपालिकाको १० वर्षे शिक्षा योजना निर्माण गर्नको यस पालिकाको नीति अनुरूप प्रगतिशील युवा समाज संस्था र विश्व शिक्षासंस्था मार्फत प्राविधिक एवम आर्थिक सहयोगबाट यो योजना निर्माण गरिएको हो। आर्थिक वर्ष २०७९/०८० मा नगरपालिकाले समग्र शिक्षा क्षेत्रको अवस्था विश्लेषण गरीनगरस्तरीय कार्यशालाको आयोजना गरी विद्यालयका प्रधानाध्यापक, क्याम्पसका प्रध्यापक, गैरसरकारी क्षेत्रका व्यक्तित्वको संलग्नतामा योजना निर्माण गरिएको हो। योजना निर्माणको लागि शिक्षा शाखा प्रमुखको संयोजकत्वमा प्राविधिक समिति गठन गरीविभिन्न वडाबाट शिक्षा सम्बन्धी समस्या तथा सुझाव संकलन गरियो। जयपृथ्वी नगरपालिकाको समग्र शिक्षाको वर्तमान अवस्थाको विश्लेषण यी समस्या समाधानका लागि रणनीतिकरूपमा क्रियाकलाप तय गरी लागत अनुमान सहित व्यवस्था गरिएको छ। शिक्षा विकासको लागि नगरपालिकाले मात्र लागेर सोचेर मात्र पूरा नहुने भएको संविधानले व्यवस्था

गरीएको सहअस्तित्वको सिद्धान्त अनुसार भौगोलिक रूपमा विकट समुदायहरूमा पनि गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्धेश्यका साथ योजना निर्माण गरिएको छ।यो योजना तयारीका क्रममा समितिले निर्माण गरेको विषयवस्तुको आधारमा सम्बन्धीत विषयवस्तुको ज्ञान तथा रूचि भएका जयपृथ्वी नगरपालिकामा उपलब्ध जनशक्तिको प्रयोग गरी देहायका व्यक्तिहरूलाईदेहायको परिच्छेद तथा विषयवस्तुसँग ज्ञान भएका व्यक्ति तथा स्थानको जानकारी समेट्ने जिम्मा सहित वितरण गरी विभिन्न समयमा छलफल तथा अन्तर्क्रिया गरी पेश गरेको थियो।

| क्र.स. | नामथर | पद | कार्यालय | विषय/शीर्षक/ परिच्छेद |
|---|---|---|---|---|
| १ | लाल बहादुर बोहोरा | सहायक प्राध्यापक | जयपृथ्वी बहुमुखि क्याम्पस | परिच्छेद १ परिचय खण्ड |
| २ | बिष्णुभक्त जोशी | प्रधानाध्यापक | सुनिपिपलचौर मावि | परिच्छेद २ |
| ३ | रेखा जोशी | शिक्षक | सत्यवदी मावि | प्रारम्भिक शिक्षा र आधारभूत शिक्षा |
| ४ | राजेन्द्र बहादुर खाती | सहायक प्राध्यापक | जयपृथ्वी बहुमुखी क्याम्पस | माध्यमिक शिक्षा र पाठ्यक्रम तथा मूल्याङ्कन |
| ५ | उत्तम बहादुर मल्ल | प्रधानाध्यापक | जालपा मावि | शिक्षक व्यवस्थापन र विकास र अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ शिकाइ |
| ५ | बसन्त बहादुर सिंह | प्राविधिक सहायक | शिक्षा विकास तथा समन्वय इकाइ | प्राविधिक तथा व्यावसायिक शिक्षा |
| ६ | निरज प्रसाद रेग्मी | शिक्षा अधिकृत | जयपृथ्वी नगरपालिका | परिच्छेद ४ स्थानीय योजना कार्यान्वयनको प्रबन्ध, अनुगमन र मूल्याङ्कनर परिच्छेद ७ मुख्य उपलब्धि सूचकहरू |
| ७ | राजेन्द्र रसाइली | जिल्ला संयोजक | WFP | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम |
| ८ | सुरेश जाथ | जिल्ला संयोजक | रिड नेपाल | आपतकालीन तथा सङकटपूर्ण अवस्थामा शिक्षा |
| ९ | यज्ञराज जोशी | | | शैक्षिक समता र समावेशीकरण |
| १० | कृष्ण बहादुर रावल | शिक्षक | जालपा मावि | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि र विद्यालय भौतिक पूर्वाधार विकास |
| ११ | लक्ष्मण उपाध्याय | शिक्षक | सत्यवादी मावि | परिच्छेद ५ सुशासन तथा व्यवस्थापन संस्थगत क्षमता विकास |
| १२ | देबेन्द्र प्रसाद जोशी | प्राविधिक सहायक | जयपृवी नगरपालिका | परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन |

# परिच्छेदः२

## परिचय (Introduction)

योजना भन्नाले वर्तमानमा भविष्यका लागि अपेक्षित उपलब्धि हासिल गर्नको लागि तयार गरिने खाका हो। योजनाले भविष्यमा जयपृथ्वी नगरपालिकालाई कहाँ र कुन अवस्थामा पुर्याउने भन्ने कुराको निक्यौंल गर्ने भएकाले परिच्छेद १ मा उल्लेख गरिएको जयपृथ्वी नगरपालिकाको साङ्गोपाँगो परिवेशको समीक्षा सहित उठान गरिएका अवसर र सम्भावनाहरूले नगरपालिकाको शिक्षाको आगामि १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका हुन् । यहि सन्दर्भलाई  दृष्टिगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट यस नगरपालिकाले वि.स. २०८९ सालसम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दुरदृष्टी, लक्ष्य, उद्देश्यहरू रणनीतिहरू, कार्यनीतिहरु तथा प्रमुख उपलब्धि सूचकहरू प्रस्तुत गरिएको छ। यस परिच्छेदमा अबको ५ वर्षपछि  पुग्न सकिने जयपृथ्वी नगरपालिकाको शिक्षाको गन्तव्यलाई अनुमान गर्ने प्रयत्नगरिएको छ ।

## २.१ दुरदृष्टिः

सामाजिक परिवर्तनका लागि शैक्षिक उन्नयन;गुणस्तरीय शिक्षाका लागि जयपृथ्वी नगरपालिकाको देन ।

## २.३ लक्ष्यः

विद्यालय शिक्षालाई प्रतिस्पर्धि र गुणस्तरीय बनाइ व्यक्ति, समाज र राष्ट्रप्रति सकारात्मक  एवम मानव मूल्यमा आधारित उन्नत सोच भएको तथा आफू जयपृथ्वी नगरवासी भएकोमा गर्व गर्ने जनशक्तिको उत्पादन गर्ने ।

## २.४ लक्ष्य तथा उद्देश्यः

यस योजनाको लक्ष्य शिक्षालाई अधिकारका रूपमा स्थापित गरी मानव मूल्यमा आधारित गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुच,सहभागीता, सामाजिक न्याय र निरन्तरताको सुनिश्चितता सहित समता र समावेशीकताको प्रवर्दन गर्नुका साथै उच्च तथा प्राविधिक शिक्षालाई नगरको समुन्नतिका लागि आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्ने गरी निर्धारण गरिएको छ । उक्त लक्ष्य पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छ :

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बाल विकास शिक्षाको पहुँच सुनिश्चित गर्नु ।
२. विद्यालय उमेर समूहका सबै बालबालिकाहरूका लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी गुणस्तरअभिवृद्धि गर्नु ।

३. सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक शिक्षाप्रति आकर्षण अभिवृद्धि गर्नु ।
४. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमका अवसरलाई विस्तार गरी सबै इच्छुक बालबालिकाहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै नगरपालिकाको विकासका लागि सक्षम र उद्यमशिल जनशक्ति तयार गर्नु ।
५. शैक्षिक सुशासन प्रवर्धन गरी विद्यार्थीहरूको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास गर्नु।
६. शैक्षिक क्षेत्रमा बालमैत्री र प्रविधिमैत्री वातावरण सिर्जना गरी वृहत विद्यालय सुरक्षाको अवधारणा अनुरुप बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु ।
७. शिक्षा प्राप्तिको संबैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताको आधारमा प्रयाप्तता, सामान्यिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु।

## २.५ रणनीतिहरूः

उल्लिखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरू रहेका छन्। ती रणनीतिक प्राथमिकताहरूअन्तर्गत विद्यालय शिक्षामा सबैका बालबालिकाको सहज पहुँच र सहभागीता सुनिश्चित गर्ने विद्यालय शिक्षाको गुणस्तर सुधार तथा सान्दर्भिकता वृद्धि गर्ने, विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउने,नगरपालिकाको समुन्नतिसँग प्रत्यक्ष जोड्दै शिक्षामा सुशासन तथा उत्तरदायित्त्व अभिवृद्धि गर्ने रहेका छन् । यी रणनितिक प्राथमिकताहरूमा आधारित भई यस योजनाको कार्यान्वयनका लागि निम्नरणनीतिहरू तय गरिएको छ :

१. प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका निम्ति अनिवार्य गर्ने ।
२. प्रारम्भिक कक्षाहरूमा पठन सिपको विकास गर्न मातृभाषामा सिकाइलगायतका क्रियाकलाप सञ्चालन गर्न विद्यालयहरूलाई अभिप्रेरित गर्ने।
३. आधारभूत तहका बालबालिकाको पठन सिपको विकास गर्न पढाइ सिभिरहरु सञ्चालन गर्ने।
४. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गराई तथा भर्ना भएका सबै बालबालिकालाई सिकाइ निरन्तरता दिन र गुणस्तर अभिवृद्धि गर्नका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गर्ने।
५. नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागीताको सुनिश्चितता गर्ने ।
६. सङ्घीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा नगरपालिकाको नेतृत्त्वमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको प्रबर्धन गर्ने ।
७. नि:शुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागीता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता अभिवृद्धि गर्ने।

८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा विपन्न एवम् पिछडिएका वर्ग,क्षेत्र र समुदायलाई समेटन विशेष सहुलिएता दिने नीति लिइने ।
९. अपाङ्गता भएका बालबालिकाको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गर्ने।
१०. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी स्थानीय दिवा खाजाको प्रबन्धका लागिसरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाई तथा स्वच्छता,आधारभूत स्वास्थ्य र पोषण सेवा तथा सुरक्षाको सुविधा विद्यालय मार्फत प्रदान गर्ने ।
११. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरीब,सुविधाविहीन,कठिन परिस्थितीमा रहेका र अपाङ्गता भएका बालबिलकाहरूलाई विद्यालयमा भर्ना हुन,निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग आवश्यक स्रोत व्यवस्थापन गर्ने।
१२. निजी लगानिका शिक्षण संस्थाहरूलाई नियमन र अनुगमन गरी सोही अनुसार स्तरीकरण गर्ने ।
१३. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङगको रूपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइने ।
१४. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको अनुगमन,निरिक्षण तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाइने।
१५. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत,प्रविधिगत एवम् मानवीय श्रोतको उचित किसिमबाट व्यवस्थापन गर्ने।
१६. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्रीको निर्माण तथा विकास गरी सोको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइने ।
१७. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा नगरपालिकाद्धारा श्रोत परिचालन तथा व्यवस्थापन गर्ने ।
१८. सङ्घ,प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचाका आधारमा निःशुल्क माध्यमिक शिक्षा (व्यावसयिक/प्राविधिक तथा साधारण) मा पहुँच र समावेशी सहभागीता सुनिश्चित गर्न माध्यमिक विद्यालयको क्षमता सुधारका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
१९. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा नगरपालिकाद्धारा आवश्यक सहयोग सहजीकरण गर्ने ।

२०. साक्षरता शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागीतासँग अवद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको कार्यक्षमतामा सबलीकरण गर्ने ।

२१. शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताका अधारमा प्रयाप्तता, समन्यायीकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्ने ।

२२. नगरपालिकाको शिक्षा हेर्ने निकाय र सम्पूर्ण प्रकारका शैक्षिक संस्थाहरूमा सुशासनप्रवर्द्धन गरी तिनको सुदृढीकरण र सबलीकरणका माध्यमबाट बालबालिकाको सिकाइप्रतिउत्तरदायी प्रणालीको विकास गर्ने।

२३. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयको नेतृत्त्व प्रणालीमा सुधार, सूचना प्रविधिमा अधारित व्यवस्थापन,कार्यसम्पादनमा आधारित प्रोत्साहन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने।

२४. सङ्घिय र प्रदेश कानुनसँग नबाझिने गरी शिक्षा सम्बन्धी आवश्यक पर्ने निति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

२.५ कार्यनीतिः

माथि उल्लिखित रणनीतिहरू कार्यान्वयन गर्न निम्नानुसारका कार्यनीतिहरूको अबलम्बन गरिने छ।

१. प्रत्येक विद्यालयमा १/१ बाल सहजकर्ताको अनिवार्य व्यवस्था गरिने छ।
२. सबै समुदायमा बालकक्षा स्थापनाको लागि आवश्यक पहल गरिने छ।
३. प्रारम्भिक तहको परिवर्तित पाठ्यक्रमको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।
४. विद्यालय भर्ना नभएका बालबालिकाहरूलाई विद्यालय भर्ना गर्न विद्यार्थी भर्ना कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिने छ।
५. आधारभूत तहमा पठन सिपको विकास गर्न मातृभाषामा सिकाइ लगायतका क्रियाकलाप सञ्चालन गर्न विद्यालयलाई अभिप्रेरित गरिने छ।
६. विद्यार्थीको सिकाइ अभिबृद्धि गर्न शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिने छ।
७. विद्यार्थीको सिकाइ सुधारको लागि शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम सञ्चालन गरिने छ।
८. आधारभूत तह तथा माध्यमिक तह परिवर्तित पाठ्यक्रम पूर्ण रूपमा कार्यान्वयन गर्न तालिम तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिने छ।
९. सबै विद्यालयमा अपाङ्गमैत्री भौतिक निर्माणको लागि आवश्यक पहल गरिने छ।
१०. नगरपालिका भित्रका सबै विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात मिलाउन निरन्तर दरबन्दी मिलान तथा विद्यालय समायोजन गरिने छ।
११. आधारभूत तहको सिकाइ अभिबृद्धि गर्न पठन सिप विकासका कार्यक्रम सञ्चालन गरिने छ।

१२. विद्यालयको भौतिक रूपले सम्पन्न गर्न सङ्घ, प्रदेश तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरिने छ।
१३. बालबालिकाको पोषण तथा स्वास्थ्य परीक्षण गर्न वार्षिक रूपमा स्वास्थ्य परीक्षणगरिने छ।
१४. बालबालिकाको सिकाइ वृद्धि गर्न अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिने छ।
१५. बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न तथा भोक मेटाउन गैरसरकारी संस्था मार्फत दिवा खाजा व्यवस्थापन गरिने छ।
१६. विद्याललयमा शिक्षक नियमित उपस्थित गराउन शिक्षक प्रोत्साहन तथा मूल्याङ्कन फारम विकास गरी रेकर्ड राखिनेछ।
१७. विद्यालयमा सुशासन कायम राख्न प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षकहरुलाई जवाफदेहि बनाइनेछ।
१८. साक्षरता शिक्षा नियमितरूतमा अध्यावधिक गर्न सामुदायिक अध्ययन केन्द्र परिचालान गरिने छ।
१९. शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षण संस्थाहरु नियमित अनुगमन, नियगमन तथा सुझावहरु आदान प्रदान गरिने छ।
२०. विद्यालयमा सुरक्षित खानेपानीको व्यवस्था गरिने छ।
२१. विद्यालय विद्यार्थी जीवनोपयोगि सिप विकासको लागि निरन्तर प्रयोगात्मक तथा परियोजनामा आधारित क्रियाकलाप सञ्चालन गरिने छ।
२२. विद्यालयको भौतिक वातावरण संरक्षण गर्न विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावकहरुलाई उत्तरदायी र जपाफदेहि बनाइनेछ।
२३. विद्यालयको शैक्षिक तथा भौतिक वातावरण सुधार गर्न विद्यार्थी तथा शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ।
२४. समावेशी शिक्षाको लागि विशेष विद्यालयहरुको स्थापनाको लागि विशेष पहल गरिने छ।
२५. प्राविधिक शिक्षालय मार्फत सिप विकासको लागि आवश्यक कार्य गरिने छ।
२६. प्राविधिक शिक्षालयहरूसँग समन्वय गरी व्यवस्थापन तथा प्रवाभकारी व्यवस्थापनको लागि आवश्यक पहल गरिने छ।
२७. सङघीय र प्रदेश कानुनसँग नबाझिने गरी शिक्षा सम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।
२८. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई सहज वातावरणमा प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग गरिने छ।
२९. विद्यालयहरुमा शैक्षिक वातावरण निर्माणमा कक्षाकोठा रंगोगन तथा छापामय कक्षाकोठा निर्माण गरिने छ।

३०. आधारभूत तहको पठन सिप विकासको लागि पढाइ मेला कार्यक्रम सञ्चालन गरिने छ।

२.६ अपेक्षित उपलब्धि

यस योजनाको अन्त्य सम्म निम्नानुसारको उपलब्धि प्राप्त हुने गरी अपेक्षा गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
२. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागीतामा सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।
४. नगरक्षेत्रमा बसेबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइकोअवसर प्राप्त हुनेछ ।
५. शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरूमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुनेछ ।
६. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनभएको हुनेछ ।
७. विद्यार्थीको समग्र समुन्नतिका लागि समर्पीत रिक्षकहरूबाट सरजीकरण क्रियाकलाप सञ्चालनगरी विद्यार्थीहरूको सिकाइउपलब्धिमा सुधार भएको हुनेछ ।
८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागीता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।
९. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुनेछ ।
१०. प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक नागिरकको सहजै पहुँच पुगेको हुनेछ ।
११. उच्च शिक्षा प्रदायक संस्थाहरूलाई संस्थाको सञ्चालन तथा व्यवस्थापनमा भरमग्दुर सहयोग र समन्वय प्राप्त भएको हुनेछ ।
१२. उच्च शिक्षाबाट स्थानीय तह एवम् समग्र मुलुकको समुन्नतिका लागि आवश्यक दक्ष,सक्षम र समर्पित जनशक्तिको उत्पादन भएको हुनेछ ।
१३. अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शिक्षक अवसरहरू प्राप्त भएको हुनेछ ।
१४. विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुनेछ।
१५. विद्यालयमा कार्यरत शिक्षकहरूलाई पेसागत विकास र सहयोग प्राप्त हुनेछ ।
१६. संस्थागत विद्यालयहरूको प्रभावकारी र न्यायसङ्गत ढङ्गले नियमन हुनेछ ।
१७. सम्पूर्ण तहमा आवश्यक पर्ने न्युनतम विषयगत शिक्षकको व्यवस्थापन हुनेछ ।
१८. नक्साङ्कनका आधारमा विद्यालयहरूको स्थापना, पुनर्वीतरण तथा समायोजन हुनेछन ।
१९. शिक्षाका सबै निकायहरूमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

२०. विद्यालय तह एवम् उच्च शिक्षाको पाठ्यक्रम सान्दर्भिक र जीवनोपयोगी तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भइ दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील,सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मूख नागिरक तयार हुनेछन ।

२१. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था एवम् मनोसामाजिक कुशलता ( well-being) मा सुधार र अभिवृद्धि कायम भएको हुनेछ ।

२२. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थिति विद्यार्थीको शिक्षा प्राप्त गर्ने सुनिश्चितता हुनेछ।

२३. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भैतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुनेछ ।

२४. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई असहज परिवेशमा समेत प्रभावकारी, गणस्तरिय तथा सान्दर्भिक बनाउन सहयोग हुनेछ ।

२५. शैक्षिक क्षेत्रलाई प्राथमिकताको क्षेत्रमा स्थापित गरी पालिका र समग्र मुलुकका अब्बल नागरिकहरू शैक्षिक क्षेत्रमा रोजगारीका लागि आकर्षक हुनेछन ।

२६. अभिभावक र शिक्षक बिचको निरन्तरको अन्तरक्रिया र सहकार्यको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

२७. प्रारम्भिक कक्षाहरूमा पढाइ सिप तथा सिकाइ उपब्धि विकास हुने वातावरण सिर्जना भएको हुनेछ।

२८. आधारभूत तहका विद्यार्थीहरूको पठन सिप संस्कृतिको विकास गरी पठन योग्य वातावरण कायम भएको हुनेछ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

| क्र.स. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७८ | २०८० | २०८२ | २०८४ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर % | स्थानीय | ११४.० | ११२ | १०८ | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | सङ्घीय | ८९.६ | | | | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षा अनुभव लिई कक्षा १ मा भएका बालबालिका% | स्थानीय | ६३.४ | ६६ | ७२ | ७५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७४.९ | | ८५.० | ९५.0 | | |
| २ | आधारभूत शिक्षा कक्षा १-८ | | | | | | | |
| २.१ | कक्षा १ मा भर्ना भएका बालबालिकाको खुद भर्ना दर | स्थानीय | ९९.३ | ९९.६ | ९९.९ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.३ | | | | | |
| २.२ | कक्षा १ मा भर्ना भएका बालबालिकाको कुल प्रवेश दर | स्थानीय | १५१.० | १४८ | १४२ | १३८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.३ | आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर | स्थानीय | ९७.० | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | | | | | |
| २.४ | आधारभूत तह कक्षा १-५ को कुल भर्ना दर | स्थानीय | १३३.८ | १२८ | १२४ | १२० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.५ | आधारभूत तह कक्षा ५ को खुद प्रवेश दर | स्थानीय | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.६ | आधारभूत तह कक्षा ५ को कुल प्रवेश दर | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.७ | आधारभूत तह कक्षा ५ को टिकाउ दर | स्थानीय | ९०.३ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.८ | आधारभूत तह कक्षा ५ को पूरा गर्ने दर | स्थानीय | ९०.३ | ९३ | ९६ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.९ | आधारभूत तह कक्षा १-५ मा भर्ना भएका ५-९ उमेर भन्दा माथिका बालबालिका | स्थानीय | ११.२ | ८ | ५ | ३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१० | कक्षा १-५ को लैङ्गिक समता सूचकाङ्क | स्थानीय | ०.९ | 0.९५ | १.० | १.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.११ | आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर | स्थानीय | ९७.० | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१२ | आधारभूत तह कक्षा कक्षा १-८ को कुल भर्नादर | स्थानीय | १२२.३ | ११९ | ११५ | ११० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर | स्थानीय | ९७.३ | ९७.६ | ९७.९ | ९८.५ | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | ८५.१ | | | | | |
| २.१४ | आधारभूत तह कक्षा १ मा भर्ना भइ कक्षा ८ पूरा गर्ने दर | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१५ | आधारभूत तह कक्षा १-८ कुल भर्नादरमा लैङ्गिक समता सूचक | | स्थानीय | १.११ | १.०८ | १.०३ | १.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा २ हासिल गरेका बालबालिका सङ्ख्या | नेपाली भाषा | स्थानीय | ६३ | ६६ | ६९ | ७२ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ५६ | ५९ | ६२ | ६५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिका सङ्ख्या | नेपाली | स्थानीय | ५३ | ५७ | ६० | ६५ | | |
| | | | प्रदेश | | | | | | |
| | | भाषा | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ४९ | ५३ | ५६ | ६० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अंग्रेजी | स्थानीय | ४४ | ४८ | ५२ | ६० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिका सङ्ख्या | नेपाली | स्थानीय | ४७ | ५० | ५३ | ५८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गणित | स्थानीय | ४३ | ४६ | ४९ | ५३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ४४ | ४७ | ५१ | ५४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका | कक्षा १-५ | स्थनीय | १.५ | १.३ | १.१ | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | कक्षा १-८ | स्थानीय | ४.६ | ३.५ | २ | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.२० | आधारभूत तह कक्षा १-८ अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङख्या | | स्थानीय | ४२% | ४५ | ४८ | ५० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ३ | माध्यमिक शिक्षा कक्षा ९-१२ | | | | | | | | |
| ३.१ | माध्यमिक तह कक्षा ९-१२ खुद भर्नादर | | स्थानीय | ६२.२ | ६५ | ७२ | ७८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ३.२ | माध्यमिक तह कक्षा ९-१२ कुल भर्नादर | | स्थानीय | १४८.४ | १४५ | १४३ | १४० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक ९-१० | | स्थानीय | १.१ | १.० | १.० | १.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.४ | आधारभूत तहमा माध्यमिक तहमा ट्रान्जिसन दर | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका कक्षा १२ मा पुग्ने दर | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ३.७ | माध्यमिक तहमा कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक सङ्ख्या | | स्थानीय | ११% | १५% | २०% | २५% | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह कक्षा ९-१२ मा अध्ययरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या | स्थानीय | विज्ञान | ३५ | | | | | |
| | | | प्रा.व्या | १४४ | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या | | | | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि | नेपाली | स्थानीय | ४८ | ५१ | ५५ | ५९ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ४५ | ५० | ५५ | ६० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अंग्रेजी | स्थानीय | ४२ | ४६ | ५० | ५५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४ | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर १५ वर्ष भन्दा माथी | | स्थानीय | ८५.५ | ८८ | ९१ | ९४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४.२ | साक्षरता दर ६ वर्ष भन्दा माथी | | स्थानीय | ७०.७ | ७५ | ८० | ८५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४.३ | साक्षरता दर १५-४५ उमेर समूह | | स्थानीय | ९५ | ९७ | ९८ | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता १५ वर्ष भन्दा माथि | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षा ९-१२ वा प्रिडिप्लोमा उतिर्ण जनशक्ति | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ६ | सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ६.१ | आधारभूत तह कक्षा १-५ सम्म विद्यार्थी-शिक्षक अनुपात सामुदायिक विद्यालय | | स्थानीय | १:२४ | १:२७ | १:३० | १:३५ | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | |
| ६.२ | आधारभूत तह कक्षा ६-८ मा विद्यार्थी शिक्षक अनुपात | स्थानीय | १:४४ | १:४२ | १:४० | १:४० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.३ | आधारभूत तह कक्षा १-८ मा विद्यार्थी शिक्षक अनुपात | स्थानीय | १:३५ | १:३८ | १:४० | १:४० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.४ | माध्यमिक तह कक्षा ९-१० विद्यार्थी शिक्षक अनुपात | स्थानीय | १:६२ | १:६० | १:५५ | १:५० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.५ | माध्यमिक तह ९-१२ विद्यार्थी शिक्षक अनुपात | स्थानीय | १:६५ | १:६० | १:५५ | १:५० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७ | उच्च शिक्षा | | | | | | | |
| ७.१ | उच्च शिक्षामा कुल भर्दर | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७.२ | उच्च शिक्षामा महिला सहभागीता अनुपात | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७.३ | प्राविधिक उच्च शिक्षामा विद्यार्थी भर्नादर | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ८ | शिक्षामा लगानी | | | | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट | स्थानीय | १३.३३ | १५ | १८ | २० | | बालकक्षा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | तलब/छात्रवृत्ति सहित |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ८.२ | आधारभूत तह कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ८.३ | माध्यमिक तह कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

# परिच्छेदः तीन

## विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

यो शैक्षिक योजनाको तेस्रो खण्डको रूपमा विद्यालयसँग सम्बन्धीत मुख्य मुख्य उपक्षेत्रहरू समावेश गरिएका छन। यस उपक्षेत्रमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा,माध्यमिक शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन, साक्षरता र जीवन पर्यन्त शिक्षा, शिक्षक व्यवस्थापन र विकास र प्राविधिक तथा व्यावसायिक शिक्षाको वर्तमान अवस्था समग्र समीक्षा गरीसम्बन्धीत अन्तर सम्बन्धीत उपक्षेत्रहरूका उद्धेश्य, रणनीति,उपलब्धिहरू, नतिजाहरू,मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण जस्ता ७ ओटा उपशीर्षकहरूमा विभाजन गरी देहाय बमोजिम विश्लेषण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षाः

### ३.१.१ परिचय

बालबालिकामा प्रारम्भिक बालविकास उमेरमा उपलब्ध सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा अभिवृद्धि गर्दछ । बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकारको सुनिश्चितताले उनीहरूको सर्वागीण विकासमा टेवा पुयाउँछ । सिकाइ मानव विकासको एउटा पक्ष हो। यो गर्भावस्थादेखि मृत्युपर्यन्त जारी रहन्छ। मानव जीवनको आधारशीलाका रूपमा रहेकाले प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्त्वपूर्ण हुन्छ । दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धीत रहेका छन्। अतः दिगो विकासका अधिकांश लक्ष्यहरू हासिल गर्न प्रारम्भिक बालविकास शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।

सरकारले आफ्ना नागरिकको सर्वाङ्गीण विकासका लागि विशेष लगानी गरेको हुन्छ। यसका लागि नेपाल सरकारले पनि संविधान, ऐन कानुन, नीति र कार्यक्रमहरूमा विभिन्न व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ३९ (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ भन्ने व्यवस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ । यसैगरी ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागीताको हक हुनेछ भनी बालबालिकाको विकास र सहभागीताको व्यवस्था गरीएको छ। शिक्षा (नवौं संशोधन) ऐन २०२८ लेचारवर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको शिक्षाको परिकल्पना गरेको छ । यसैगरी सोही ऐनको दफा ११ (१) मा "प्रारम्भिक बालविकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ" भनी उल्लेख गरिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको

अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । बालविकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधान रहेका छन्। पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३- २०७८), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५ / ७६-२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकाससम्बन्धी प्रावधानहरू समेटिएका छन् । यसका साथै पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरेको छ ।

### ३.१.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास शिक्षा औपचारिक शिक्षाको लागि पूर्व तयारी र सर्वाङ्गीण विकासको मूल आधार हो भन्ने कुरा दिगो विकास लक्ष्यको ४.२ मा उल्लेख गरिएको छ । कक्षा १० उत्तीर्ण गरेको व्यक्ति प्रारम्भिक बालविकास केन्द्रको शिक्षक हुनसक्ने कानुनी प्रावधान रहेको छ । हाल नेपालमा सरकारी अनुदान प्राप्त प्रारम्भिक बालविकास केन्द्र ३०७१८ र ५८१३ संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरू रहेका छन् । बालविकास केन्द्रमा भर्ना भएका कूल बालबालिकाको सङ्ख्या १०१०१९५ देखिन्छन।

जयपृथ्वी नगरपालिकाअन्तर्गत जम्मा ४४ ओटा प्रारम्भिक तहका बालविकास केन्द्रहरू सञ्चालित छन।यस नगरपालिकामा शैक्षिक सत्र २०७८ को तथ्याङ्कअनुसार बालबालिकाको जम्मा सङ्ख्या१२४६ रहेको छ जसमध्ये ६२६ जना बालक र ६२० जना बालिका रहेका देखिन्छन् भने शैक्षिक सत्र २०७९ मा भर्ना भएका बालबालिकाहरूको जम्मा सङ्ख्या ८६९ जना बालबालिकाहरू अध्ययनरत् छन। जसमध्ये ४६९ जना छात्राहरू र ४०० छात्रहरू भर्ना भएका छन।जयपृथ्वी नगरपालिकाको शैक्षिक तथ्याङ्क २०७८ अनुसार प्रारम्भिक तहका बालविकासमा बालबालिकाको कुल भर्ना दर११४.० र खुद भर्ना दर८९.२ पुगेको छ । बालविकासमा अध्यापनरत प्रतिशत शिक्षकहरूको न्यूनतम योग्यता पुगेको देखिन्छ भने ५० प्रतिशतले आधारभूत तालिम समेत लिएको देखिन्छ । बालविकासको अनुभवसहित कक्षा १ मा अध्ययन गर्ने बालबालिकाको ६३.४ प्रतिशत रहेको देखिन्छ ।

जयपृथ्वी नगरपालिकामा बालविकास केन्द्रहरूको सङ्ख्या ४४ओटा रहेको छ सबै बालविकास केन्द्रहरू सामुदायिक विद्यालयमा आधारित छन । यस नगरपालिकामा बालबालिकाहरू सामुदायिक र संस्थागतगरी दुई किसिमका बालविकास केन्द्रमा भर्ना भएका छन।शैक्षिक वर्ष२०७९/८० मा

भर्ना भएका प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्ना दर (GER) ११४ रहेको छ भने प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने६३.४प्रतिशत रहेको छ ।यस पालिकामा ४४बाल सहजकर्ता मध्ये ७ जना पुरूष रहेका छन भने ३७ जना महिला सहजकर्ता रहेका छन।सहजीकरण गर्ने सबै सहजकर्ता न्यूनतम शैक्षिक योग्यता प्राप्त छन् । सबै सहजकर्ताहरू प्रारम्भिक बालविकास सम्बन्धी तालिम प्राप्त छन् ।

प्रारम्भिक बालविकास शिक्षामा आउने बालबालिकाहरूको लैङ्गिक सूचक१.० रहेको छ । अधिकांश बालविकास केन्द्रमा भौतिक निर्माणका भवन निर्माण भएतापनि जीर्ण अवस्थामा रहेका र शैक्षिक सामग्रीको अप्रयाप्तता रहेको छ। बालविकास केन्द्रहरूलाई बालमैत्री एवम स्वच्छ सिकाइ वातावरण कायम गर्न चुनौती रहेको छ। बालविकासका कोठाहरू छापामय आवश्यक रहेता पनि सबै बालविकास केन्द्रहरू छापामय बनाउन सकिएको अवस्था छैन। बालविकासका सबै बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ।

बालविकास शिक्षालाई प्रभावकारी बनाउनका लागि अभिभावक र शिक्षक बिच समय समयमा अन्तरक्रिया गर्ने गरिएको छ । बालविकास केन्द्रका बालबालिकाहरूको दिवा खाजा, बुक कर्नरका लागि हरेक वर्ष स्थानीय तह मार्फत स्रोत व्यवस्थापन हुने गरेको छ । यसपूर्व बाल विकासका सहजकर्ताहरूको पारिश्रमिक न्यून (रू ६०००/- मात्र) भएकोमा अहिले सङ्घीय सरकारले नै मासिक न्यूनतम तलब रू१५०००/- दिने भनी व्यवस्था गरिएकोमा संङ्घिय सरकारबाट रू१००००/- र स्थानीय तहबाट रू ७०००/- थप गरी न्यूनतम तलब भत्ता दिने गरी व्यवस्था गरीएको छ । बालविकास सहजकर्ताहरूलाई स्थानीय स्रोत साधनको प्रयोग गरी शैक्षिक सामग्री निर्माणका लागि हरेक बर्ष तालिमको व्यवस्था समेत स्थानीय तहले गर्ने गरेको छ। यसका अतिरिक्त अभिभावकको सहयोगमा समेत स्थानीय शैक्षिक सामग्री निर्माण गर्ने कार्य विद्यालयले गरिरहेको छ ।

बालविकास केन्द्रमा समस्याको रूपमा बालबालिकाहरूको उमेरमा अनेकता हुनु, बाल विकास केन्द्रको सजावट र फर्निचरको व्यवस्था उपयुक्त किसिमको नहुनु, सिकाइ कुनाको व्यस्थापन राम्रो नहुनु, बालमैत्री र मौसममैत्री कक्षाकोठा नहुनु, बालबालिकाको सञ्चित अभिलेख व्यवस्थित नहुनु, कक्षा १ र २ मा जस्तै पढाउने परिपाटी कायम रहनु, “खेल्दै सिक्दै" को सिद्धान्तअनुसारका खेल सामग्री तथा शैक्षिक सामग्री नुहुनु, बालविकास संहजकर्ताहरूमा उत्प्रेरणाको कमी रहनु, अनुगमन र सुपरीवेक्षणको प्रभावकारी व्यवस्थापन नहुनु आदि रहेका छन् ।

**चुनौती तथा अवसर**

- प्रारम्भिक बालविकास शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चितता सहित प्रारम्भिक बालविकास र शिक्षाप्रतिको आकर्षणमा अभिवृद्धि गर्नु,

- बालविकासका लागि सक्षम र समर्पित जनशक्तिको व्यवस्थापन गर्नु,
- अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जिम्मेवार बनाउनु,
- बालबालिकाको घरायसी वातावरण बालबालिकामैत्री बनाउनु,
- विद्यालयदेखि सरकारसम्मका संस्थाहरू बालबालिकाप्रति सहयोगी र सकारात्मक हुनु,
- प्रारम्भिक बालविकास स्तरको शिक्षा निःशुल्क घोषणा गर्नु,
- बालबालिकाका निम्ति उचित मनोसामाजिक परामर्शको व्यवस्था गर्नु,
- बालविकासमा कार्यरत शिक्षकको पारिश्रमिक तथा सेवा शर्तसम्बन्धी स्पष्ट मापदण्डको विकास गर्नु,
- प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तरको न्यूनतम मापदण्ड विकास गर्नु,

सरकारी विद्यालयहरूमा सञ्चालित बालविकास केन्द्र र सस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाको सहजीकरण र अवधिमा एकरूपता ल्याउनु आदि प्रारम्भिक बाल विकास शिक्षाका मुख्य चुनौतीहरू रहेका छन्।

नेपालको संविधान २०७२ ले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक सुनिश्चितता गर्नुका साथै बालबालिकाको हक अन्तर्गत प्रारम्भिक बालविकास शिक्षालाई बालबालिकाको हकमा समावेश गरेको छ। विद्यालय क्षेत्र विकास योजनाले प्रारम्भिक शिक्षा र बालविकासलाई विद्यालय शिक्षाको संरचनामा एकीकृत गरी सकेको र शिक्षा ऐन, २०२८ को आठौं संशोधनले समेत प्रारम्भिक बालविकास र शिक्षालाई विद्यालय शिक्षाको संरचनामा समेटेको हुँदा प्रारम्भिक बालविकास र शिक्षालाई शिक्षा प्रणालीको जगको रूपमा आत्मसात गरिएको छ । नगरपालिकामा प्रारम्भिक बालविकास केन्द्रको पहुँच सुनिश्चितताका लागि आवश्यक संरचनाको विकास भइसकेको अवस्था छ । अभिभावक, समुदाय, वडा कार्यालय, स्थानीय र प्रदेश सरकारहरूविच साझेदारी र सहकार्यमार्फत प्रारम्भिक बालविकास र शिक्षाको प्रर्वद्धन गर्न सकिने अवसर प्रशस्त छ । सङ्घीय सरकारले समेत चालु आर्थिक वर्षको बजेटमा बालविकास केन्द्रमा कार्यरत शिक्षकहरूको तलबभत्ता वृद्धि गर्ने सवाललाई सम्बोधन गरेको छ । प्रदेश सरकार र विभिन्न पालिकाहरूले समेत बालविकासका शिक्षकहरूलाई पारिश्रमिकमा टेवा पुग्नेगरी प्रोत्साहन र सेवासुविधा प्रदान गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले समेत बालविकासको गुणस्तरमा अभिवृद्धि गर्नका लागि स्पष्ट नीतिगत व्यवस्था गरेको छ । उल्लिखित पक्षहरूलाई बालविकासको क्षेत्रमा भएका अवसरहरूको रूपमा लिन सकिन्छ ।

### ३.१.३ उद्देश्यहरू

यस योजना अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षाको लक्ष्य जयपृथ्वी नगरपालिकाका प्रारम्भिक उमेर समूहका सबै बालबालिकाको उपयुक्त किसिमबाट शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र

भाषिक विकासको अवसर सुनिश्चित गर्नु रहेको छ भने यसका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् ।

१. प्रारम्भिक बालविकस केन्द्रमा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।
२. प्रारम्भिक बालविकासका लागि नीतिगत, संस्थागत तथा संरचनागत संयन्त्रको स्थापना गर्नु ।
३. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित निःशुल्क आधारभूत शिक्षामा भर्ना गर्नु ।
४. प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित हुनेगरी गुणस्तरीय र प्रभावकारी बनाउनु ।
५. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूको गुणस्तर सुनिश्चित गर्नु ।
६. पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक संवेगात्मक संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बालशिक्षा तथा विकास / पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गर्नु ।
७. प्रारम्भिक बालविकासमा दक्ष र बालबालिकाप्रति समर्पित मानव स्रोत र पर्याप्त भौतिक एवम् आर्थिक स्रोतको सुनिश्चितता गर्नु ।
८. बालबालिकाको घरायसी वातावरणलाई बालमैत्री बनाउदै बालबालिकाको समुचित विकासमा स्थानीय तह, आमा, बुवा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु ।
९. प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरूका लागि पोषण एवम स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्नु ।

### ३.१.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. सङ्घ र प्रदेशको कानुनसँग नबाझिने गरी बालविकास सम्बन्धी कानुन, नीति, कार्यविधि आदि निर्माण गरेर कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य र निःशुल्क गरिने छ ।प्रारम्भिक बालविकासको सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार भाषाको प्रयोगलाई जोड दिइने छ ।
२. प्रारम्भिक बालविकासका लागि संस्थागत तथा संरचनागत सुधार गर्न स्थानीय तहमा सम्बन्धीत क्षेत्रका विषय विज्ञहरूको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजीकरण गरिने छ ।
३. लागत साझेदारीका आधारमा बालविकास केन्द्रको पुनर्वितरण र विस्तार गरिने छ ।
४. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्डअनुरूप बालमैत्री कक्षाकोठा व्यवस्थापनसहितको नमूना बाल विकास केन्द्रको विकास गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।

५. बालबालिकाहरूको मनोरञ्जन र उनीहरूको सन्तुलित र स्वस्थकर विकासमा सहयोग पुयाउनका लागि कम्तीमा प्रत्येक विद्यालयमा एउटा बालउद्यानको स्थापना र विकास गरी सञ्चालन गरिने छ ।

६. बालविकास उमेरका बालबालिकाको आफ्ना सन्ततिहरूलाई घरायसी वातावरणलाई बालमैत्री बनाउन सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा' र आमा शिक्षामार्फत अभिभावकलाई जिम्मेवार बनाइने छ ।

७. बाबुआमा नभएका बालबालिकाको निम्ति विभिन्न सामाजिक सङ्घसंस्था र मनकारी सामाजिक अभियन्ताहरूसँग सहकार्य र समन्वय गरी उनीहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आवश्यकता परिपूर्तिको सुनिश्चितता प्रदान गर्नका लागि कानुन बनाई नगरपालिकाद्वारा अभिभावकको भूमिका निर्वाह गरिने छ ।

८. प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई समयानुकूलको तलब सुविधाका साथै योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गरिने छ ।

९. प्रारम्भिक बालशिक्षा तथा विकास / पूर्व प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भएका प्रत्येक विद्यालयमा कम्तीमा एक जना शिशु वा बालस्याहार कार्यकर्ताको व्यवस्थापन गरी सोको कार्यान्वयन गरिने छ ।

१०. प्रारम्भिक बालविकासका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकासलाई सन्तुलित किसिमबाट अघि बढाउनका लागि विज्ञमार्फत आवश्यक पर्ने मनोसामाजिक परामर्शसम्बन्धी तालिम सहजकर्तालाई प्रदान गरिने छ ।

११. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि स्थानीयस्तरमा उपलब्ध कम मूल्यका (No Cost, Low Cost ) स्रोतसाधनको प्रयोगमार्फत शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) को कार्यान्वयनको सुनिश्चितता गरिने छ ।

१२. प्रारम्भिक बालविकासका क्षेत्रमा गरिने लगानीलाई एकद्वार प्रणालीबाट खर्च गरिने नीतिगत प्रबन्ध कार्यान्वयनमा ल्याइने छ ।

१३. अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्न र खास गरी जटिल अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी विशिष्टीकृत, घरमा आधारित प्रारम्भिक बाल शिक्षा स्थापना र सञ्चालनलगायत अपाङगताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको विकास गरी कार्यान्वयन गरिने छ ।

१४.नगरपालिकाको अगुवाइमा स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरिने छ ।

१५.प्रारम्भिक बालविकास उमेरका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषणलगायत सबै किसिमका अधिकारको सुनिश्चितताका लागि अभिभावक, सरोकारवाला र आमसञ्चार माध्ययमसँग सहकार्य गरिने छ।

१६.दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइ स्थानीय उत्पादनमा आधारित खाजा व्यवस्थापनको आवश्यक प्रवन्ध गरिने छ ।

### ३.१.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि (Outcomes)**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. प्रारम्भिक बालविकास शिक्षाको सहजै देखिने भर्नादर १००पुगेको हुनेछ।
२. प्रारम्भिक बालविकास शिक्षा उमेर समूहका बालबालिकाहरूको प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ माप्रवेशदर ७२ पुगेको हुनेछ।
३. सबै प्रारम्भिक बालविकासकेन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गरेको हुनेछ।
४. सबै सहयोगि कार्यकताहरूले तालिम प्राप्त गरेको हुनेछ।
५. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा पेसाप्रति समर्पित, योग्य र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने छ ।
६. पाठ्यक्रम परिमार्जन र अनुकूलन सहित कार्यान्वयन भई प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने छ।
७. सामुदायिक र संस्थागत विद्यालयहरूमा सञ्चालनमा रहेका बालविकास तथा शिक्षा कार्यक्रमहरूमा समयावधिका हिसाबले एकरूपता हुने छ ।
८. बाबुआमा नभएका बालबालिकाहरूका निम्ति स्थानीय पालिकाहरूले अभिभावकको भूमिका निर्वाह गरेको हुने छ ।
९. बालविकास तथा शिक्षा उमेरका सन्ततिका अभिभावकहरू कानूनी एवम् नैतिक हिसाबले सन्ततिको शिक्षाका लागि जिम्मेवार र जवाफदेही हुने छ।

१०.प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, गैरसरकारी सङ्घसंस्था र समुदाय, विद्यालयहरू जिम्मेवार हुने छ ।

११.बालविकास शिक्षामा बालबालिकाहरूको टिकाउदरमा वृद्धि हुने छ ।

१२.परिवर्तित पाठ्यक्रम अभिमुखीकरण भएको हुने छ।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

| क.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण | पटक | १ | ✓ | ✓ | १ | २ | २ | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | वालवकास केन्द्र | २ | २ | २ | २ | २ | १० | | प्रतिवर्ष २ ओटा |
| ३ | नमुना बालविकास केन्द्रको विकास गर्ने | बालविकास केन्द्र | १ | १ | १ | १ | १ | ५ | | प्रत्येक वर्ष १ |
| ४ | विकास साझेदार, गैरसरकारी संस्था नीजि क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा सहयोग वढाउन छलफल गरिनेछ। | बाविके | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | | | | | | | | | | |
| ५ | कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य गर्न कानुन निर्माण गरिने। | स्थानीय तह | १ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ६ | कानुन र शिक्षा दुवैको माध्यमबाट अभिभावकहरूलाई जिम्मेवार वनाउदै घरायसी वातावरणलाई सिकाइ मैत्री बनाउन अभिभावकहरूलाई अभिप्रेरित गर्ने | वाविके | सबै | ✓ | ✓ | ✓ | ✓ | सबै समुदाय | | |
| ७ | नगरपालिका कार्यक्षेत्र भएका विकासका साझेदार,गैरसरकारी संस्था निजी क्षेत्र तथा समुदायलाई वाल शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | | १ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ८ | दिवाखाजा कार्यक्रमको व्यवस्थाको लागि भान्साकोठा निर्माण | | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ अनुसार सिकाइ सहजीकरण | | सबै | सबै | | | | | | |
| १० | सिकाइ सामग्री व्यवस्थापन | | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| ११ | उत्कृष्ठ प्रारम्भिक बालविकास कक्षालाई प्रोत्साहन | | १ | १ | १ | १ | १ | ५ | | |

## घ) कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक अनुमानित वजेट तालिका

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | बालविकास केन्द्रनक्साङ्कन, तथापुनर्वितरण गर्ने। | ३०० | १०० | | १०० | | १०० | नगरपालिका | बालविकासको पहुँच नभएको वडामा |
| २ | नमुना बालविकासकेन्द्र विस्तार गर्ने | ७५० | १५० | १५० | १५० | १५० | १५० | प्रदेश सरकार | प्रत्येक वर्ष एक |
| ३ | सहजकर्ता तालिम | ३०० | १०० | | १००० | | १००० | नपा | सबै सहजकर्ता |
| ४ | छापामय बालकक्षा तथा सामग्री व्यवस्थापन | २०० | ५० | | १०० | | ५० | गैरसरकारी संस्था तथा नपा | अन्य बालकक्षा |
| ५ | अभिभावक सचेतना कार्यक्रम | २५० | ५० | ५० | ५० | ५० | ५० | वडा,नपा तथा गैरसरकारी संस्था | बालकक्षा कम भएका समुदाय हुदै अन्य वडा |
| ६ | शैक्षिक सामग्री वितरण तथा प्रयोग | ३०० | १०० | | १०० | | १०० | नपा तथा गैरसरकारी संस्था | |
| | | | | | | | | | |
| ७ | उत्कृष्ठ बालविकास केन्द्र/बालसहजकर्ता पुरस्कार व्यवस्था गर्ने | १८० | २० | ४० | ४० | ४० | ४० | नगरपालिका, गैरसहकारी संस्था, | |
| ८ | दिवाखाजा कार्यक्रमको व्यवस्थाको लागि भान्साकोठा निर्माण | १८०० | ५ | ५ | ५ | ५ | ५ | नगरपालिका,गैरसहकारी संस्था, प्रदेश सरकार | |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षको | ५०० | २०० | | २०० | | १०० | नगरपाललिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यक्रम २०७७ अनुसार सिकाइ सहजिकरण | | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.३.१ परिचयः

जयपृथ्वी नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना : शिक्षा क्षेत्र योजनाका मुख्य उपक्षेत्रहरूविद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । यसपूर्व भएको प्राथमिक र निम्नमाध्यमिक तहलाई मिलाएर हाल व्यवस्था गरिएको आधारभूत तहको शिक्षाले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ (१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखी आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गरी मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको छ । सबैका लागि शिक्षा (२०००-२०१५), सहश्राब्दी विकास लक्ष्य, दिगो विकासको लक्ष्यहरू, इन्चोन घोषणा (२०१५-२०३०), संयुक्त राष्ट्र, सङ्घ, मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २६, शिक्षासम्बन्धी ऐन २०७५ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भनी उल्लेख गरिएको छ ।

सबैका लागि शिक्षाको दोस्रो उद्देश्यमा खासगरि बालिका, कठिन परिस्थितिमा परेका तथा सामाजिक आर्थिक रूपले पिछडिएका जनजाति समुदायका बालबालिकालगायत सबैका लागि गुणस्तरीय निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँच तथा विद्यालय पूरा गर्ने अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो । विद्यालय क्षेत्र विकास योजनाले सन् २०२२ - २०२३ सम्ममा प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर ९४ कक्षा १ को खुद भर्ना दर शत प्रतिशत र आधारभूत तह (१-८) को खुद भर्ना दर शत प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ । पन्ध्रौं योजनाले वि.स.२०८०/०८१ सम्म आधारभूत तहको खुद भर्ना दर ९५.५ पुर्‍याउने लक्ष्य छ । यस तहको अवधिलाई अन्तराष्ट्रिय स्तरमा समेत अनिवार्य र निःशुल्क गरिएको पाइन्छ ।

गुणस्तरीय आधारभूत शिक्षाले गरीबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सिप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरीबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । हाम्रो देश नेपालको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रमको बुँदा न.६३ मा आगामी आर्थिक वर्षमा साक्षर नेपाल घोषणा गर्ने, बुँदा न.७० मा बालबालिकालाई विद्यालय ल्याऔं र पढाइमा टिकाऔं कार्यक्रमलाई प्रभावकारी बनाउने र सार्वजनिक विद्यालय सवलीकरण दशक २०७६ - २०८६ अभियान सञ्चालन गर्ने नीति लगायत थुप्रै आधारहरूले आधारभूत तहको

शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि जयपृथ्वी नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरू समावेश गरेको छ ।

## ३.३.२ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्‍याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप मुलुकभर आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म अध्ययन गरिरहेका विद्यार्थीहरूको सङ्ख्या ५३१९००४ रहेको छ । यी मध्ये सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ३८०६६३९ र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको सङ्ख्या १५१२३६५ रहेको छ । यसरी हेर्दा मुलुकको आधारभूत तहका विद्यार्थीहरूको कुल भर्ना दर ११०.४ र कक्षा १ देखि ८ को खुद भर्ना दर ९३.८ पुगेको छ। यस्तै आधारभूत तह पूरा गर्ने दर ७२.७ र कक्षा ८ को टिकाउ दर ७९.३ रहेको छ । अझै पनि आधारभूत तहको उमेर समूहका ६.२ बालबालिका विद्यालय बाहिर रहेका छन् ।

जयपृथ्वी नगरपालिकाअन्तर्गत आधारभूत तह कक्षा १-८ सञ्चालन भएका जम्मा विद्यालयहरूको सङ्ख्या १७ ओटा रहेका छन जसमा सामुदायिक विद्यालयको सङ्ख्या १५र २ ओटा संस्थागत विद्यालयको सङ्ख्या रहेका छन । जयपृथ्वी नगरपालिकामा आधारभूत तहमा कक्षा १-५ सम्म ३८९८ विद्यार्थीहरू र कक्षा ६-८ सम्म १९६० बालबालिकाहरू अध्ययन गरिरहेका छन् । यी विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयहरूमा अध्यनरत विद्यार्थीहरूको सङ्ख्या रसंस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या २४२ रहेको देखिन्छ । यसरी जम्मा छात्रा र छात्रको सङ्ख्या क्रमशः २९६१ र २९८७ गरी ५९४८ रहेको देखिन्छ । आधारभूत तह अन्तर्गत कक्षा १-५ को कुल भर्ना दर १३३.८ र कक्षा १-५ को खुद भर्ना दर ९७ रहेको छ भने कक्षा ६-८ को कुल भर्ना दर ११०.८ र खुद भर्ना दर ९७.१ रहेको छ ।

जयपृथ्वी नगरपालिकाअन्तर्गत आधारभूत तह कक्षा १-८ सम्म सञ्चालित विद्यालयहरू १७ ओटा सामुदायिक विद्यालयरहेका छन। यस नगरपालिकाअन्तर्गत ८ ओटामाध्यमिक विद्यालयहरू रहेका छन।जयपृथ्वी नगरपालिकाभित्र हाल कक्षा १- ३ सञ्चालित विद्यालयहरूको सङ्ख्यागत २५(सामुदायिक २१  र संस्थागत ४), कक्षा १-५ सञ्चालित विद्यालयहरूको सङ्ख्यागत एकाइ ९( सामुदायिक ७. र संस्थागत २), कक्षा १-८ सञ्चालित विद्यालयहरूको सङ्ख्यागत एकाइ ८(सामुदायिक ६ र संस्थागत २)। यसरी हेर्दा नगरपालिकाको आधारभूत तह कक्षा १ देखि ८ को विद्यार्थीहरूको कुल भर्ना दर १२२.३ र कक्षा १ देखि ८ को खुद भर्ना दर ९७. ० पुगेको छ । यस्तै आधारभूत तह पूरा गर्ने दर र कक्षा ८ को टिकाउ दर७९.३ रहेको छ । अझै पनि आधारभूत तहको उमेर समूहका ३.० प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् यद्यपि नेपालको संविधानले आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य गरिसकेको छ।

यी विद्यालयहरूमा सामुदायिकतर्फ आधारभूत तहको स्वीकृत दरबन्दीमा प्राथमिक तह १०१ स्थायी राहात दरबन्दी, निम्न माध्यमिक तहमा २४ जना स्थायी दरबन्दीसाथै राहत दरबन्दीतर्फ प्राथमिक तहमा ६१जना र निम्न माध्यमिक तहमा १८ गरी जम्मा ७९ जना शिक्षकहरू कार्यरत छन् । यसका अतिरिक्त प्राथमिक तहमा १२ र निम्न माध्यमिक तहमा ८ जना गरी आधारभूत तहमा जम्मा जना शिक्षकहरू २० जना शिक्षकहरू अध्यापनरत रहेको देखिन्छ । यसरी हेर्दा यस पालिकामा कक्षा १ देखि कक्षा ५ सम्मको र कक्षा ६ देखि कक्षा ८ सम्मको शिक्षक र विद्यार्थी अनुपात क्रमशः १:२४ र १:४५. रहेको र आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्मको यो १:३५ देखिन्छ ।

**चुनौती र अवसर**

- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई पूर्णरूपले निःशुल्क र अनिवार्य किसिमले प्रदान गर्नु,
- सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु,
- उपयुक्त सङ्ख्यामा दक्ष र पेसाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु,
- शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, सामुदायिक तथा नीजी विद्यालयबीचको शिक्षण सिकाइको प्रक्रिया र उपलब्धिको खाडल कम गर्नु,
- शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु,
- कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नु,
- गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु,
- विभिन्न किसिमका प्रकोप, सङ्कट तथा महामारीबाट शिक्षालाई मुक्त बनाउनु लगायत विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्नु आधारभूत शिक्षासँग सम्बन्धीत चुनौतीहरू हुन् ।

आधारभूत तहको शिक्षाको सवालमा अवसरहरू पनि प्रशस्त देखिएका छन् ।

जयपृथ्वी नगरपालिकाले आफूलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा प्रदायक पालिकाको सुनिश्चतता घोषणा गरीसकेको अवस्था छ ।

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले नगरपालिकाका निम्ति शिक्षामा सहभागीता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ ।

देशमा सङ्घीयताको कार्यान्वयनसँगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयहरू प्रतिको चासो र चिन्ता बढीरहेको छ ।

शिक्षकका पेसागत सङ्घ संस्था, राजनीतिक दल, नागरिक समाज आदिबाट शैक्षिक सुधारमा सकारात्मक प्रतिबद्धताहरू प्राप्त भइरहेका छन्

यसरी नै आधारभूत शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भूमिका पनि महत्त्वपूर्ण बन्दै गएको अवस्था छ। विद्यालयमा आधारभूत तहको खुद भर्ना दर र लैंङ्गिक समता सूचकाङ्कमा प्रगति देखिएको छ । स्थानीय तहको सरकारको क्षमता विकास गर्दै आधारभूत शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याइ शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहेको छ। शिक्षा तीन ओटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा प्रर्याप्त लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिन्छ ।

## ३.३.३ उद्देश्यहरू

यस जयपृथ्वी नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूका लागि समतामूलक किसिमबाट गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने रहेको छ भने यससँग सम्बन्धीत उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्नु ।
२. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।
३. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
४. द्विविधता अनुकुल, उत्थानशील र जवाफदेही विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु ।
५. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत गराउदै अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

## ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. जनसांख्यिक बनोट र भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन गरी आवश्यकताका आधारमा विद्यालय गाँभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने काम सम्पादन गरिने छ ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र सङ्घीय सरकारसँग समेत समन्वय र सहकार्य गर्दै आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउनुका साथै आफ्ना परिवारका बालबालिकालाई विद्यालयमा भर्ना नगराएमा दण्डित हुनेतर्फ अभिभावकलाई सजग गरिने छ ।
३. घरधुरी सर्वेक्षण मार्फत गरीबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको पहिचान गरी उनीहरूको आधारभूत तहको शिक्षालाई पूर्ण रूपले निःशुल्क किसिमबाट पूरा गर्ने कुराको सुनिश्चित गरिने छ ।
४. विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने आर्थिकरूपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सीमान्तकृत, विपन्न द्वन्द्व पीडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका बालबालिकाहरूलाई उनीहरूको अवसर लागत (Opportunity cost) लाई समेत दृष्टिगत गरी छात्रबृत्ति र प्रोत्साहन कार्यक्रम सरल र सहज रूपमा उपलब्ध गराउनुका साथै स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरू उपलब्ध गराउन आवश्यक कार्य गरिने
५. सामुदायिक विद्यालय नभएको सेवाक्षेत्रमा स्थापना भएर निःशुल्क अनिवार्य आधारभूत शिक्षा प्रदान गर्न योगदान गर्ने संस्थागत विद्यालयहरूलाई विद्यार्थी सङ्ख्याको आधारमा अनुदान दिने पद्धतिको विकास गरिने छ ।
६. आधारभूत तहका प्रारम्भिक तहका विद्यार्थीको सिकाइ गुणस्तर कायम गर्न पढाइ सिभिर कार्यक्रम सञ्चालन गरिने छन।
७. विद्यालय सेवा क्षेत्रसम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूको सेवाक्षेत्र निर्धारण गरी बालबालिकालाई सेवाक्षेत्रअन्तर्गतको विद्यालयमा अध्ययन गर्न प्रेरित हुनेगरी सबै विद्यालयहरूमा गुणस्तरीय वातावरणको सुनिश्चित गरिने छ ।
८. आधारभूत शिक्षालाई कानुनी रूपमा अनिवार्य गर्न सहयोग पुग्नेगरी यस नगरपालिकामा सरकारी ढुकुटीबाट तलबभत्ता खाने कुनै पनि कर्मचारीको न्यूनतम शैक्षिक योग्यता आधारभूत शिक्षा उत्तीर्ण हुनु पर्ने प्रावधानको व्यवस्थापन गरी सोको प्रभावकारी कार्यान्वयन गरिने छ ।

९. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

१०. सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता प्रदान गरिने छ ।

११. मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने किसिमले विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउदै सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धीत क्षमताको विकास गरिनेछ ।

१२. सङ्घ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१३. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य एकाइ तथा सङ्घसंस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ ।

१४. तीनै तहका सरकारको सहकार्यमा अनुदानमा वृद्धि गरेर स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयहरूमा दिवाखाजाको व्यवस्थापन गरिने छ ।

१५. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशीलबनाउने र शिक्षण संस्थाहरूलाई प्रविधिससम्बन्धी सिप र साधनसहितको भौतिक पूर्वाधार सम्पन्न बनाउनुका साथै विद्यालयलाई बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री बनाउने कार्यको कार्यान्वयन गरिने छ ।

१६. विद्यालय सबै हिसाबले सुरक्षित स्थलमा रहनु पर्ने र भूकम्पलगायतका प्राकृतिक प्रकोपबाट बच्नका लागि विद्यालयमा सुरक्षित स्थल को निर्धारण गरी सोको जानकारी सबै विद्यार्थीहरूलाई हुनेगरि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१७. निश्चित समयको अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण मार्फत जवाफदेहिता सुनिश्चितताका लागि सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गरिने छ ।

१८. आधारभूत तहको प्रारम्भिक कक्षामा लागु भएको प्रारम्भिक कक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न लगायत विद्यालयमा रचनात्मक शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनका

लागि विद्यालयको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

१९. आधारभूत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्ने वातावरण तयार गरिने छ ।

२०. सबै विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरूमा स्थानीय स्रोत साधन परिचालन गरिने छ ।

२१. विद्यालय (संस्थागत समेत) हरूको नियमन, अनुगमन र सुपरीवेक्षण गरी बस्तुगत प्रतिवेदन उलब्ध गराउन र विद्यालयहरूले गरेको राम्रा अभ्यासहरूलाई सामुदायिक र संस्थागत विद्यालयहरूको विचमा आदानप्रदान गर्नका लागि विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक र शिक्षक सहितको तेश्रो पक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी गरिने छ ।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप रलक्ष्य निर्धारण

### क) उपलब्धि(Outcomes)

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा यस तहको उमेर समूहका सबै बालबिलकाको पहुँच र सहभागीता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

### ख) प्रमुख नतिजाहरू (Key results)

१. सबै बालबालिका गुणस्तरीय आधारभूत शिक्षाको पहुँचमा भई सहभागी भएको हुने छ ।

२. सम्बन्धीत विद्यालयको सेवा क्षेत्र अन्तर्गतका बालबालिकाहरू सम्बन्धीत विद्यालयमा नै अध्ययन गरेको हुने छ।

३. आधारभूत तहको खुद भर्नादर १०० प्रतिशत पुगेको हुने छ।

४. कक्षा ८ का विद्यार्थीको विषयगत सिकाइ उपलब्धि ५५ भन्दा माथी पुगेको हुने छ।

५. संविधानको मर्म अनुसार आधारभूत शिक्षा निःशुल्क र अनिवार्य रूपमा सञ्चालन भएको हुने छ ।

६. अनाथ र गरीबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूले सहज बातावरणमा अनिवार्य र निःशुल्क आधारभूत शिक्षा हासिल गरेका हुने छ।

७. सबै अभिभावकहरू बालबालिकाको आधारभूत तहको शिक्षा अनिवार्य रूपले पूरा गराउनु पर्ने सवालमा सजग र जिम्मेवार भएको हुने छ।

८. पेसाप्रति पर्याप्त समर्पण, सिप र सङ्ख्यामा भएका शिक्षकहरूले बालमैत्री वातावरणमा शिक्षण सिकाइ गरेको हुने छ।

९. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने छ ।

१०. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) भएको हुने छ।

११. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग भएको हुने छ ।

१२. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने छ।

१३. विद्यालयहरू सूचना र सञ्चार प्रविधिको उपलब्धता र उपयोगको हिसाबले सम्पन्न भएका हुनेछ ।

१४. जीवन र जगतप्रति सकारात्मक सोच, श्रमप्रतिको श्रद्धा, व्यवहारकुशल सिप र सामाजिक आचरणको हिसाबले आधारभूत तह पूरा गरेका बालबालिकाहरू उल्लेख गर्न लायक भएका हुने छ ।

१५. विद्यालय सबै हिसाबले सुरक्षित स्थलमा भएको हुने र भूकम्प लगायतका प्राकृतिक प्रकोपबाट बच्नका लागि विद्यालयमा सुरक्षित स्थल (Save Zone) को निर्धारण गरी सोको जानकारी सबै विद्यार्थीहरूलाई हुनेगरि अभिभुखीकरण कार्यक्रम सञ्चालन गरिएको हुने छ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालय समायोजन तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यार्थी सङख्या न्युन भएका विद्यालय |
| २ | विद्यार्थी पहुँच अभिवृद्धिको लागि अभिभावक | पटक | २ | २ | २ | २ | २ | १० | २० | विद्यार्थी सङख्या पहुँच अभिबृद्धि |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तर्क्रिया | | | | | | | | | |
| ३ | विषयगत शिक्षक अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विषयगत शिक्षक |
| ५ | नयाँ पाठ्यक्रम अभिमुखीकरण | शिक्षक | २० | २० | २० | २० | | ८० | | |
| ६ | विद्यार्थी सङख्या अनुसार नपुग शिक्षकको व्यवस्थापन | शिक्षक | सबै | | | | | | | |
| ७ | शैक्षिक सामग्री वितरण | विद्यालय | सबै | ५ | ५ | ५ | ५ | २० | ४० | |
| ८ | एकीकृतपाठ्यक्रम प्रणाली कार्यान्वयन | विद्यालय | सबै | | | | | | | |
| ९ | विद्यार्थीको अभिलेख निर्माण तथा व्यवस्थापन | विद्यालय | सबै | | | | | | | |
| १० | विभिन्न अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | बालबालिका | सबै | | | | | | | |
| ११ | निशुल्क पाठ्यपुस्तकको सुनिश्चितता | बालबालिका | सबै बालबालिका | | | | | | | |
| १२ | आर्थिकरूपमा विपन्नताका लागि सहयोग | बालबालिका | | | | | | | | |
| १३ | आधारभूत तह एक वडा एक नमुना विद्यालय विकास कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| १४ | प्रारम्भिक पठन सिप | सबै | २० | २० | २० | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास का लागि पढाइ सिबिर सञ्चालन | | | | | | | | | |
| १५ | आधारभूत परीक्षा प्रणाली सञ्चालन र व्यवस्थापन | सबै विद्यालय | | | | | | | | |
| १६ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | विद्यालय | | | | | | | | |
| १७ | विद्यालय भौतिक पूर्वाधार विकास | | १ | १ | १ | १ | १ | ५ | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक अनुमानित वजेट तालिका

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | विद्यालय समायोजन तथा पुनर्वितरण | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | |
| २ | विद्यार्थी पहुँच अभिवृद्धिको लागि अभिभावक अन्तर्क्रिया | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | |
| ३ | विषयगत शिक्षक अन्तरक्रिया | ७०० | १५० | १५० | १५० | १५० | १५० | नगरपालिका | |
| ५ | नयाँ पाठ्यक्रम अभिमुखीकरण | ४०० | ४०० | | | | | नगरपालिका | |
| ६ | विद्यार्थी सङख्या अनुसार नपुग शिक्षकको | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | |
| ७ | शैक्षिक सामग्री वितरण | १००० | ३०० | २०० | ३०० | २०० | | पालिका र गैरसरकारी संस्था | |
| ८ | एकीकृत पाठ्यक्रम प्रणाली कार्यान्वयन | ५०० | २५० | २५० | | | | गैरसरकारी संस्था र पालिका | |
| ९ | विद्यार्थीको अभिलेख निर्माण तथा व्यवस्थापन | ५०० | १०० | १०० | १०० | १०० | १०० | पालिका | |
| १० | विभिन्न अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | ५०० | १०० | १०० | १०० | १०० | १०० | पालिका र गैरसरकारी संस्था | |
| ११ | निशुल्क पाठ्यपुस्तकको सुनिश्चितता | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | सङ्घीय सरकार | |
| १२ | आर्थिकरूपमा विपन्नताका लागि सहयोग | ५०० | २१०० | १०० | १०० | १०० | १०० | सङ्घीय सरकार, पालिका,गैरसरकारी संस्था | |
| १३ | आधारभूत तह एक वडा एक नमूना विद्यालय विकास कार्यक्रम | ६००० | १५०० | १५०० | १५०० | १५०० | १५०० | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य गैरसरकारी संस्थाहरू | |
| १४ | प्रारम्भिक पठन सिप विकासका लागि पढाइ सिबिर | ७५० | १५० | १५० | १५० | १५० | १५० | स्थानीय सरकार र अन्य गैरसरकारी संस्था | |
| १५ | आधारभूत परीक्षा प्रणाली सञ्चालन र व्यवस्थापन | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० | नगरपालिका | |
| १६ | स्थानीय पाठ्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका र गैरसरकारी संस्था | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास र कार्यान्वयन | | | | | | | | |
| १७ | विद्यालय भौतिक पूर्वाधार विकास | २ करोड ४० लाख | ४८०० | ४८०० | ४८०० | ४८०० | ४८०० | सङघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र गैरसरकारी संस्था | |
| १८ | विद्यालय तथा शिक्षक प्रोत्साहन | १००० | २०० | २०० | २०० | २०० | २०० | नगरपालिका | |

## माध्यमिक शिक्षा

## ३.३.१ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरीएको छ। नेपालको संबिधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सिपयुक्त एवम उत्पादनशील जनशक्ति तयार गर्ने उद्धेश्य राखेको छ। नेपालको प्रचलित शिक्षा ऐन, विद्यालय क्षेत्र विकास योजना र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप वि.सं. २०७६ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ। माध्यमिक शिक्षा आजको युग सहाउदो जीवनोपयोगि सिप सहितको प्रतिस्प्रधि नागरिक विकास गर्न तथा उच्च शिक्षाका लागि तयारीको आधार पनि हो। माध्यमिक शिक्षा प्राविधिक तथा साधारण गरी २ धार बाट सञ्चालनमा रहेको छ। आत्मविश्वासी, नैतिकवान, चरित्रवान, इमान्दारी, लोकतान्त्रिक आचरण भएका, राष्ट्रिय सदभाव बहुसाँस्कृतिक मूल्यमान्यता विविधता राष्ट्रिय आदर्श आत्मसात गर्नसक्ने, शान्ति, मानव अधिकार, दिगो विकास, पर्यावरणीय सन्तुलन, द्वन्द व्यवस्थापन, विपद व्यवस्थान प्रति सचेत र सबै प्रकारका पेसा प्रति सम्मान गर्न सक्ने सिपयुक्त ज्ञान प्रविधियुक्त

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी नागरिक विकास गर्नु तथा सकारात्मक सोच तथा सिर्जनशील नागरिक तयार गर्नु यस तहको उद्देश्य रहेको छ।

माध्यमिक तह कक्षा ९ देखि १२ को सिकाइ उपलब्धिलाई माँपन तथा स्तरीकरण गर्नका लागि राष्ट्रिय परीक्षा बोर्डको गठन भएको छ। दुइ धारबाट सञ्चालन भैरहेको माध्यमिक शिक्षा कक्षा ११ र १२ मा एकल पक्षीय पाठ्यक्रम लागु गरिएको छ भने प्राविधिक विद्यालयहरूमा कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ। अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिबद्धता तथा संविधानले प्रदान गरेको शिक्षासम्बन्धी अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्नु र गुणस्तरीय शिक्षा प्रदान गर्नु अपरिहार्य देखिन्छ।

### ३.३.२ वर्तमान अवस्था

माध्यमिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको पहुँचको अवस्था हेर्दा क्रमिक रूपमा प्रगति भएको पाइन्छ।शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७८ को तथ्याङ्कअनुसार माध्यमिक तह ९-१२ को खुद भर्नादर ५४.३ प्रतिशत रहेको छ। कक्षा १० र १२ को टिकाउ दर क्रमश ६६.१ र ३.१ प्रतिशत रहेको छ। माध्यमिक तहमा कार्यरत महिला शिक्षक १८.१ र पुरूष ८१.९ प्रतिशत शिक्षकहरू कार्यरत छन। त्यसै गरी कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समता १.०१ प्रतिशत पुगेको छ।समग्र मुलकमा कक्षा ९ देखि १० मा छात्राहरू ५०.३ प्रतिशत रहेकोमा जम्मा विद्यार्थी ४३ प्रतिशत छात्रा संस्थागत विद्यालयमा अध्ययनरत रहेको देखिन्छ। यसरी हर्दा निजी विद्यालयमा छोरीलाई भन्दा छोरालाई पढाउने परिपाटी बढी पाइन्छ। माध्यमिक तहमा अध्ययनरत दलित तथा जनजाति समुदायका विद्यार्थीहरू क्रमशः१२.३% र ३७.५% छन।जनजाति समुदायको अनुपातमा दलित समुदायका विद्यार्थीको सहभागीता कम देखिन्छ। माध्यमिक तह कक्षा ९ र १० मा ७१२३ तथा कक्षा ११ र १२ मा २६२३ अपाङ्ग भएका बालबालिकाहरू अध्ययन गरीरहेका छन। माध्यमिक तहमा परम्परागत विद्यालयको सङख्या ३९ छन। कुल १२१ ओटा खुला विद्यालयहरू मध्ये ८४ ओटा माध्यमिक शिक्षाको पठन पाठन गर्दै आएका छन भने १७३ ओटा अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमा रहेका छन।

यस जयपृथ्वी नगरपालिकामा ८ ओटा माध्यमिक विद्यालयहरूछन। यि माध्यमिक विद्यालय मध्ये १ओटा प्राविधिक धारको शिक्षा सञ्चालन गरिरहेका छन। १ ओटा विद्यालयमा खुला माध्यमिक शिक्षा सञ्चालनमा छ। यस नगरपालिकाअन्तर्गत अपाङ्गता भएका बालबालिका भएपनि शैक्षिक तथ्याङ्कमा नराखे गरेको पाइयो। अपाङ्गता भएका विद्यार्थीहरू विद्यालयमा भर्ना भएको पनि पाइदैनन। यस नगरपालिका अन्तर्गत दलित विद्यार्थी सङख्या१३९० जनजाति विद्यार्थी सङख्या ४१ जना रहेका छन। यस नगरपालिकामा १ ओटा नमूना माध्यमिक विद्याललय छ। यस नगरपालिका

अन्तर्गत एक ओटा असहाय अनाथहरूको लागि आवासीय छात्राबासको सुरूवात भइ रहेको छ। यो छात्रबास प्रदेश सरकारको सहयोगमा सञ्चालित छ र कक्षा ३ देखि कक्षा १२ सम्म अध्ययन गराउन जिल्ला भरिका सबै पालिकाबाट निश्चित कोटा निर्धारण गरी बस्ने व्यवस्था हुदै आएको छ। यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी सङख्या कक्षा ९-१० सम्म छात्र ७४७ र छात्रा ६७६ गरी जम्मा १४२३ विद्यार्थी अध्ययनरत छन भने कक्षा ११ र १२ मा ५२१ छात्र र ६१० छात्रा गरी ११३१ विद्यार्थीहरू अध्ययनरत छन। यी मध्ये १७४ प्राविधिक तथा व्यावसायिकधार तर्फको शिक्षा लिइरहेका छन भने १४४ जना प्राविधिक धार तर्फ कक्षा ९-१२ सम्मका विद्यार्थीहरू अध्ययनरत छन।

नगरपालिकामा ८ ओटा विद्यालयहरू मध्ये ३ ओटा प्रस्तावित माध्यमिक विद्यालय छन। यी विद्यालयहरूमा शिक्षक दरबन्दी अभावले गर्दा सिकाइ प्रभावकारी हुन सकिरहेको छैन। अन्य विद्यालयमा शिक्षक दरबन्दी भएता पनि जिल्लाभरिका विद्यार्थीहरू भर्ना हुने भएकोले विद्यार्थी सङख्याको आधारमा शिक्षक ज्यादै न्यून रहेको छ। एउटै कक्षामा १०० जना भन्दा बढी विद्यार्थी राखेर अध्ययन अध्यापन गराइ रहेको अवस्था छ।यस नगरपालिकामा कक्षा ९-१० मा १४२३ विद्यार्थीको लागि १५ ओटा स्थायी दरबन्दी, १८ ओटा राहात कोटा र ४ एकमुष्ट अनुदान शिक्षक कार्यरत छन।कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरूको लागि २ दरबन्दी र १८ अनुदानले ११३१ जनाले शिक्षा लिइरहेको अवस्था छ। यसरी हेर्दा विद्यार्थी अनुपातमा शिक्षकको अनुपात ज्यादै न्यून रहेको छ। यस नगरपालिकामा माध्यमिक तह कक्षा ९-१० मा कुल विद्यार्थी भर्नादर १४८.४ र खुद भर्नादर ७८.७ रहेको छ भने कक्षा ११ र १२ मा कुल भर्नादर ७१.९ र खुद भर्नादर २८ प्रतिशत रहेको पाइन्छ।

हाम्रो मुलुकमा विगत लामो समयदेखि विद्यालय र शिक्षकको क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्थाभित्र सिकाइ संस्कार विकास गर्नुपर्छ भनेर बहस र पैरवीसमेत हुदै आएका छन। विज्ञान शिक्षा परियोजनादेखि हालसम्म सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमसम्म क्षमता विकासले प्राथमिकता पाएको छ। शिक्षकलाई पेसागत तालिमका र अध्ययनको अवसर, प्रधानाध्यापक नेत्तृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भइरहेका छन। प्रधानाध्यापकको छुट्टै पदको विकास गर्ने भन्ने नीति तय गरिए पनि कार्यान्वयन हुन सकिरहेको छैन।सङघीयताको संरचना अनुसार तीनओटै तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। शिक्षा विकाससँग सम्बन्धीत संरचनाहरू पनि सोहीअनुसार बन्ने क्रममा छन। शिक्षाको व्यवस्थापनको लागि स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी रहने व्यवस्था छ। शिक्षकको पेसागत विकासको लागि प्रदेश सरकार अन्तर्गत तालिम केन्द्रहरू छन। शिक्षकका केही

पेसागत संङगठनहरू तथा विभिन्न गैरसरकारी सङ्घ संस्थाले पनि विभिन्न किसिम र समयावधिका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन।

चुनौती र अवसरहरुः

- माध्यमिक शिक्षाका चुनौतीको रूपमा निःशुल्क माध्यमिक शिक्षालाई कार्यन्वयन गर्नु
- माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा ल्याउनु
- विपन्न बालबालिका, विभिन्न अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला, दलित बालबालिकाहरूलाई शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु
- माध्यमिक तहको कुल भर्नादर घटाउनु र खुद भर्नादर बढाउनु,
- सूचना सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु
- शिक्षकको पेसागत समर्पण र दक्षतामा बृद्धि र सिकाइमा प्रभावकारी ढङ्गले त्यसको प्रयोग गरी सिकाइ उपलब्धिमा सुधार गर्नु
- शिक्षण पेसाप्रति आकर्षण बृद्धि गर्नु
- सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधारको विकास गरी बालमैत्री शिक्षण सिकाइ  प्रक्रिया सञ्चालन गर्नु
- सङघीय संरचना अनुसार माध्यमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत, कानुन तथा संरचनागत स्वरूपको विकास तथा कार्यान्वयन र संस्थागत क्षमता विकास गर्नु।
- शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित बनाइ व्यवस्थित गर्नु
- आवश्यक विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्नु
- विभिन्न विपद, संकट तथा आपतकालको समयमा शिक्षण सिकाइ कार्य सञ्चालन गर्नु आदि।

नेपालको विद्यालय शिक्षामा देहाय बमोजिमका अवसरहरूको व्यवस्था गरेको पाइन्छः

- नेपालको संबिधानको मौलिक हक सम्बन्धी व्यवस्थाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक, समावेशी र पहुँचको सिद्धान्तलाई अपनाइएको
- संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई राज्यवाट माध्यमिक शिक्षा निःशुल्क पाउने हक व्यवस्था गरीएको
- अपाङ्गता भएका र आर्थिकरूपमा विपन्न नागरिकलाई उच्च शिक्षा समेत निःशुल्क हुने व्यवस्था गरेको
- दलितको लागि नेपालको संविधानको धारा ४० मा उच्च शिक्षा सम्म छात्रवृत्तिसहित निःशुल्क हुने व्यवस्था गरेको।

- शिक्षा सम्बन्धी अधिकार नेपालको संविधान अनुसार अनुसुची ९ मा उल्लिखित क्षेत्रभित्र रहेर नगरपालिकाले माध्यमिक शिक्षाको स्तर वृद्धिका लागि योगदान गरेको छ।
- शिक्षालाई सङघ, प्रदेश र स्थानीय साझा अधिकारको रूपमा व्यवस्था गरी सबै निकायबाट आवश्यक प्रबन्ध मिलाईएको।

### ३.३.३ उद्देश्यहरू

१. जयपृथ्वी नगरपालिका क्षेत्र भित्रको माध्यमिक तहमा सबैको पहुँच र गुणस्तरमा सुधार गर्नु,
२. नगरपालिका क्षेत्रमा प्राविधिक तथा व्यबसायिक शिक्षा मार्फत सिपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु,
३. माध्यमिक शिक्षाको खुद भर्नादर तथा टिकाउ दर वृद्धि गर्नु।
४. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित निर्माण गर्नु।
५. सेवा क्षेत्रभित्रका सबै विद्यालयहरूको भौतिक पूर्वाधार विकास गर्नुका साथै संस्थागत क्षमता अभिबृद्धि गर्नु।
६. शिक्षक तालिम तथा शिक्षण सामग्रीको विकास गर्न सहयोग गर्नु।
७. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइको लागि तयार गर्नु।
८. समतामूलक शिक्षा विकासमा जोड दिनु,
९. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिनु,
१०. आवश्यकता अनुसार प्राविधिक धारका विद्यालयहरूको स्थापना र व्यवस्थापन गर्नु।

### ३.३.४ रणनीतिहरुः

माथि उल्लिखित उद्देश्यहरू हाँसिल गर्नका लागि निम्न लिखित रणनीतिहरू अवलम्वन गरिने छनः

१. शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि माध्यमिक शिक्षालाई निशुल्क र सर्वसुलभ गरिनेछ।
२. विद्यालयको वास्तविक अवस्था नक्साङ्कन गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयको पूर्ण विवरण तथा समायोजन गरिनेछ।
३. अति गरीव, अपांग तथा सामावेशिताको क्रम अनुसार छात्रबृत्तिको व्यवस्थागरिनेछ।
४. निशुल्क माध्यमिक शिक्षा सुनिश्चित गरिनेछ।
५. पालिका भित्रका विद्यालयहरूमा आवश्यकता अनुसार थप प्राविधिक शिक्षाका कक्षाहरूसञ्चालनगरिनेछ।
६. प्राविधिक शिक्षामा उत्कृष्ठ विद्यार्थीहरूलाई थप अध्ययनका लागि छात्रबृत्ति प्रदान गरिनेछ।
७. प्राविधिक शिक्षाको गुणस्तर विकासका लागि प्रयोगात्मक कार्यमा जोड दिइनेछ।

८. सेवा क्षेत्रका विद्यालयहरूका आवश्यकताका आधारमा भौतिक पूर्वाधारको क्रमशः विकास गरिनेछ।
९. प्रदेश र सङघीय सरकार संग समन्वय र सहकार्य गरी शिक्षक तालिम सञ्चालनगरिनेछ।
१०. संस्थागत क्षमता अभिबृद्धिका लागि प्र.अ. गोष्ठी, सेमिनारहरू सञ्चालन गरिनेछ।
११. विद्यालयमा चाहिने अति आवश्यक शैक्षणिक सामग्रिको तत्काल व्यवस्था गरिनेछ।
१२. सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउनका लागि कार्यमुलक, व्यबहारिक शिक्षा प्रदान गरिनेछ।
१३. सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग शिक्षण क्रियाकलाप सञ्चालन गर्ने।
१४. विद्यालयमा हरेक हप्ता अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने।
१५. पुस्तकालय र अन्य शैक्षणिक सामाग्रिको व्यवस्थापन गर्ने।
१६. प्रत्येक तीन महिनाको कम्तिमा एक पटक विद्यालयको सुपरीवेक्षण गर्ने।
१७. आपतकालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि शिक्षक विद्यार्थी र अभिभावकको क्षमता विकास गरिनेछ।
१८. गणित, विज्ञान र अङग्रेजी विषयहरू शिक्षण गर्दा दैनिक जीवन संग सम्बन्धीत गरेर शिक्षण गरिने छ,
१९. शिक्षाको गुणस्तर र दिगोपनालाई आत्मसाथ गर्न हरेक बर्ष सरोकारवालाहरू संग छलफल र अन्तरक्रियाहरूसञ्चालनगरिने छन,
२०. शिक्षासँग सम्बन्धीत राम्रा अभ्यासहरू अवलम्वन गरिने छन,
२१. हरेक विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्थागरिने छ,
२२. शिक्षकहरूको क्लस्टर बनाई घुम्ती शिक्षकहरूको व्यवस्था गरिने छ,

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क. उपलब्धि

- माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच र गुणस्तरमा सुधार भएको हुने,
- व्यबसायिक तथा प्राविधिक शिक्षाको विस्तार तथा गुणात्मकतामा अभिबृद्धि भएको हुनेछ,
- विद्यालयहरूको संस्थागत क्षमता तथा भौतिक संरचनाको विकास भएको हुनेछ,
- सबै विद्यालयमा सूचना तथा सञ्चारको पहुँच र गुणस्तरीय प्रयोग भएको हुनेछ,
- शिक्षाको पेसागत विकास तथा गुणस्तरमा सुधार भएको हुनेछ,

ख. नतिजा

- सबै बालबालिकालाई निशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भएको हुने,

- माध्यमिक तहका विद्यालयहरूको शैक्षिक गुणस्तर अभिबृद्धि भएको हुने,
- विद्यार्थीको भर्ना दर, टिकाउ दर, उच्च रहेको हुनेछ,
- माध्यमिक तहको खुद भर्नादर ७८ प्रतिशत पुगेको हुनेछ।
- विद्यालयमा सम्पूर्ण शैक्षिक सामग्री तथा प्रयोगशालाको विकास भएको हुनेछ,
- माध्यमिक विद्यालयहरूमा विद्यालय तथा समाजको आवश्यकता अनुसार थप प्राविधिक तथा व्यबसायिक शिक्षा सञ्चालन तथा गुणस्तर अभिबृद्धि भएको हुने छ,
- प्राविधिक तथा व्यबसायिक शिक्षाका शिक्षकको पेसागत क्षमता विकासका लागि तालिमको व्यवस्था भएको हुनेछ,
- विद्यालयमा सुरक्षित भौतिक पूर्वाधार (खेलमैदान, भवन, शौचालय, घेरवार) आदिको व्यवस्था भएको हुनेछ,
- हरेक विद्यालयमा आइ.सि.टी. जडान तथा प्रयोग भएको हुनेछ,
- विद्यालयमा विद्युतीय पुस्तकालय भएको हुनेछ,
- शिक्षाको गुणस्तर अभिबृद्धिका लागि सम्पूर्ण शिक्षकहरू तालिम प्राप्त भएका हुनेछन,
- घुम्ती शिक्षकको व्यवस्था भएको हुनेछ,
- नगरपालिका भित्रमा कम्तिमा एउटा माध्यमिक विद्यालय आवासीय हुनेछ।

## ग. प्रमुख क्रियाकलाप तथा लक्ष्यः

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | पाठ्यपुस्तक निशुल्क वितरण (९-१२) | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङघीय सरकार |
| २ | निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनका लागि कार्यविधि तथा निर्देशिका निर्माण | पटक | १ | | | | | १ | | |
| ३ | विद्यार्थी भर्ना तथा अभिभावक अन्तर्क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक तथा व्यबसायिक धारका विद्यालयहरूको स्थापना | सङख्या | | १ | | | १ | २ | | सङघीय सरकार |
| ५ | शिक्षक तालिम/ पुनताजगी तालिम सञ्चालन | जना | ७ | ७ | ७ | ७ | ९ | ३७ | | प्रदेश सरकार |
| ६ | बिषयगत दरबन्दी निर्धारण र वितरण विद्यार्थीको अनुपातमा | जना | सबै | सबै | सबै | | | सबै | | सङघ, प्रदेश र स्थानीय |
| ७ | विद्यालयको सुपरिबेक्षण तथा शिक्षक पेसागत सहयोग | सबै | ३ | ३ | ३ | ३ | ३ | १५ पटक सबै | | |
| ८ | आवासीय विद्यालय स्थापना | ओटा | १ | | | १ | | २ | | सङघ, प्रदेश |
| ९ | प्रयोगशालाको निर्माण तथा व्यवस्थापन | ओटा | २ | २ | २ | २ | २ | १० | | सङघ, प्रदेश |
| १० | प्र.अ., शिक्षक तथा बि.व्य.स.का लागि तालिम | जना | २४ | २४ | २४ | २४ | २४ | १२० | | |
| ११ | आवश्यकताअनुसार विद्यालयका भौतिक पूर्वाधार विकास | विद्यालय | २ | २ | २ | २ | २ | १० | | |
| १२ | आइ.सी.टी जडान तथा प्रयोग | विद्यालय | २ | २ | २ | २ | २ | १० | | |
| १३ | घुम्ती शिक्षकको व्यवस्था | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| १४ | भौतिक | विद्याल | २ | २ | २ | २ | २ | १० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संरचनाको मर्मत सम्भार | य | | | | | | | | |
| १५ | छात्रबृत्तिको व्यवस्था | छात्रा | | | | | | | | |
| १६ | माध्यमिक तहले सञ्चालन गर्ने परीक्षा थप व्यवस्थित | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १७ | सिर्जनात्मक क्रियाकलापका लागि विद्यालयहरूलाई प्रस्ताव माग र कामका आधारमा | इच्छुक विद्यालय | १ | १ | १ | १ | १ | | | |
| १८ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| १९ | विद्यालयलाई प्रकोप सङकट तथा महामारी लगायतका परिस्थितिमा शिक्षण सिकाइ | योजना तयारी | १ | | | | | | | |
| २० | नतिजाप्रति शिक्षकलाई जिम्मेवार बनाइ कार्यसम्पादन र नजितामा आधारित प्रोत्साहन अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | उत्कृष्ठ नतिजा हासिल गराउने शिक्षक तथा विद्यालयलाई सम्मान कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | | | |
| २२ | अपुग शिक्षक दरबन्दीलाई क्रमश नगर/प्रदेश स्वयंसेवक शिक्षक व्यवस्था | शिक्षक | ३ | ३ | ३ | | | ९ जना | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक अनुमानित बजेट तालिका

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | पाठ्यपुस्तक निशुल्क वितरण (९-१२) | २ करोड २५ लाख | ४५०० | ४५०० | ४५०० | ४५०० | ४५०० | सङ्घ | |
| २ | निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन का लागि कार्यविधि तथा निर्देशिका निर्माण | | | | | | | नगरपालिका | |
| ३ | विद्यार्थी भर्ना तथा अभिभावक अन्तर्क्रिया | ५०० | १०० | १०० | १०० | १०० | ५०० | नगरपालिका | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक तथा व्यबसायिक धारका विद्यालयहरू को स्थापना | | | | | | | सङ्घीय सरकार | |
| ५ | शिक्षक तालिम/ पुनताजगि तालिम सञ्चालन | | | | | | | प्रदेश,नगरपालिका | |
| ६ | बिषयगत दरबन्दी निर्धारण र वितरण विद्यार्थीको अनुपातमा | ५०० | २५० | | | २५० | | नगरपालिका | |
| ७ | विद्यालयको सुपरिबेक्षण तथा शिक्षक पेसागत सहयोग | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगरपालिका | |
| ८ | आवासीय विद्यालय स्थापना | | | | | | | प्रदेश | |
| ९ | प्रयोगशाला को निर्माण तथा व्यवस्थापन | ३२५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | सङ्घ तथा प्रदेश सरकार | |
| १० | प्र.अ., शिक्षक तथा बि.व्य.स.का लागि तालिम | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | आवश्यकता अनुसार विद्यालयका भौतिक पूर्वाधार विकास | ७करोड ९० लाख | १ करोड ५८ लाख | १ करोड ५८ लाख | १ करोड ५८ लाख | १ करोड ५८ लाख | १ करोड ५८ लाख | सङ्घीय सरकार प्रदेश सरकार गैरसकारी संस्था | |
| १२ | आइ.सी.टी जडान तथा प्रयोग | ६५०० | १३०० | १३०० | १३०० | १३०० | १३०० | सङ्घ प्रदेश र स्थानीय तह | |
| १३ | घुम्ति शिक्षकको व्यवस्था | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | |
| १४ | भौतिक संरचनाको मर्मत सम्भार | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगरपालिका | |
| १५ | छात्रबृत्तिको व्यवस्था | | | | | | | सङ्घीय सरकार | |
| १६ | माध्यमिक तहले सञ्चालन गर्ने परीक्षा थप व्यवस्थित | | | | | | | नगरपालिका | |
| १७ | सिर्जनात्मक क्रियाकलाप का लागि विद्यालयहरू लाई प्रस्ताव माग र कामका आधारमा | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | |
| १८ | राष्ट्रिय पाठ्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रारूप २०७६ कार्यान्वयन | | | | | | | | |
| १९ | विद्यालयलाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिमा शिक्षण सिकाइ | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | |
| २० | नतिजाप्रति शिक्षकलाई जिम्मेवार बनाइ कार्यसम्पादन र नजितामा आधारित प्रोत्साहन अनुदान | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | |
| २१ | उत्कृष्ठ नतिजा हासिल गराउने शिक्षक तथा विद्यालयलाई सम्मान कार्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | |
| २२ | अपुग शिक्षक दरबन्दीलाई क्रमश नगर/प्रदेश | ७५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | प्रदेश सरकार, नगरपालिका र अन्य गैरसरकारी | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्वयंसेवक शिक्षक व्यवस्था | | | | | | | संस्था | |

## ३.४ पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१ परिचयः

पाठ्यक्रम सिकाइको योजना हो। विद्यालय शिक्षालाई व्यवस्थित तथा प्रभावकारी बनाउन के पढाउने, कति पढाउने, कसरी पढाउने, कुन विधि प्रयोग गर्ने, मूल्याङ्कनका कुन कुन साधनको प्रयोग गर्न, कुन विषयवस्तुमा कति समय खर्च गर्ने जस्ता प्रश्नको उत्तर दिने दस्तावेज नै पाठ्यक्रम हो। शिक्षक सिकाइ क्रियाकलापलाई व्यवस्थित बनाउन तयार पारिएको शैक्षिक योजनाको रूपमा पनि लिन सकिन्छ।पाठ्यमक विद्यार्थीहरूलाई के र कसरी सिकाउने कुराको प्रतिनिधित्व गर्दछ भने सिकेका कुराहरू विद्यार्थीहरूले कुन हदसम्म प्राप्त गर्यो वा गरेन भनेर लेखाजोखा गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ। यसरी पाठ्यक्रम र मूल्याङ्कन एउटै सिक्काका दुइ पाटाका रूपमा रहेका छन। अथवा मूल्याङ्कनले पाठ्यक्रमको समग्र पक्षको मूल्याङ्कन गर्ने कार्य गर्दछ।

पाठ्यक्रमले समग्र देशको शिक्षामा एक रूपता कायम गरी शिक्षाको माध्यमबाट ज्ञान सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग गर्नु पर्दछ। यसका साथै पाठ्यक्रमले निश्चित मूल्य तथा मान्यताको विकास गर्ने भएकोले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई आत्मसाथ गर्दै समतामुलक, विभेदरहित, समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न, आफ्नो तथा अरूको हक अधिकार प्रति सचेत रही सिर्जनात्मक ढंगबाट सोच्न तथा निर्णय लिन सहयोग गर्दछ। मानवीय आवश्यकता, सामाजिक मूल्य मान्यता, सिकारूको रूचि र समाज तथा विश्वमा परिवर्तिक ज्ञान तथा प्रविधिको आत्मसाथ गर्ने गतिशील प्रक्रियाको रूपमा लिइन्छ।

### ३.४.२ वर्तमान अवस्थाः

शिक्षा विकासको पूर्वाधारको पनि पूर्वाधार हो। शिक्षा मानव समाज रूपान्तरणको माध्यम भएकोले वर्तमान नागरिक कस्तो बनाउने भन्ने कुरा पाठ्यक्रमको माध्यमबाट जानकारी पाइने भएकोले पाठ्यक्रम विकास तथा निर्माण प्रक्रियाले नै देशको शिक्षा अवस्थाको चित्रण गर्ने गर्दछ। समग्र देशको शिक्षाको सपना पाठ्यक्रममा हुने गरेको तर विद्यालयसँ सम्बन्धीत पक्ष अधिकाश शिक्षकहरू पाठ्यपुस्तकलाई मुख्य आधार मानी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको पाइन्छ।

पाठ्यक्रम भन्दा पनि पाठ्यपुस्तक विद्यालयमा उपलब्ध भयो या भयन कुराको चर्चा बढी हुने गरेको पाइन्छ।

हाम्रो देशमा पाठ्यक्रमको विकासक्रम हेर्दा वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङगहरू सहित पाठ्यक्रमलाई दस्तावेजको रूपमा कार्य प्रारम्भ भयो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यक्रम विकास केन्द्रको स्थापना र यसको निरन्तरता सँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार र अध्यावधिक गर्ने कार्य केन्द्रबाट भइरहेको सन्दर्भमा विद्यालयको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा विस २०६३ मा सर्वप्रथम पाठ्यक्रम प्रारूप विकास गरी सोहि अनुरूप पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरूगरीयो। यसैक्रममा विस २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भइ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वय गर्ने क्रममा विद्यालय तहको नयाँ पाठ्यक्रम विकास गरी वि.स. २०७७ देखि कक्षा १ र ११मा कार्यान्वयन सुरू भएको छ भने आगामी शैक्षिक सत्र २०८० मा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुनेछ।

यसरी कार्यान्वयन हुन गइ रहेको पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृतगरीएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ तर्जुमा गर्ने रणनीति लिइएको छ। आधारभूत तह कक्षा १-८ सम्ममा स्थानीय विषयवस्तु, स्थानीय कला संस्कृती, भाषा, इतिहास, परम्परा सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० सम्म भारको प्रयोगात्मक कार्य परियोजना कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्नेछ। यसै गरी पढाइको भाषा स्थानीय भाषा, मातृभाषा तथा वहुभाषाको माध्यमबाट शिक्षण गर्नुपर्ने व्यवस्था छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा सोअनुरूप विकास गरीएका पाठ्यक्रमका व्यवस्था प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकासको अवसर, उत्प्रेरणा तथा जवाफदेहिता महत्त्वपूर्ण छ भने शिक्षक सहायता प्रणाली स्थापना स्थानीय लगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने निकाय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ। विद्यालयतहमा कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनमा जटिलताको मनन गरी पाठ्यक्रम सुधार तथा समायोजन गर्नु जरूरी छ। प्रारम्भिक तहको शिक्षा पाठ्यक्रम शिक्षण सिकाइ तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ।

विद्यालय तहका पाठ्यपुस्तक खरिदका लागि स्थानीय तहमार्फत नेपाल सरकारले रकम विनियोजन गर्दै आएको छ। कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने प्रति बालबालिका पाठ्यक्रम विकास

केन्द्रले निर्धारण गरेको मूल्यसुचीको आधारमा दिने व्यवस्था छ। पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तक वाहेक केही बाल सन्दर्भ सामग्रीको विकास गरी वेबसाइटमा राख्ने गरेको छ। परिवर्तित सन्दर्भ अनुसार सबै स्थानीय तहहरू स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन कार्यमा जुटेका छन। यस जयपृथ्वी नगरपालिकाले पनि कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माणगरी सकेको छ भने कक्षा ६ देखि ८ को स्थानीय पाठ्यक्रम निर्माण गरिरहेका छौं।

चुनौतीहरुः

- परिवर्तित समयअनुसार निर्माण गरिएको पाठ्यक्रम प्रभावकारी कार्यान्वयन गरी सिकाइ प्रभावकारी बनाउनु।
- पाठ्यक्रम परिवर्त भइ कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित शिक्षक तथा विद्यालयको भएपनि पाठ्यक्रम प्रति जिम्मेवार बहन गर्नु ।
- सबै शिक्षकहरूलाई  नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु, पाठ्क्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागीता सुनिश्चित गर्नु,
- पाठ्यक्रम  विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु,
- पालिका स्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यक संरचनाको स्थापना गर्नु।
- यसका अतिरिक्त शिक्षक निर्देशिका लगायतका विद्यार्थीका लागि उपलब्धतता  सुनिश्चित गर्नु,

  अवसर

- मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइको अभिन्न अङग बनाउनु,परीक्षणलाई विद्यार्थीको संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञा तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्य सम्पादन स्तरलाई समकक्षता प्रदान गर्नु।
- पाठ्यक्रम पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीलाई कण्ठ गर्ने किसिमको संज्ञानात्मक पक्ष भन्दा सिप र सिर्जनालाई प्राथमिकता दिने कार्यको आरम्भ हुनु,
- मूल्याङ्कन प्रणाली विद्यालय र शिक्षकमा आधारित हुदै जानु,स्थानीय ज्ञान सिप र प्रविधिलाई क्रमश पाठ्यक्रममा समावेश गरी शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने कार्यको आरम्भ हुनु लगायत आफ्नै परिवेश अनुकुलको पाठ्यक्रम निर्माण गरी  कार्यान्वयन गरी रहेको अवस्था हुनु जस्ता पक्षहरूलाई पाठ्यक्रम र मूल्याङ्कन प्रणालीमा देखिएका अवसरहरूको रूपमा लिन सकिन्छ।

### ३.४.३ उदेश्यः

यस योजनाले पाठ्यक्रम र मूल्याङ्कनका उपक्षेत्रको लक्ष्यको रूपमा पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई नगरपालिकाका बालबालिकाहरूको सिकाइमा सुधार गरी सक्षम,सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न निम्नलिखित उद्धेश्यहरू रहेका छन:

१. पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नु।
२. सिकाइका लागि दैनिक जीवनसँग सम्बन्धीत हुनेगरी विषयवस्तुहरूलाई अन्तरसम्बन्धीत सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
३. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्धारा स्थानीय र आधुनिक सामग्रि प्रयोग गरी सिकाइको विकास गर्नु।
४. सिकाइलाई मूल्याङ्कनको अभिन्न अङगको रूपमा विकास गरी प्रभावकारी मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्नु।
५. कक्षाकोठामा हुने सिक्षण सिकाइलाई पाठ्यपुस्तकमा आधारित भन्दा पनि पाठ्यक्रममा आधारित बनाउन शिक्षकको दक्षता र समर्पण भावको विकास गर्नु।
६. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

### ३.४.४ रणनीतिहरुः

उल्लिखितउद्धेश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अबलम्बन गरिएको छ:

१. पाठ्यक्रम विकास केन्द्रबाट निर्माण गरिएको तहगत पाठ्ठ्यक्रम सबै शिक्षकहरूमा प्रभावकारी ढङ्गमा प्रवोधीकरण गरी कार्यान्वयन गर्ने।
२. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीको लागि स्वाध्ययन तथा सन्दर्भ सामग्रीको सर्वसुलभ उपलब्ध गर्ने।
३. स्थानीय तहबाट निर्माण हुने स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा सबै सरोकारवालाहरू, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन समिति, शिक्षाप्रेमी, परम्परागत ज्ञान सिपको प्रतिनिधित्व हुनेगरी निर्माण गर्ने।
४. बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी आवश्यकता अनुसार माध्यम भाषा प्रयोग गर्ने।
५. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरूलाई कार्यान्वयन तह देखि समाधान गरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी गर्ने।
६. पाठ्यक्रमले तोकेका विषयवस्तुअनुसारका कार्यघण्टाअनुसार शिक्षण शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गराउने।

७. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवस्थित एवम सिकाइ प्रक्रियाको महत्त्वपूर्णअङगको रूपमा विकास गर्ने।
८. विद्यार्थी मूल्याङ्कनको लागि विद्यार्थीहरूको पोर्टफोलियो तयार गरी प्रयोग गर्ने।
९. सिकारूको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेहि बनाइ विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकासमा ग्राह्यता दिई उचित पुरस्कारको समेत व्यवस्था गर्ने।
१०. शिक्षण सिकाइ भन्दा परीक्षालाई महत्व दिने हाम्रो संस्कारलाई परिवर्तन गरी सिकेको प्रमाणित भइ सकेपछि परीक्षा लिइरहनु नपर्ने गरी मूल्याङ्कन प्रणालीको विकास गर्ने।
११. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगमा प्रोत्साहित गर्ने।
१२. विपद्, महामारी तथा सङ्कटको समयमा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।

## ३.४.५उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्माक लक्ष्य

क) उपलब्धि

विद्यालय तहमा पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी मूल्याङ्कन प्रणाली प्रभावकारी भइ दैनिक जीवनका लागि आधारभूत सक्षमतासहितको विद्यार्थी निर्माणमा सहयोग भएको हुने।

ख) नतिजा

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मको नयाँ पाठ्यक्रम कार्यान्वयन भएको हुने छ।
२. कक्षा १-३ मा व्यवहारकुशल सिपसहित अन्तरविषयक र बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम कार्यान्वयन भएको हुने छ।
३. कक्षा १-८ सम्म सबै विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण भइ कार्यान्वयन भएको हुने छ।
४. प्रारम्भिक बालविकास शिक्षा देखि आधारभूत तहसम्म आवश्यकता अनुसार मातृभाषामा सिकाइ सहजिकरण भएको हुने छ।
५. कक्षाकोठाको सिकाइको अभिन्न अङगका रूपमा सिकाइ सुधारको माध्यमको रूपमा मूल्याङ्कनको प्रयोग हुनको साथै विभिन्न तहमा सञ्चालन गरिने परीक्षामा तथा विद्यार्थीमा सिकाइ क्षमता बढेको हुने छ।
६. पाठ्यक्रमले परिकल्पना गरेको आन्तरिक तथा वाह्य मूल्याङ्कन प्रणाली कार्यान्वयन भएको हुनेछ।
७. सिकाइ क्रियाकलाप बालमैत्री तथा सूचना प्रविधिमैत्री भएको हुनेछ।
८. विद्यार्थी सिकाइ उपलब्धि बढेको हुनेछ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | पाठ्यक्रम कार्यान्वयको लागि छलफल तालिम सञ्चालन | पटक | तहगत रूपमा | १ | १ | १ | १ | ५ | | |
| २ | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षक तालिम तथा अन्तर्क्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | शिक्षक पेसागत सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | आवधिक मूल्याङ्कन सम्बन्धी छलफल | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ६ | परीक्षा सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ७ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | पटक | १ | | | | | | | |
| ८ | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | ✓ | | | | | | | |
| ९ | शिक्षक निर्देशिका तथा सान्दर्भिक शैक्षिक सामग्री वितरण | पटक | १ | | | | | | | |
| १० | कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली | पटक | निरन्तर | | | | | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक अनुमानित वजेट तालिका

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | पाठ्यक्रम कार्यान्वयको लागि छलफल तालिम सञ्चालन | १० लाख | ५०० | २०० | १०० | १०० | १०० | नगरपालिका, प्रदेश सङघीय तथा सङघ संस्था | पहिलो वर्ष सबै शिक्षक क्रमश प्रत्येक वर्ष छलफल |
| २ | पाठ्यक्रमको | २५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगरपालिका, | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रभावकारी कार्यान्वयनको लागि शिक्षक तालिम तथा अन्तर्क्रिया कार्यक्रम | लाख | | | | | | केन्द्र तथा सङ्घ संस्था | |
| ३ | शिक्षक पेसागत सहयोग | | | | | | | प्रदेश सरकार | टिपीडी तालिम |
| ४ | आवधिक मूल्याङ्कन सम्बन्धी छलफल | ५लाख | १०० | १०० | १०० | १०० | १०० | स्थानीय, प्रदेश र केन्द्र सरकार | निरन्तर अपडेड गर्ने |
| ५ | अनुगमन | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | नगरपालिका | |
| ६ | परीक्षा सञ्चालन | ३५ लाख | ७०० | ७०० | ७०० | ७०० | ७०० | सङ्घीय सरकार र स्थानीय सरकार | कक्षा ८ लगायत |
| ७ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | ५०० | २०० | १०० | १०० | १०० | | स्थानीय सरकार | |
| ८ | निःशुल्क पाठ्यपुस्तक वितरण | २ करोड | ४० लाख | ४० लाख | ४० लाख | ४० लाख | ४० लाख | केन्द्र सरकार | हरेक वर्ष प्रदान गर्दै आएको |
| ९ | शिक्षक निर्देशिका तथा सान्दर्भिक शैक्षिक सामग्री वितरण | ७०० | ३०० | १०० | १०० | १०० | १०० | सङ्घ संस्था तथा स्थानीय सरकार | पहिलो वर्ष खरिद गर्ने अनि निरन्तर |
| १० | कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली | ११०० | ३०० | २०० | २०० | २०० | २०० | स्थानीय सरकार | |

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षक एक महत्त्वपूर्ण स्रोत हो । शिक्षकमा भएको पेसागत दक्षता विषयबस्तुको ज्ञान पेसाप्रतिको निष्ठा,ईमानदारी,आफुसँग भएको ज्ञानलाई हस्तान्तरण गर्ने कलाले नै विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । हाम्रो जस्तो मुलुकमा शिक्षामा विनियोजित बजेटको ठुलो हिस्सा शिक्षकको तलव भत्तामा खर्च हुनु र शैक्षिक सामाग्री खरिद लगायत अन्य शीर्षकमा न्यून बजेटका बाबजुत

पनि गुणस्तरीय शिक्षामा शिक्षकको महत्त्वलाई प्रमाणित गर्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरू (उच्च मावि) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन्। यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन्।शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा जयपृथ्वी नगरपालिकाको वर्तमान अवस्था र समसामयिक सवालहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

## ३.७.२ वर्तमान अवस्थाः

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि शिक्षाको राष्ट्रिय नीति, २०७६ ले सवै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरूको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिबृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीति अघि सारेको छ । नेपालको पन्ध्रौं योजना (२०७६/०७७/२०८०/०८१) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिइने अवस्थामा सुधार हुँदै गएको छ ।

शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरू र त्यसमा पनि महिलाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । आगामी दिनहरूमा निरन्तर शिक्षककोपेसागत विकास तथा सहयोग, पूर्वानुमानयोग्य सरूवा र बढुवा प्रणाली,

कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कारसम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती, मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्याई सोझै प्रवेश गराउन सकिने गरी कानुनी तथा प्रक्रियागत व्यवस्थाको सुनिश्चिततामार्फत शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गराउन आवश्यक देखिएको छ ।

शिक्षक सेवा आयोगबाट आधारभूत तह (कक्षा १–५), आधारभूत तह (कक्षा ६–८) र माध्यमिक तहमा रिक्त शिक्षक दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ । विद्यालय र कक्षाकोठालाई नैतिक आचरण, कम्प्यूटरसम्बन्धी दक्षता, बालबालिका प्रति सकारात्मक प्रवृत्ति र आर्थिक प्रलोभन भन्दा पनि सामाजिक प्रतिष्ठा र सम्मानलाई महत्त्व दिने स्वभावको शिक्षकको आवश्यकता भएतापनि शिक्षक सेवा आयोगको पाठ्यक्रमले त्यस प्रकारको शिक्षक छनौटका लागि योगदान गर्न नसकेको देखिन्छ नेपालमा उच्च माध्यमिक तह र विश्वविद्यालयहरूले शिक्षा शास्त्रको अध्यापन कार्य सञ्चालन गर्दै आएका बी.एड., एम.एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुवै मानिएको छ । यस्ता कार्यक्रमहरूमा विद्यार्थी भर्नाका आधारहरू न्यूनतम ग्रेड तोकिएको हुँदा यसकै परिणामस्वरूप विश्वविद्यालयका यी कार्यक्रमहरूमा उत्तीर्ण दर पनि न्यून रहेको देखिन्छ । दृष्टान्त दिएर भन्नुपर्दा सन्२०१८/०१९ मा भर्ना भई परीक्षामा सहभागी भएका परीक्षार्थीहरूमध्ये १६.६५ प्रतिशत विद्यार्थी नियमिततर्फ उत्तीर्ण भएको देखिन्छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम शिक्षाशास्त्रबाट कक्षा १२ उत्तीर्ण एवम् विश्वविद्यालयबाट बी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ ।

शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे बी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसैगरी माध्यमिक तह कक्षा ११–१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

पन्ध्रौं योजनाले शिक्षकको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भए पनि यो कार्य हुन सकेको छैन । राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ । यही मापदण्डका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ।
विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षणसिकाइलाई विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित र सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको छ । मूलतः बालबालिकाको सिकाइ उपलब्धि कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा निर्भर रहने हुँदा नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयास भए तापनि अपेक्षित उपलब्धि हासिल भएको अवस्था देखिदैन ।
पन्ध्रौ योजनाले शिक्षणसिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षाशिक्षण पद्धतिमार्फत पढाइ सिप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ । विद्यालय क्षेत्र विकास योजना (२०७३-०७४/२०७७-०७८) ले शैक्षणिक अभ्यासको सुधारमार्फत नै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन्छ भन्ने मान्यता बोकेको पाइन्छ । यस योजनाले बालकेन्द्रित तथा अन्तरक्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तौरतरिकाको प्रयोगमा जोड दिएको पाइन्छ । यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ ।
विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कष्टमाइज्ड तालिमहरू सञ्चालन गरी शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्नगरीयो । यत्ति हुँदा पनि हाम्रा शिक्षकहरूलाई एकातिर कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलापहरूमा रमाउनका लागि

उपयुक्त वातावरणको सिर्जना गर्न नसकेको अवस्था छ भने अर्कोतिर शिक्षण सिकाइ क्रियाकलापमा रमाउने स्वभावका शिक्षकहरू छनौट गरेर कक्षा कोठामा लिन नसकेको अवस्था पनि त्यत्तिकै खट्किएको देखिन्छ । कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदिका कारणले कक्षाकोठाको शिक्षणसिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ।

नेपालमा शिक्षक पेसागत सहयोगका लागि वि.स. २०२८ मा लागु भएको राष्ट्रिय शिक्षा पद्धति योजनाले लिडर र फिडर विद्यालयको अवधारणा पनि अघि सारेको थियो । यसैगरी विद्यालय सुपरीवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१–१९९१) हुदै नेपालको शिक्षा सुधारका लागि निरन्तर रूपमा धेरै परियोजना र कार्यक्रमहरू कार्यान्वयनमा आए । अध्ययन गर्दा ती सबैले शिक्षकको पेसागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमशः तिनको सङ्ख्या विस्तार गरी १०५१ स्रोत केन्द्रहरूमार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेको थिय।सङ्घीय संरचनाको कार्यान्वयनसँगै हाल आएर स्रोत केन्द्र पद्धति विघटन भएको हुँदा स्रोतकेन्द्रबाट सम्पादन हुने कार्यहरू स्थानीय तह मार्फत शिक्षा युवा तथा खेलकुद शाखाबाट हुदै आएका छन।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी प्राप्ति विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तरमा अभिबृद्धि गर्ने एवम् स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरूलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरेपनि यस तर्फ आवश्यक कानून र कार्यक्रमको व्यवस्था मिलाउन सकिएको छैन।दिगो विकास लक्ष्य (२०१६–२०३०) अनुसार सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबिच सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन ।

शिक्षाका पूराना संरचनाहरू विघटन भएको र नयाँ सरचनाको विकास पनि नभइसकेको अवस्थामा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा झै यस नगरपालिकामा पनि शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरू जस्तै– कक्षा अवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण

आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, कन्फरेन्स,सहपाठीसँगको अन्तरक्रिया, प्रतिविम्बित अभ्यास आदि दिशाविहीन भएको अवस्था छ ।

पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसै कुरालाई आत्मसात गरी पन्ध्रौं योजनाले विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागतविकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशःअलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने उल्लेख छ । यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धतिसम्बन्धी ज्ञान र सिप हासिल गरी पठनपाठनमा सोको प्रभावकारी प्रयोग गर्न सक्नेगरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने व्यवस्था गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू, जस्तैः कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान मेन्टरिङ, कोचिङ आदि सञ्चालन गरिने व्यवस्था गरेको छ।साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ ।

मुलुक सङ्घीय संरचनामा गएसँगै शिक्षकको पेसागत विकासमा अग्रणी भूमिका निर्वाह गरीरहेको साविकको शैक्षिक जनशक्ति विकास केन्द्र साविकको शिक्षा विभागमा गाभिन गई सो विभाग हाल शिक्षा तथा मानव स्रोत विकास केन्दमा रूपान्तरण भएको छ । शैक्षिक जनशक्ति विकास केन्द्र गाभिएसँगै मुलुकभरि रहेको २९ ओटा तालिम केन्द्रहरू पनि गाभिएर ७ ओटा प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रमा रूपान्तरण भएका छन् । शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुँदै आएको छ । शिक्षकको पेसागत विकासका लागि सात ओटा प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाइन तथा अफलाइन विधिबाट एक महिने प्रमाणीकरण शिक्षक तालिम (दुई चरणमा) र कष्टोमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ । हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि शिक्षकको पेसागत विकासलाई जोड दिएको अवस्था छ ।

विद्यालय क्षेत्र विकास योजनावधिमा आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित र अङ्ग्रेजी विषयका  शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि टिपिडि तालिम सञ्चालनलाई प्राथमिकतामा राख्ने कार्य भइरहेको छ  तापनि विद्यमान सात ओटा शिक्षा तालिम केन्द्रहरूबाट मात्र ठूलो सङ्ख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम  प्रदान गर्न कठिन भएको अवस्था छ । यसैगरी शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र  तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोगमा समस्या देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरूले  औँल्याएका छन्।

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची  १२ मा व्यवस्था गरेको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा  कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक  तह ९–१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ । नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:३०, पहाडी भेगमा १:४० र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ ।

यही अनुपातलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरूका  लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ। शिक्षा तथा मानव स्रोत विकास  केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । तराईमा शिक्षक  विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेगमा यो अनुपात न्यून रहेको छ ।

जयपृथ्वी नगरपालिकाको सवालमा विद्यार्थी र शिक्षक अनुपात प्राथमिक तह कक्षा १-५ मा १:२४, कक्षा ६-८ मा १:४४, कक्षा१-८ मा  १:३५, कक्षा ९-१०मा १:६२ र माध्यमिक शिक्षा कक्षा ९-१२ मा १:६५रहेको छ।शिक्षक विद्यार्थी अनुपात असमान रहेको पाइयो। यो असमानता कम गर्न शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन निरन्तर गर्नुपर्ने आवश्यक छ।

### ३.७.२ चुनौती र अवसरहरू

- विद्यालयहरूमा तहगत रूपमा न्यूनतम विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,
- कक्षाकोठालाई पेसागत विकास र सिकाइको थलोको रूपमा विकास गर्नु,
- विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु
- कक्षाकोठाको सिकाइलाई पेसागत विकास र सिकाइ थलोको रूपमा विकास गर्नु
- नपुग शिक्षकको आपूर्ति नगरपालिकाले आफ्नै लगानीबाट गर्नेगरी स्रोतको व्यवस्थापन  गर्नु

- शिक्षकको सरूवा र बृत्ति विकासलाई पारदर्शी निष्पक्ष न्यायोचित बनाउनु
- पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत बनाउनु
- शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, सिकारू केन्द्रित बनाउनु।
- करार शिक्षक भर्ना गर्दा योग्यता तथा सक्षम शिक्षक भर्ना गर्नु।
- विषयगत शिक्षक व्यवस्थापन गर्नु।

अवसर

- शिक्षक सेवा आयोगले निरन्तर रूपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु,
- बढुवाका नियमित कार्यहरू प्रभावकारी रूपमाअगाडि बढाउनु,
- नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नकालागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदन अनुसार दरबन्दी मिलानका कार्यहरू शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तदारूपताका साथअगाडि बढ्नु,
- शिक्षकको पेसागत विकास प्रारूपअनुसारपेसागत विकास हनु
- शिक्षकको तालिमको लागि प्रदेशमा तालिम केन्द्र स्थापना हुनु
- तीन ओटै सरकारी तहबाट शिक्षक सम्बन्धि क्रियाकलाप सञ्चालन गर्नु।

## ३.७.३ उद्देश्यहरू

उपर्युक्त समीक्षा तथा चुनौतीहरूका आधारमा यस नगरपालिकाको शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरीएका छन् ।

१. शिक्षक पेशागत विकासका लागि पुर्नताजकिय तालिम सञ्चालन गर्नु
२. विद्यालयमा करार शिक्षक छनौट प्रक्रियालाई व्यवस्थित गर्नु
३. नगरपालिकास्तरमा शिक्षकलाई कार्यसम्पादनमा आधारित पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गर्नु ।
४. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।
५. आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्न आवश्यक सहयोग गर्नु ।
६. विद्यालय सुपरीवेक्षण प्रणालीलाई चुस्त, नतिजामुलक र उपचारात्मक गराउनु ।

## ३.७.४ रणनीतिहरू

१. नगरपालिकास्तरमा शिक्षक तथा विद्यालय कर्मचारीको सक्षमता प्रारूप विकास गरी कार्यान्वयनमा ल्याइने।

२. नगरपालिकाको विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी मिलान तथा शिक्षक पुनः वितरण गर्ने।
३. रिक्त तथा विषयगत शिक्षक अभाव भएको विद्यालयहरूमा शिक्षक वितरण गरिनेछ।
४. शिक्षकको पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गर्ने।
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ।
६. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास सम्बन्धी तालिम सञ्चालनका लागि समन्वय गर्ने।
७. विद्यालय सुपरीवेक्षण तथा अनुगमन कार्यका लागि संयन्त्र निर्माण गरी निरन्तर अनुगमन र सुपरीवेक्षण गर्ने।
८. शिक्षकको हाजिरि तथा उपस्थितिको लागि विद्यालय व्यवस्थापन समिति जिम्मेवार बनाइने।
९. शिक्षकहरूलाई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न प्रोत्साहित गरी जिम्मेवार बनाउने।
१०. विषयगत शिक्षक तथा कक्षागत शिक्षकहरूवीच अन्तर्क्रिया र छलफल मार्फत नयाँ पाठ्यक्रमसँग सम्बन्धीत नयाँ विषयवस्तुलाई सामान्यीकरण गर्ने।
११. पाठ्यक्रमले तोकिएका मूल्याङ्कन प्रणाली अबलम्बन गरी र पूर्ण कार्यान्वयन गर्ने।
१२. शिक्षकले कार्यसम्पादन मूल्याङ्कन फारम शिक्षकको कार्यसम्पादनसँग तादाम्यमता गरि सुधार गर्ने।

### ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. पर्याप्त मात्रामा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सक्षमतामा सुधार हुने छ ।

**ख) प्रमुख नतिजाहरू**

१. नगरपालिकास्तरमा शिक्षक सक्षमता प्रारूपको विकास भई कार्यान्वयन भएको हुने छ ।
२. शिक्षकको उपस्थिति, शिक्षण सिकाइ विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार भएको हुनेछ ।
३. शिक्षकहरू विद्यार्थीको सिकाइ उपलब्धि बृद्धि गर्न जवाफदेही भएको हुनेछ।
४. विद्यालयमा हुनु पर्ने न्यूनतम शिक्षकका साथै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगतरूपमा उपयुक्त सङ्ख्यामा शिक्षक दरबन्दीको मिलानपुनर्वितरण हुने छ।

५. शिक्षकको सरूवा र वृत्ति विकासका लागि पारदर्शि रपूर्वानुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धतिस्थापित हुनेछ ।
६. नगरपालिकास्तरमा पारदर्शी, बस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहनर पुरस्कार पद्धतिस्थापित भई कार्यान्वयनमा आएको हुनेछ ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक प्रगति (५ बर्ष) | | | | | भौतिक लक्ष्य १० बर्षे) |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १) | शिक्षकहरूकानिम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति बस्तुनिष्ठ मापदण्ड बनाइ कार्यान्वयन गर्ने । | | १ | | | | | |
| २) | अस्थायी तथा प्रदेश र स्थानीयतहबाटदरबन्दी सिर्जनागरीनियुक्तशिक्षकहरूकोव्यवस्थापनकालागिउपयुक्त मापदण्डतथा निर्देशिकानिर्माणगरी कार्यान्वयन गर्ने । | सङख्या | १ | | | | | |
| ३) | नगरपालिकामा रहेको जयपृथ्वी बहुमुखीक्याम्पसलाई शिक्षक तयारी कोर्सको पठनपाठनका लागि स्रोत रक्षमताको बिकास गर्ने । | एक क्याम्पस | | | | | | |
| ४) | नियमितशिक्षणसिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गरी कार्यान्वयन गर्ने । | सङख्या | १ | | | | | |
| ५) | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन एवम् उपचारात्मक शिक्षण पद्धति लागू गर्ने । | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | |
| ६) | योग्य,दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षणसिकाइलाई विद्यार्थीकेन्द्रित,परियोजनामा आधारित,समूहकार्यमा आधारित, प्रयोगात्मक कार्यमा आधारित बनाउने गरी शिक्षण तथा सिकाइसामग्री विकास गर्ने । | सबै विद्यालय | | | | | | |
| ७) | शैक्षिक सामग्री लगायत समग्र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र सिर्जनात्मक कार्य गर्नका लागि विद्यालयमा आवश्यक स्रोतको व्यवस्था गर्ने र सोको उपयोगको आधारमा थप व्यवस्थापन गर्दै जाने । | विद्यालय | | | | | | |
| ८) | विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्ने । प्रधानाध्यापकलाई जिम्मेवार बनाउने । | सबै प्र.अ. | | | | | | |
| ९) | सुपरीवेक्षणलाई विद्यालयमा आधारित बनाउन | जना | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक प्रगति (५ बर्ष) | | | | | भौतिक लक्ष्य १० बर्षे) |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| | विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरीवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | | | | | | | |
| १० | शिक्षण सिकाइमा सुधारका लागि शिक्षकहरूलाई प्रधानाध्यापक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकले शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा बढुवा र अन्य प्रोत्साहनको व्यवस्था गर्ने । | सवै शिक्षक | | | | | | |
| ११) | प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापहरूको सुधारका लागि कार्यमुलक अनुसन्धान गर्नुपर्नेरत्यस्ताउत्कृष्ठ अनुसन्धानलाइ नगरपालिकाले प्रकाशन गरी सम्प्रेषण गर्नुपर्ने । | सवै शिक्षक | | | | | | |
| १२) | शिक्षण सिकाइ लगायत विद्यालयको समग्र पक्षको अनुसन्धान र अनुगमन गरी प्रतिबेदन दिन बिज्ञहरू सम्मिलित भएको तेश्रो पक्षलाई खटाउने । | पटक | | | | | | |
| १३) | मार्गदर्शन/कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरूको इ-संजाल/समूह बनाउने । | सङख्या | | | | | | |
| १४ | शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम संचाजन गर्ने । (शिक्षण पेसामा प्रवेश गरेको शिक्षकका लागि कम्तिमा ३ महिना सम्म अनुभवी विज्ञ शिक्षकको साथमा रहेर) | जना | | | | | | |
| १५ | शिक्षकरूहको संस्था शिक्षक महासङघलाई शिक्षकहरूको पेसागत सहयोगको निम्ति जिम्मेवार बनाउने । | जना | | | | | | |
| १६) | विद्यालयमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षकको संयन्त्र विकास गरी कार्यान्वयनमा पुऱ्याने । | पटक | | | | | | |
| १७) | प्रधानाध्यापकबाट नियमित रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मुल्यांकन गर्ने । | सबै विद्यालय | | | | | | |
| १८ | सहपाठी कक्षा अवलोकन गर्ने । (प्रत्येक शिक्षकको प्रत्येक वर्ष कम्तिमा २ ओटा कक्षा अवलोकन र पृष्ठपोषण आदानप्रदन गर्ने) | कक्षा सङख्या | | | | | | |
| १९ | शिक्षकको पेसागत आवश्यकता अनुसार शैक्षिक तालिम केन्द्रहरूमा खटाइ शिक्षकहरूलाई पेसागत विकास | सङख्या | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक प्रगति (५ बर्ष) | | | | | भौतिक लक्ष्य १० बर्षे) |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| | तालिम लिन अभिप्रेरित गर्ने । तालिम आदान प्रदानको संस्कार विकास गर्ने । | | | | | | | |
| २० | नगरपालिका स्तरमा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई अभिवृद्धिका लागि उपयोग गर्ने। | समूह सङख्या | | | | | | |
| २१ | नगरपालिका स्तरमा सञ्चालन हुने प्रधानाध्यापक बैठकलाई नियमित र व्यस्थित गराउनुका साथै हरेक विद्यालयमा गरेको केही अनुकरणीय कार्य अर्थात असल अभ्यासलाई प्रस्तुत गर्नुपर्ने । | पटक | | | | | | |
| २२ | ब्यवहार कुशल तथा एकाइसौं शताब्दीको सिकाइ सिप, आधारभूत तह कक्षा १-५ मा पढाउने शिक्षकका लागि कक्षा शिक्षण समबन्धी र अन्तरसम्बन्धीत विषयबस्तुलाई समेत समेटी मागमा आधारित छोटो अविधिको तथा पुनर्ताजगी अनलाइन/ अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने। | जना | | | | | | |
| २३ | प्रारम्भिक बाल विकासमा कार्यरत शिक्षकका लागि १ दिने तालिम सञ्चालन गर्ने । | पद्धति | | | | | | |
| २४ | प्रत्येक विद्यालयमा कम्तिमा एक जना शिक्षकलाई सूचना प्रविधिको आधारभूत सिपको विकास गरिनेछ। | ३० | | | | | | |
| २५ | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि प्रति जिम्मेवार बनाउने र सोका आधारमा शिक्षकको कार्यसम्पादन मूल्यांकन गर्न प्रधानाध्यापक र शिक्षा हेर्ने अधिकारीलाई जिम्मेवार बनाउने । | पद्धति | | | | | | |
| २६ | शिक्षक शिक्षणमा विताउने समयका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने । | पद्धति | | | | | | |
| २७ | नगर क्षेत्रका उपलब्ध दरवन्दीलाइ हरेक बर्ष विद्यार्थी सङख्याका आधारमा न्यूनतम कायम राखी पूर्नवितरण गरिने छ । | | | | | | | |
| २८ | सामुदायिक तथा संस्थागत विद्यालयले राखे नीजी शिक्षकहरूको मापदण्ड र सेवा, सर्त र पारिश्रमिकलाई एकरूपकता कायम गरिने छ । | | | | | | | |
| २९ | न्यून शिक्षक दरबन्दी तत्कालका लागि परिपूर्ती गर्न हालको स्वयंसेवक शिक्षक परिचालनलाई प्रभावकारी रूपमा व्यवस्थापन गरिने । | शिक्षक सङख्या | ६ | ६ | ० | ० | ० | |

**शिक्षक व्यवस्थापन तथा विकासको लागि अनुमानित वजेटः**

| | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १. | शिक्षकहरूकानिम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति बस्तुनिष्ठ मापदण्ड बनाइ कार्यान्वयन गर्ने । | | | | | | | नगरपालिका | |
| २. | अस्थायी तथा प्रदेश र स्थानीयतहबाट दरबन्दी सिर्जना गरी नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागिउपयुक्त मापदण्डतथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने । | | | | | | | नगरपालिका | |
| ३. | नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई कम्तिमा ७ दिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका/सङघ संस्था | |
| ४. | नगरपालिकामा रहेको जयपृथ्वी बहुमुखि क्याम्पसलाई शिक्षक तयारी कोर्सको पठनपाठनका लागि स्रोत र क्षमताको बिकास गर्ने। | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगरपालिका | |
| ५. | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गरी कार्यान्वयन गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | |
| ६. | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन एवम् | १००० | २०० | २०० | २०० | २०० | २०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपचारात्मक शिक्षण पद्धति लागू गर्ने । | | | | | | | | |
| ७. | योग्य,दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, परियोजनामा आधारित,समूहकार्यमा आधारित, प्रयोगात्मक कार्यमा आधारित बनाउने गरी शिक्षण तथा सिकाइसामग्री विकास गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ८. | शैक्षिक सामग्री लगायत समग्र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र सिर्जनात्मक कार्य गर्नका लागि विद्यालयमा आवश्यक स्रोतको व्यवस्था गर्ने र सोको उपयोगको आधारमा थप व्यवस्थापन गर्दै जाने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ९. | विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्ने । प्रधानाध्यापकलाई जिम्मेवार बनाउने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १० | सुपरीवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरीवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने । | | | | | | | | |
| ११ | प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापहरूको सुधारका लागि कार्यमुलक अनुसन्धान गर्नुपर्ने र त्यस्ता उत्कृष्ठ अनुसन्धानलाइ नगरपालिकाले प्रकाशन गरी सम्प्रेषण गर्नुपर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १२ | शिक्षण सिकाइ लगायत विद्यालयको समग्र पक्षको अनुसन्धान र अनुगमन गरी प्रतिबेदन दिन बिज्ञहरू सम्मिलित भएको तेश्रो पक्षलाई खटाउने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १३ | नगरपालिकामा शिक्षक पेसागत सहयोग मार्गदशन/कार्यविधिको विकास गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १४ | शिक्षकरूहको संस्था शिक्षक महासङघलाई शिक्षकहरूको पेसागत सहयोगको निम्ति जिम्मेवार बनाउने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १५ | विद्यालयमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षकको संयन्त्र विकास गरी कार्यान्वयनमा पुऱ्याने । | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | |
| १६ | प्रधानाध्यापकबाट नियमित रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मुल्यांकन | २५० | ५० | ५० | ५० | ५० | ५० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने । | | | | | | | | |
| १७ | सहपाठी कक्षा अवलोकन गर्ने । (प्रत्येक शिक्षकको प्रत्येक महिनामा कम्तिमा २ ओटा कक्षा अवोलोकन र पृष्ठपोषण आदानप्रदन गर्ने) | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | | |
| १८ | नगरपालिका स्तरमा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई अभिवृद्धिका लागि उपयोग गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १९ | नगरपालिका स्तरमा सञ्चालन हुने प्रधानाध्यापक बैठकलाई नियमित र व्यस्थित गराउनुका साथै हरेक विद्यालयमा गरेको केही अनुकरणीय कार्य अर्थात असल अभ्यासलाई प्रस्तुत गर्नुपर्ने । | | | | | | | | |
| २० | प्रारम्भिक बाल विकासमा कार्यरत शिक्षकका लागि १ दिने तालिम सञ्चालन गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| २१ | प्रधानाध्यापकलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी छोटो अवधिको तालिम सञ्चालन । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| २२ | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि प्रति जिम्मेवार बनाउने र सोका आधारमा शिक्षकको कार्यसम्पादन मूल्यांकन गर्न | ५०० | १०० | १०० | १०० | १०० | १०० | पालिका तथा सङघ सस्था | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रधानाध्यापक र शिक्षा हेर्ने अधिकारीलाई जिम्मेवार बनाउने । | | | | | | | | |
| २३ | विद्यालयको त्रैमासिक प्रगति प्रतिवेदन पठाउने व्यवस्था गर्ने । | २५० | ५० | ५० | ५० | ५० | ५० | नगरपालिका | |
| २४ | विद्यालयमा उपलब्ध शिक्षकहरू मध्ये हरेक हिसाबले उकत्कृष्ट शिक्षकलाई प्रधानाध्यापक बनाउने । | | | | | | | | |
| २५ | शिक्षक शिक्षणमा विताउने समयका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| २६ | नगर क्षेत्रका उपलब्ध दरवन्दीलाइ हरेक बर्ष विद्यार्थी सङख्याका आधारमा न्यूनतम कायम राखी पूर्नवितरण गरिने छ । | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |
| २७ | न्यून शिक्षक दरबन्दी तत्कालका लागि परिपूर्ती गर्न हालको स्वयंसेवक शिक्षक परिचालनलाई प्रभावकारी रूपमा व्यवस्थापन गरिने । | | | | | | | | |

## ३.६अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ

### ३.६.१ परिचय

सिकाइ जीवन पद्धतिसँग जोडिएको छ । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानब जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवाप्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग

सिपर आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मूलमर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरउपलव्ध गराउनुपर्नेछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, आय आर्जन, समूह साझेदारी लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति गरी यिनकै अगुवाईमा अबका कार्यक्रमहरू सञ्चालन हुनेछन् । औपचारिक रअनौपचारिक शिक्षाका बीचमा Cross Ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार र व्यक्तिको आवश्यकता रअनुकुलतामा आधारित बनाउदै लैजानुपर्नेछ।नेपालको संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीति, २०७६ ले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा पन्ध्रौं आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । देशको भूगोल, हालसम्मकोशिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइसंस्कृतिको विकास गर्न अनौपचारिक एवं आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्दछ । अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइसंस्कृतिको प्रवर्धन गर्ने तर्फ लैजानुपर्ने देखिन्छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्णसाक्षर मुलुक तुल्याई अनौपचारिक, बैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबैप्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

३.६.२ वर्तमान अवस्थाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक शिक्षा,निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्वन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसै सन्दर्भमा जयपृथ्वीनगर पालिकाले समेत अनौपचारिक तथा

जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । यसका साथै नगरपालिका अन्तर्गत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्य गर्न विगतदेखि नै साविकको भवानी सामुदायिक सिकाइ केन्द्र, जयपृथ्वी सामुदायिक सिकाइ केन्द्र, साइपाल सामुदायिक सिकाइ केन्द्र, लालिगुराँश सामुदायिक सिकाइ केन्द्र रलुयाँटा सामुदायिक सिकाइ केन्द्र गरी पाँचओटा सामुदायिक सिकाइ केन्द्र क्रियाशील रहेका छन् । सिकाइ केन्द्रहरूले सामुदायिक पुस्तकालय तथा वाचनालय, लक्षित वर्गलाई निशुल्क इन्टरनेट तथा टेलिफोन सेवा, नयाँ प्रविधिको प्रसार तथा महिला समूह निर्माण गरी विभिन्न तालिमहरू तथा आय आर्जनका कार्यक्रमहरू समेत सञ्चालन गरिरहेकाछन् । यसले जीवनपर्यन्त सिकाइलाई समेत सहयोग पुगेको छ ।

यसका अतिरिक्त नगरपालिकामा विभिन्न सङघ, संस्था तथा सहकारी संस्थाहरूले पनि साक्षरता कक्षा, वित्तीयसाक्षरता, व्यवसायिक साक्षरता, कानुनी साक्षरता लगायतका अनौपचारिक कक्षाहरू सञ्चालन गरिरहेकाछन् । नेपालसरकारले आर्थिक बर्ष २०६९/ ०७० देखि सञ्चालन गरेको साक्षर नेपाल अभियान अन्तर्गत जयपृथ्वी नगरपालिकामा रहेका सामुदायिक सिकाई केन्द्रहरू र विद्यालयहरूपरिचालन गरी १५ बर्षदेखि माथिका कम्तिमा ९५ प्रतिशत नागरिकहरूलाई साक्षर गराएर वि.सं. २०७८ सालमा साक्षर नगरपालिका घोषणा समेत भैसकेको छन् ।

## चुनौती तथा अवसरहरू

- जयपृथ्वी नगरपालिकामा बसोबास गर्ने सबै नागरिकलाई कार्यमूलक रूपमा साक्षर बनाउनु,
- साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु,
- अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु,
- अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु,
- समाजमा पठनसंस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु
- औपचारिक शिक्षाबाट बञ्चितहरूका लागि भरपर्दो र सुलभ औपचारिक,खुला तथा बैकल्पिक शिक्षामा पहुँच र निरन्तरता दिनु ।
- अनौपचारिक शिक्षाप्रति अभिरूचीको कमी,सहभागीहरूको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरूबिच समन्वयकोअभाव, सबै वडाहरूमा सामुदायिक सिकाइ केन्द्रहरू व्यवस्थापन गर्न नसक्नु,
- पाठ्क्रम तथा पाठयसामग्रीको उपलब्धता र व्यवहारिकता र स्रोत परिचालनमा कमी जस्ता कुरा पनि चुनौतीका रूपमा रहेका छन् ।

अवसरः

वर्तमान सन्दर्भमा बहुशासकीय साझेदारहरूको स्रोत सहितको प्रतिवद्धता र प्राथमिकताका साथै नेपाल सरकारलेअन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपालसुखी नेपाली बनाउने सरकारको दीर्घकालीन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्रको स्थापना सञ्चालन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रूपमा लिन सकिन्छ । शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरीमाध्यमिक शिक्षा सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

## ३.६.३ उद्देश्यहरू

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ।

१. शिक्षाको अवसरबाट वञ्चित बिचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर सबै नागरिकलाई साक्षरता शिक्षाको अवसर सुनिश्चित गर्नु।
२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्नु।
३. पठन संस्कृतिलाई जीवनको विभिन्नअङगको रूपमा लिन पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरूको स्थापना, विकास र विस्तार गर्नु
४. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।

## ३.६.४ रणनीतिहरू

माथि उल्लिखित उद्धेश्यहरूपूरा गर्न देहायका रणनीतिहरू कार्यान्वयन गरिनेछः

१. सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुर्नवितरण गरिनेछ।
२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैरसरकारी सङघ संस्थाहरू, सञ्चारमाध्यम तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने।
३. अनौपचारिक एवं आजीवन सिकाइका लागि सङघ र प्रदेश सरकारबीच स्रोत साझेदारी प्रारूप विकास गर्नसमन्वय र सहजीकरण गरिनेछ ।

४. सरोकारवालाहरूको क्षमता र अपनत्व विकासकालागि सङ्घीय र प्रदेशसरकार र अन्य सरोकारवालाहरू बीच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिनेछ ।
५. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक पौढ विद्यालय,वैकल्पिक खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने।
६. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
७. प्रत्येक वडामा प्रविधिमैत्री सामुदायिक सिकाइ केन्द्रको विकास तथा विस्तार गरिनेछ।
८. जीवनपर्यन्त सिकाइलाई प्रभावपूर्ण बनाउन नगरपालिकामा योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाइनेछ।

### ३.६.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**(Outcomes)

(१) सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।

**(ख) प्रमुख नतिजाहरू(Key Results)**

१. नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरूको प्रबन्ध हुने ।
२. आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरूको सिर्जना हुने ।
३. सङ्घीय तथा प्रदेश सरकारसंगको समन्वयमा सिकारूको आवश्यकताअनुसार आजीवन सिकाइका नमुना मोड्युल तथा सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन हुने ।
४. नरपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत संयन्त्र एवम् सञ्चालनमापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइको केन्द्रको रूपमा विकास हुने।
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति नियमावली कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारूपअनुरूप समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण हुने ।

७. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी खण्डीकृत डाटावेस तयार हुने ।

८. सङघ र प्रदेश सरकारसंगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीताको प्रारूप तयार हुने ।

**ग) प्रमुखक्रियाकलापहरू र लक्ष्य** निर्धारणः

| **क.सं.** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक प्रगति (५ बर्ष)** | | | | | **भौतिक लक्ष्य १० बर्षे)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | | |
| १ | अनौपचारिक तथा आजीवन सिकाइ र यसको आगामी माग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि बिज्ञ समूहबाट अवधारणापत्र तयार गराई अभिमुखीकरण गर्ने । | पटक | १ | | | | | | |
| २ | सङघीय तथा प्रदेश सरको समन्वय र सहकार्यमा लागत सहभागीताको प्रारूप तयार गर्ने । | पटक | १ | | | | | | |
| ३ | निरक्षकहरूको विवरण संकलन र आजीवन सिकाइका सरोरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटाबेस तयार गर्ने । | पटक | १ | | | | | | |
| ५ | स्थानीय मागका आधारमा सामुदायिक सिकाइ केन्द्र स्थापना पूनर्वितरण विस्तार र समायोजन गर्न । | ओटा | १ | १ | १ | १ | १ | | |
| ६ | सार्बजनिक पुस्तकालय तथा बाचनालयहरू स्थापना गरी सामूदायिक सिकाइ केन्द्र सँग आवद्ध गर्ने । | ओटा | १ | | | १ | | | |
| ७ | सामूदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आवश्यक उपकरणको व्यवस्थापन गर्न । | ओटा | १ | १ | १ | १ | १ | | |
| ८ | सरकारी तथा गैरसरकारी संस्थाहरू सँग साझेदारी तथा सहकार्य गर्न। | | | | | | | | |
| ९ | सङघ तथा प्रदेश सररकारसँगको सहकार्य र समन्वयमा आजीवन सिकाइका लागि मोड्युल तथा समग्र | | | | | | | | |

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक प्रगति (५ बर्ष) | | | | | भौतिक लक्ष्य १० बर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| | विकास र डिजिटाइज्ड गर्न। | | | | | | | | |
| १० | सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधको प्रयोग (रेडियो, टेलीभिजन, अनलाइन तथा अफलाइन डिजिटल सामाग्री डिजिटल प्लेटफर्म विकास र सञ्चालन गर्न | | | | | | | | |
| १२ | अनौपचारिक प्रौढ विद्यालय, गृहणी विद्यालय, खुला विद्यालय आदी जस्ता संस्थाको आवश्यकता अनुसार स्थापना र सञ्चालन गर्न । | | | | | | | | |
| १३ | जेष्ठनागरिक, श्रमिक, अपांगता भएका ब्यक्तिहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइको प्रवन्ध गर्ने । | | | | | | | | |
| १४ | नब साक्षार हरू र बिपन्न महिलाहरूलाई समाबेश गरी समूहहरू निर्माण गर्ने र आयआर्जनका कार्यक्रमहरूसञ्चालन गर्दै बचत गर्ने बानीको विकास गर्न सयन्त्र निर्माण र परिचालन गर्ने । | | | | | | | | |
| १५ | स्थानीइ भाषा, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास गर्न कार्यक्रमहरूसञ्चालन गर्ने । | | | | | | | | |
| १६ | आधुनिक सूचना तथा सञ्चार प्रविधिको जागरण तथा हस्तान्तरण गर्ने । | | | | | | | | |

कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक अनुमानित वजेट तालिका

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | अनौपचारिक तथा आजीवन सिकाइ र यसको आगामी माग सम्बन्धमा अवधारणागत | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्पष्टताका लागि बिज्ञ समूहबाट अवधारणापत्र तयार गराई अभिमुखीकरण गर्ने । | | | | | | | | |
| २ | सङ्घीय तथा प्रदेश सरको समन्वय र सहकार्यमा लागत सहभागीताको प्रारूप तयार गर्ने । | ५०० | ३०० | १०० | १०० | | | | |
| ३ | निरक्षकहरूको विवरण संकलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटाबेस तयार गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका र गैरसरकारी संस्था | |
| ५ | स्थानीय मागका आधारमा सामुदायिक सिकइ केन्द्र स्थापना पूनर्वितरण विस्तार र समायोजन गर्न । | १५००<br>० | ५०० | ५०० | २०० | २०० | १०० | नगरपालिका | |
| ६ | सार्बजनिक पुस्तकालय तथा बाचनालयहरू स्थापना गरी सामूदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने। | १००<br>० | २०० | २०० | २०० | २०० | २०० | नगरपालिका, प्रदेश सरकार | |
| ७ | सामूदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आवश्यक उपकरणको व्यवस्थापन गर्न । | १००<br>० | २०० | २०० | २०० | २०० | २०० | नगरपालिका, गैरसहकारी संस्था, प्रदेश | |
| ८ | सरकारी तथा गैरसरकारी संस्थाहरूसँग साझेदारी तथा सहकार्य गर्न । | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका, गैरसहकारी संस्था, प्रदेश | |
| ९ | सङ्घ तथा प्रदेश सररकारसँगको सहकार्य र समन्वयमा आजीवन सिकाइका लागि मोड्युल तथा समग्र विकास र | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | डिजिटाइज्ड गर्न । | | | | | | | | |
| १० | सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधको प्रयोग (रेडियो, टेलीभिजन, अनलाइन तथा अफलाइन डिजिटल सामाग्री डिजिटल प्लेटफर्म विकास र सञ्चालन गर्न | | | | | | | | |
| १२ | अनौपचारिक प्रौढ विद्यालय, गृहणी विद्यालय, खुला विद्यालय आदी जस्ता संस्थाको आवश्यकता अनुसार स्थापना र सञ्चालन गर्न। | | | | | | | | |
| १३ | जेष्ठनागरिक, श्रमिक, अपांगता भएका व्यक्तिहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइको प्रवन्ध गर्ने। | १०० ० | २०० | २०० | २०० | २०० | २०० | नगरपालिका, प्रदेश सरकार र गैरसरकारी संस्था | |
| १४ | नब साक्षारहरू र बिपन्न महिलाहरूलाई समाबेश गरी समूहहरू निर्माण गर्ने र आयआर्जनका कार्यक्रमहरूसञ्चालन गर्दै बचत गर्ने बानिको विकास गर्न सयन्त्र निर्माण र परिचालन गर्ने। | १०० ० | २०० | २०० | २०० | २०० | २०० | नगरपालिका, सघिय, प्रदेश सरकार | |
| १५ | स्थानीय भाषा, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास गर्न कार्यक्रमहरूसञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका, सघिय, प्रदेश सरकार | |
| १६ | आधुनिक सूचना तथा सञ्चार प्रविधिको जागरण तथा हस्तान्तरण गर्ने । | १०० ० | २०० | २०० | २०० | २०० | २०० | नगरपालिका, सघिय, प्रदेश सरकार | |

# ३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा

## ३.७.१ परिचयः

"शिक्षा विकासको ढोका हो भने प्राविधिक तथा व्यवसायिक शिक्षा विकासको मुल ढोका हो" UNESCO

***"Give me a fish and I eat for a day,Teach to fish I eat for a life time."***

प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास आजको आवश्यकता हो। शिक्षा उत्पादनसँग जोडी प्रयोगात्मक कार्यको माध्यमबाट ज्ञान हासिल गरी श्रम बजारमा विक्ने नागरिक उत्पादन गर्ने काम प्राविधिक शिक्षाले गर्दछ। यसका अतिरिक्त यो शिक्षा समाज र समग्र मुलुकको समृद्धिसँग जोडिएको हुन्छ। त्यसैले पनि हाम्रो जस्तो बसी बसी खानलाई पढ्नु पर्छ भन्ने मानसिकता बोकेका समाजमा गरीखाने शिक्षालाई प्राथमिकता दिएर कार्यान्वयन नगर्दासम्म मुलुकको समुन्नति सम्भव देखिदैन। सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारलाई उच्च प्राथमिकता राखेर स्थानीय तहसम्म यसको पहुँच विस्तार गरी सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगारीको विकास गराउन सहयोग गर्नु पर्दछ।

नेपालको सन्दर्भमा प्राचीन कालदेखि नै अनौपचारिक रूपमा सिकेका सिपलाई उपयोग गर्दै व्यवसाय गरेको पाइन्छ। तर उक्त कुराहरू बढ्नुको साटो घट्दो क्रममा रहेको देखिन्छ। लिच्छवी काल, मल्लकाल तथा राणाकालमा विभिन्न कार्य गर्दै विदेशमा समेत नेपालमा उत्पादित सामग्री व्यापकता तथा तालिम लिनसमेत विदेश पठाउने कार्य गरेको थियो। राणाकालिन तथा शाहकालीन समयमा पनि कालीगडी व्यवसायले व्यापकता पाएको र वेलायतबाट कालीगडहरू झिकाइ नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको थियो। औपचारिक रूपमा स्थापित प्राविधिक तथा व्यावसिक शिक्षाको सुरूववात विस १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय हाल इन्जिनियरिङ्ग कलेज बाट भएको थियो। नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्धेश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास विस २००४ सालदेखि नै सुरू भएको हो।

कुनै पनि मुलुकले आफ्नो स्रोत साधनको समुचित उपयोग प्रयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्दैन भने त्यो मुलुकले युग सुहाउदो आफूलाई बदल्न सक्दैन। अतः यसका लागि शिक्षालाई सिपसँग, सिपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खाने सक्ने आधारभूत व्यावसायिक सिप र दक्षतासहितको श्रम शिक्षा दिन जरूरी छ। माध्यमिक तहको शिक्षाको उत्पादन कम्तिमा पनि स्थानीय स्तरमा उपलब्ध

स्रोत साधनमा आधारित व्यावसायिक र उद्यमशीलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी बन्न सक्ने हुनुपर्छ। यसै कुरालाई मध्येनजर राखि माध्यमिक तह कक्षा ९-१२ मा प्राविधिक धारको पठापाठन सुरू गररिएको भए तापनि कक्षा ९ मा प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँच लाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरीएको र कक्षा बढ्दै जादा बिज्ञान कोर्सलाई थप गरीएको कारण कठिनाइ स्तर बढेकाले प्राविधिक धार पूरा गर्ने विद्यार्थीको दर न्यून रहेको छ। अहिलेको मुलुकमा जनसङ्ख्याको २८.६ प्रतिशत बहुआयामिक गरीबीको मारमा परेका छन। यसको प्रमुख कारण देशमा उपलब्ध मानव संशाधनको व्यवस्थापन र विकासका लागि योजनाबद्ध रूपमा काम हुन नसक्नुलाई लिन सकिन्छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताको आधारमा सिप नक्साङ्कन गरी तोकिएको मापदण्डको आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको स्थापना गरिनेछ भन्ने कुरा अघि सारेको छ। त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरू स्थापना गरिनेछ भनि उक्त नीतिमा उल्लेख गरीएको छ। नेपालको आवधिक योजनाहरूले पनि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकास साझेदारहरसँगको सहकार्यमा शिक्षा र तालिमका अवसरहरू विस्तार गर्ने रणनीति लिइएको पाइन्छ। जीवनोपयोगी शिक्षा र सिपमूलक तालिमलाई मानवीय क्षमता र दक्षता अभिबृद्धि गर्ने सामाजिक तथा आर्थिकरूपान्तरणको आधारशिला मानिएको छ। राष्ट्रिय योजना आयोगले मुलुकलाई राष्ट्रिय श्रम बजारलाई लक्षित गरी प्राविधिक शिक्षा तथा तालिमका कार्यक्रमहरूको विस्तार गरी आवश्यकता भएका इन्सिच्युटहरू खोल्ने, शिक्षालय,तालिमकेन्द्रहरू स्थापना गरी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अख्तियार गरेको छ। प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरूमा द्धन्द्ध पीडित, सहिद परिवार,पछाडी पारिएका वर्ग, आदिवासी, जनजाति, मुसलमान, महिला र पिछडिएका क्षेत्रलाई प्राथमिकता राखी प्राविधिक शिक्षा र घुम्ति तालिमहरू सञ्चालन गर्ने कार्यक्रम राज्यले अगाडि सारेको छ।

## ३.७.२ वर्तमान अवस्थाः

नेपालको संविधान धारा३० मा रोजगारीको हकअन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भन्ने व्यवस्था यस्तै धारा ५१ को ज १मा शिक्षालाई वैज्ञानिक प्राविधिक,व्यवसायिक,सिपमूलक,रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवम राष्ट्रपति समर्पित जनशक्ति तयार गर्ने,यस्तै शिक्षा २०२८ (संशोधनसहित) ले विद्यालय शिक्षालाई प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म परिभाषित गरी माध्यमिक शिक्षा ९-१२मा प्राविधिक र

व्यवसायिक धारको व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले श्रमप्रतिको सम्मान एवं सकारात्मक सोच भएका रोजगार तथा स्वरोजगारउन्मूख उत्पादनमुखी,उद्यमशील र सिपयुक्तनागरिक तयार गर्ने भन्ने उद्देश्य राखी थप एक वर्ष अवधिको प्राविधिक र व्यवसायिक धार तर्फ व्यवहारिक अभ्यास व्यवस्था गरेको छ। विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका २०६९( दोस्रो संशोधन) कार्यमूलक,व्यवहारिक प्राविधिक तथा व्यवसायिक सिपयुक्तजनशक्ति उत्पादन गर्ने कुरा उल्लेख गरिएको छ ।पन्ध्रौं योजनाले पनि शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभुत गरी आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क गर्ने र शिक्षालाई रोजगारीमूलक बनाउने सिपमुलक तथा व्यवसायिक शिक्षाको विस्तार गरी लगानीमा वृद्धि गरी प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने कुरामा जोड दिएको छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७८ मा प्रकाशित तथ्याङ्कलाई हेर्दा केही समय यता प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूको सङख्यात्मक रूपमा निकै विस्तार भएको छ। CTEVT को केन्द्रको संरचना र ७ ओटा प्रदेश कार्यालयहरू बाहेक ६१ ओटाआङ्गिक पोलिटेक्निक्स, २० ओटा साझेदारीमा सञ्चालित पोलिटेक्निक्स शिक्षालयहरू, ५६३ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२१ ओटा सम्बन्धन प्राप्त नीजि शिक्षालयहरू र ११४० ओटा छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरू देश भरि विस्तार गरिएका छन।

नेपालमा हाल विभिन्न १२ ओटा विषयगत मन्त्रालयहरूले प्राविधिक शिक्षा र सिपमूलक तालिमसँग सम्बन्धीत रोजगारमूलक तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन। जसमध्ये पनि ६ ओटा मन्त्रालयहरू(कृषि तथा पशपन्छि विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा विज्ञान तथा प्रविधि र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम तथा रोजगार र उद्योग तथा वाणिज्य) ले मुख्यरूपमा प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ। यसरी नै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७८ को तथ्याङ्कको आधारमा भन्नुपर्दा टिएसएलसि कार्यक्रमहरू सञ्चालन गर्ने शिक्षालयहरूको सङख्याडिप्लोमा तहको कार्यक्रमहरूसञ्चालन गर्ने शिक्षालयहरूको सङख्या ६१८ रहेको छ।त्यसरी नै जयपृथ्वी नगरपालिका को श्री सत्यवादी माध्यमिक विद्यालय, भोपुर, मा कक्षा ९-१२ प्राविधिक धार सञ्चालनमा रहेको छ। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिपद् बाट ISC Agriculture को पढाइ सञ्चालनमा रहेको छ।यस जयपृथ्वी नगरपालिका अन्तर्गत ३ ओटा विद्यालयमा पोलिटेक्निक कार्यक्रम अन्तर्गत वृषबहादुर पोलिटेक्निक्समा प्राविधिक डिप्लोमा कार्यक्रा अन्तरगत सिभिल इन्जिनियर ३ वर्षे कार्यक्रम, जालपा मावि मा TSLC कार्यक्रम अन्तर्गत वालिविज्ञान र भेटेनरि कार्यक्रम सञ्चालनमा रहेको छ भने सत्यवादी माध्यमिक विद्यालयमा ISC Agriculture कार्यक्रम सञ्चालन भइ१४८ विद्यार्थीहरू पनि अध्ययनरत छन।हाल जालपा माविमा TSLC कार्यक्रम अन्तर्गत ३८ जना विद्यार्थी अध्ययनरत

गरीरहेका छन।वृषबहादुर सिंह पोलिटेक्निक प्राविधिक शिक्षालयमा १२० जना विद्यार्थीहरु अध्ययन गरिरहेका छन।

देशको विकासका निम्ति प्राविधिक शिक्षा अनिवार्य र अपरिहार्य छ । समृद्ध नगर सुखी नगरवासी वनाउन विद्यालय तह देखि नै प्राविधिकतथा व्यावसायिक शिक्षा सञ्चालन गर्नुपर्दछ । प्राविधिक ज्ञान सिक्ने आधार शिक्षा आजको आवश्यकता हो।अबको शिक्षा गरेर खाने शिक्षा हो, त्यसैले विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाको अपरिहार्य आवश्यकता रहेको छ ।

**चुनौतीहरू**

- कामको संसारमा जानेकि प्रायोगिक कोर्समा जाने स्पष्ट पार्नु।
- एउटा मात्र प्राविधिक शिक्षालयमा पालिका भरिका सबैको पायक पर्ने स्थानमा बनाउनु।
- विद्यालय विस्तारमा मात्र जोड दिईएको तर गुणस्तर कायमा लाग्नु।
- व्यक्ति संस्था र पद्धतिको विकास तर्फ कम ध्यान गई क्षमता विकासका कार्यक्रकमहरूको सञ्चालन गर्नु।
- विद्यार्थीहरुलाई पाठ्युस्तक उपलब्ध गराउनु ।
- शिक्षणको माध्यम अंग्रेजी भएकोले सबैलाई पहुँच योग्य बनाउनु ।
- विद्यार्थी मूल्यांकनमाon the job  trainingको व्यवस्था कमजोर हुनु ।
- शिक्षक व्यवस्थापनको गर्न ।
- कमजोर अनुगमन मूल्यांकन प्रणालीको/technical auditगर्नु ।
- श्रोत व्यवस्थापन र दिगोपनाको विकास गर्नु।
- लगानीको अभिबृद्धि गर्नु।
- अध्ययन अनुसन्धानको कार्यमा लाग्न स्रोतको व्यवस्थापन गर्नु।
- स्थानीय आवश्यकता र सम्भावना अनुकुलको पाठ्यक्रम तथा विषयवस्तु शिक्षण गर्नु।

**उद्धेश्य**

१. जयपृथ्वी नगरपालिका क्षेत्रमा प्राविधिक तथा व्यवसायिक शिक्षामार्फत सिपयुक्त स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु

२. प्राविधिक तथा व्यवसायिक शिक्षा मार्फत शैक्षिक बेरोजगार न्यूनीकरण गर्नु

३. दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नु

४. प्राविधिक शिक्षालाई थप प्रभावकारी, गुणस्तरीय, सहज,समावेशी, समतामूलक र  पहुँचयोग्य बनाउनु

५. विद्यालयमा प्राविधिक शिक्षाको थप विस्तार गर्नु।

**रणनीतिहरू**

१. On-the-job training लाई उधमशीलतासँग जोड्ने ।
२. पाठ्यक्रम पुनरावलोकन गरी समसामयिक बनाउँदै एकरूपता कायम गर्ने
३. प्रभावकारी अनुगमन र सहयोग प्रणालीको विकास गर्ने सबै निकायहरूसँग समन्वय र सहकार्यको संस्कृति विकास गर्ने
४. विद्यालय नक्साङ्कनका आधारमाविद्यालय स्थापना गर्न र गुणात्मकतामा बढी ध्यान दिने
५. प्राविधिक शिक्षाको लागि बजेट विनियोजनमा बढोत्तरी गर्ने
६. प्राविधिक शिक्षामा अवसर दिन पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष अवसर दिने नीति अवलम्बन गर्ने ।
७. सुविधासम्पन्नप्रविधियुक्त विषयगत प्रयोगशालासहितका अनुसन्धानशाला निर्माण गर्ने ।
८. प्रयोगात्मक पक्षलाई बढी जोड दिनका लागि आवश्यक सामग्री तथा उपकरणहरूको व्यवस्था गर्ने ।
९. सुविधासम्पन्न प्रयोगशाला स्थापना र सञ्चालनका का साथै फिल्डका कार्यमा जोड दिने ।
१०. अपायक विद्यार्थीहरूका लागि सुविधासम्पन्न छात्रावासको व्यवस्था गर्ने ।
११. शैक्षिक सहुलियतको लागि छात्रवृत्ति तथा व्याजदरमा ऋण उपलब्ध गर्ने ।
१२. प्रशिक्षक तथा सहायक प्रशिक्षकको क्षमता अभिबृद्धिकोलागि तालिम तथा प्रशिक्षण व्यवस्थागर्ने ।
१३. उत्पादित जनशक्तिलाई रोजगारीको अवसर प्रदान गर्ने ।
१४. प्राविधिक शिक्षामा सबैको अवसर प्रदान गर्ने ।
१५. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागीता र स्थानीय सरकारको अपनत्व लगानी वृद्धि गर्ने

**उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलव्धी:-**

देश र समाजको समृद्धिमा योगदान गर्नसक्ने आधारभूत र मध्यमस्तरीय रोजगारमूलक र सिपमूलक प्राविधिक जनशक्ति उत्पादन हुने ।

**नतिजा**

१. On-the-job training लाई उधमशीलता सँग जोडिएको हुनेछ ।

२. पाठ्यक्रम पुनरावलोकन गरी समसामयिक बनाउँदै एकरूपता कायम भएको हुनेछ ।

३. प्रभावकारी अनुगमन र सहयोग प्रणालीको विकास गर्ने सबै निकायहरूसँग समन्वय र सहकार्यको संस्कृति विकास भएको हुनेछ ।

४. विद्यालय नक्साङ्कनका आधारमाविद्यालय स्थापना गर्न र गुणात्मकतामा बढी ध्यान जानेछ।

५. यस नगरपालिकाबाट उत्पादित जनशक्ती दक्ष र गुणस्तरीय जनशक्ति भएको हुनेछ।

६. प्राविधिक शिक्षामा सबै वर्ग, क्षेत्र र समुदायको सहभागीता वृद्धि भएको हुनेछ ।

७. प्राविधिक शिक्षाको लागि उपयुक्त सुविधा सम्पन्न प्रयोगशाला तथाकक्षाकोठा निर्माण भएको हुनेछ।

८. प्राविधिक शिक्षामा नगरपालिकाको लगानी वृद्धि भएको हुनेछ ।

९. तालिम प्राप्त प्रशिक्षक तथा शिक्षकको व्यवस्था भएको हुनेछ ।

१०. प्राविधिक शिक्षामा थप अन्य विधा विस्तार भएको हुनेछ ।

प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्राविधिक धारका विद्यालय स्थापना र सञ्चालन | पटक | १ | | | | १ | ३ | | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालहरूको भौतिक पूर्वाधार विकास | पटक | | | | | | | | |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | पटक | | | | | | | | |
| ४ | शिक्षक व्यवस्थापन | | | | | | | | | |
| ५ | छात्रवृत्ति कार्यक्रम | | | | | | | | | |
| ६ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण र प्रवर्द्धन कार्यक्रम | जना | | | | | | | | |
| ७ | छोटा अवधिका सिपमूलक तालिम सञ्चालन | जना | १५ | १५ | १५ | १५ | १५ | ६० | | |
| ८ | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी र उपयोग | बडा | | | | | | | | वडागत विवरण तयार गर्ने |
| ९ | आर्थिक रूपमा पछाडि परेका सिमान्तकृत, दलित अपाङ्गता, महिला | जना | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जनजाति विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गर्ने | | | | | | | | | |
| १० | प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको लागि छात्रावास निर्माण | ओटा | १ | | | | १ | | | |
| ११ | शिक्षालय तथा विद्यालयको अनुगमन र नियमन | पटक | | | | | | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक अनुमानित वजेट तालिका

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | प्राविधिक धारका विद्यालय स्थापना र सञ्चालन | | | | | | | प्रदेश र सङघीय सरकार | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालहरूको भौतिक पूर्वाधार विकास | १ करोड | २००० | २००० | २००० | २००० | २००० | प्रदेश र सङघीय सरकार | |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | | | | | | | प्रदेश र सङघीय सरकार | |
| ४ | शिक्षक व्यवस्थापन | | | | | | | प्रदेश र सङघीय सरकार | |
| ५ | छात्रवृत्ति कार्यक्रम | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | सङघीय सरकार, प्रदेश सरकार रस्थानीय सरकार | |
| ६ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण र प्रवर्द्धन कार्यक्रम | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | स्थानीय सरकार र अन्य सङघ संस्था | |
| ७ | छोटा अवधिका सिपमूलक तालिम सञ्चालन | ५००० | १००० | १००० | १००० | १००० | १००० | स्थानीय सरकार, | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रदेश सरकार, अन्य सङ्घ संस्था उद्यम शाखा | |
| ८ | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजि र उपयोग | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | स्थानीय सरकार | |
| ९ | आर्थिक रूपमा पछाडि परेका सिमान्तकृत, दलित अपाङ्गता, महिला जनजाति विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गर्ने | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | स्थानीय सकार | |
| १० | प्राविधारको विद्यालयमा अध्ययरत विद्यार्थीको लागि छात्रवास | | | | | | | सङ्घीय, प्रदेश र स्थानीय सरकार | |
| ११ | अनुगमन तथा नियमन | १००० | २०० | २०० | २०० | २०० | २०० | स्थानीय सरकार | |

# परिच्छेद ४

## अन्तरसम्बन्धीत विषय तथा क्षेत्रहरुः

### ४.१ शैक्षिक समता र समावेशीकरणः

### ४.१.१ परिचय

मानवजाति सामान्य रूपमा हेर्दा समान देखिए पनि मानिसको खानपान,रहनसहन, आर्थिक, सामाजिक तथा साँस्कृतिक रूपमा एक अर्कामा असमान छन। मानिस शारीरिक बनावटको आधारमा एउटै भए पनि मानिस मानिस वीच कुनै र कुनै रूपमा फरक हुदै आएको छ। जसरी बाहिरिए रूपमा फरक छन त्यसै गरी मानवमा हुने रूचि, स्वभाव, क्षमता र सम्भावनाका हिसाबले पनि मानिसहरू एक अर्कामा हुवहु मिल्दैनन।सबै किसिमका मानिसहरूलाई एकीकृतगरी शिक्षाको माध्यमबाट हेरचाह एवम सबैमा समान पहुच अभिवृद्धि गरी साझा आवश्यकताहरूलाई सम्बोधन गर्न शिक्षाको आवश्यकता पर्दछ।

नेपाल विविधतामा एकतायुक्त मुलुक हो। विभिन्न किसिमका भाषाभाषि, साँस्कृतिक तथा जातिगत समुदायहरूको बसोवास छ।सम्पूर्ण  समुदाय समान किसिमले अगाडि बढ्न विभिन्न प्रयास भएता पनि समान रूपमा विकास हुन सक्दैन। भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागीता र नतिजामा परिरहेको देखिन्छ। त्यस्तै विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुर्याइ सहभागी बनाउन थप प्रयास आवश्यक छ।

विविधता भएको समाज परिवर्तन गर्न विविधताको पहिचान दिनु, सम्मान गर्नु, व्यक्तिगत विविधतालाई कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका भिन्नताले पहुच, सहभागीता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्नु आवश्यक छ।यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनका कारण पहिचान गरी तिनलाई समान वनाउन विशेष तथा थप प्रवन्ध गर्नु पर्दछ। समता अभिबृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्विकारिएको र महत्व महशुस गराउन सक्नु पर्दछ। यस प्रकार शिक्षामा विविधता, समता र समावेसिताको प्रवर्धन गर्नु आवश्यक छ। यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागीताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ।

यस परिच्छेदमा यस जयपृथ्वी नगरपालिकाका सबै नागरिकहरूलाई शैक्षिक समता र समावेशीकरणको वातावरण सुनिश्चित गरी शिक्षामा सबैको सहज पहुँच,सहभागीता तथा सिकाइका लागि विद्यालय शिक्षा पद्धतिमा हालसम्मका कार्यहरूको सङ्क्षिप्त समीक्षा गरी त्यसमा देखिएका

अन्तरहरूका आधारमा चुनौतीहरू पहिचान गरीएको छ। यसमा देखिएका चुनौतीहरू हटाइ शिक्षामा सबैको सहज पहुँच,सहभागीता तथा सिकाइका लागि समतामूलक परिवेश कायम गर्नका लागि अपनाइएका रणनीति तथा क्रियाकलापहरूसमेत उल्लेख गरिएको छ।

### ४.१.२ वर्तमान अवस्थाः

नेपालको शिक्षामा वालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूको लागि केही विशेष प्रबन्ध स्वरूप वि.स. २००४ सालमा छात्राहरूका लागिछुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.स. २०२१ मा ल्याबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भइ हाल सम्म सञ्चालित छ।त्यसैगरी विस २०२६ सालमा खगेन्द्रबहादुर बस्नेतको अगुवाइमा सुरू भएको नेपाल अपाङ्ग अन्ध सङ्घ नवजीवन गृहले अपाङ्गताहरूका लागि आवासीय व्यवस्था सुरू गरेकोमा २०३१ साल देखि महिलाहरूका लागि पनि खगेन्द्र नवजीवन केन्द्रको रूपमा स्थापित भइ हाल काठमान्डौको जोरपाटीमा सञ्चालन भइ रहेको छ। शिक्षा ऐन २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद गठन भइ अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक रूपमा थालनी भएको पाइन्छ।राष्ट्रिय शिक्षा योजना आयोग २०४९ अनुसार योजनावद्धरूपमा आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले वञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागीगा अभिबृद्धि गर्ने प्रयास गरिएको थियो।

समतामुलक एवम समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समातामूलक अवसर सुनिश्चित गर्ने सम्बन्धी संयुक्त राष्ट्र सङ्घिय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३-२००२, साल्कामान्का घोषणा सन् १९९४, तथा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ तथा संयुक्त राष्ट्र सङघीय अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिबद्धता जनाएको छ।यी सम्पूर्ण महासन्धि एवम घोषणापत्रहरूले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको राष्ट्रिय कार्यक्रमको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन। विशेषगरी संयुक्त राष्ट्र सङघीय अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, सन २००६ को धारा २४ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ। यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी उक्त अन्तराष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी अनुमोदन गरिसकेको छ।

खासगरी सबैका लागि शिक्षाको डकार घोषणापत्र र नेपालले बनाइएको राष्ट्रिय कार्य योजनाले विभिन्न कारणले शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्नका लागि समावेशीकरणको अवधारणासहित पहुँच विस्तारमा जोड दिइ छात्रवृत्तिलगायतका

प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्नुको साथै महिला शिक्षक नियुक्तिबाट प्रारम्भ भएको आरक्षणलाई कानुनी मान्यतासहित महिला, जनजाति, दलित, मधेशी र दुर्गम क्षेत्रका लागि शिक्षक नियुक्तिमा निश्चित आरक्षणको व्यवस्था भएको छ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क हुने र अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकले कानुनबमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ र नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनेछ। राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिबृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७५, अपाङ्गता भएका व्यक्ति व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्था द्धारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट बहुवञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोगसहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ।मुलुकमा बहुदलीय संसदीय व्यवस्थाको पुनर्वाहाली भए पछि शिक्षामा केही हद सम्म लगानीको वृद्धि भयो। विद्यालय शिक्षामा छात्रा र दलित समूहको सहभागीता अभिबृद्धिको लागि छात्रवृत्तिको व्यवस्था गरीयो।आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत सञ्चालन भएको छात्रवृत्ति कार्यक्रमले विद्यालय तहमा छात्रालगायत अन्य समूहको भर्ना दर उल्लेख्य रूपमा बढेको अवस्था छ। अहिलेको आवश्यकता भनेको छात्राहरू र दलितहरूमध्ये पनि विपन्न समूहलाई छनोट गरी महङ्गीसमेतलाई मध्येनजर गरी छात्रवृत्ति रकम दिनुपर्ने देखिन्छ।यसका अतिरिक्त अपाङ्गता भएका विद्यार्थी लोपोन्मुख र सिमान्तकृत समुदायका विद्यार्थी, गरिब तथा विपन्न विद्यार्थी, द्धन्द्ध पीडित विद्यार्थी र सहिदका परिवारका विद्यार्थीका निम्ति यस्तो छात्रवृत्तिको व्यवस्था गरिएको छ।

देशमा सङ्घियताको कार्यान्वयन सँगसँगै कतिपय प्रदेश सरकार र स्थानीय सरकारहरूले विपन्न समुदाय र छात्राहरूको लागि छात्रवृत्तिको व्यवस्था गरीएको देखिन्छ। यस जयपृथ्वी नगरपालिकाले आ.व. २०७९।०८० देखि दक्षजनशक्ति उत्पादन गर्ने उद्धेश्यले एम बि बि एसअध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गरेको छ।

जयपृथ्वी नगरपालिकामा प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म अध्ययन गर्ने विभिन्न किसिमको अपाङ्गता भएका विद्यार्थीहरू अध्यापन गरीरहेका भएता पनि शैक्षिक तथ्याङ्क प्रणालीमा नराखिएको पाइयो। बालबालिकाहरूको तथ्याङ्क कति रहेको र कुन किसिमका अपाङ्गता भएका बालबालिकाहरूछन पहिचान हुन सकेको छैन। जयपृथ्वी नगरपालिकाको शैक्षिक तथ्याङ्क २०७९ अनुसार आधारभूत तह देखि माध्यमिक तह सम्म दलित विद्यार्थीको सङख्या१७५१ जना छन जसमा ८६६ छात्र र ८८५ छात्रा सङ्ख्या रहेको देखिन्छ। यसरी जनजाति विद्यार्थी सङख्या ४३ जना रहेको पाइन्छ। ब्राहमण\श्रेत्री  विद्यार्थीहरूको सङख्या ७६६८ रहेको छ जसमा छात्र ३८६८ र छात्रा ३८०० रहेका छन।

समतामूलक किसिमले सबै प्रकारका विद्यार्थीहरूको शिक्षामा पहुँच अभिबृद्धिका लागि नगरपालिकाले हरेक वर्ष विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरेको अवस्था छ। शैक्षिक सत्रको अभिलेख हेर्दा आधारभूततहमा छात्रा छात्रबृत्ति २४०१.जना, दलित छात्रबृत्ति ११७६जनार विपन्न लक्षित छात्रवृत्तिमा छनौट भइ ६ जना विद्यार्थीलाईछात्रवृत्ति प्रदान गरेको छ।

चुनौतीहरुः

१. समावेशी तथा विशेष शिक्षा प्रदान गर्नका लागि अपाङ्गगता भएका बालबालिकाहरूलाई शैक्षिक अवसर प्रदान गर्ने क्रममा घरपरिवार, समुदाय र विद्यालयहरूवाट उचित सहयोग र सकारात्मक सोचको प्रवर्धन गर्नु,
२. अपाङ्गता भएका ब्यक्तिहरूको सामाजिक समावेशीकरणमा अपेक्षित सुधार गर्नु,
३. विशेष शिक्षा मार्फत गुणस्तरीय जीवनयापन र आत्मनिर्भर गराउने कार्यमा अपेक्षित उपलब्धि हासिल गर्नु,
४. अपाङगताको प्रकृतिका आधारमा बालबालिकाका निम्ति सहज पहुँच पुग्ने गरी विशेष प्रकारका शिक्षालय स्थापना र सञ्चालन गर्नु,दृष्टिविहीन बालबालिकाहरूका लागि आवश्यक ब्रेललिपिका पाठ्यपुस्तक र सन्दर्भ सामग्री एवम सुस्तश्रवण भएका बालबालिकाहरूका लागि साङ्केतिक भाषाको सिप दिने शिक्षकको व्यवस्थापन गर्न,
५. विशेष शिक्षाका आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन र व्यवस्थापन गर्नु,
६. विविध प्रकारका बालबालिकाहरूको तथ्याङ्क तथा सूचना संकलन गर्नु,
७. समावेशी तथा विशेष शिक्षा अनुकुल मूल्याङ्कन प्रणाली र सिकाइ व्यवस्थापनका लागि खोज, अनुसन्धान र अभ्यास हुनु,
८. समाजमा विद्यमान कुरीति र कुप्रथाका कारण समावेशी किसिमको सामाजिक संरचना स्थापना गर्नु

### ४.१.३ लक्ष्य तथा उद्धेश्यहरुः

१. महिला,दलित, पिछडिएका समुदाय अपाङ्गता भएका, आर्थिक रूपले विपन्न, द्धन्द्ध प्रभावित तथा सामाजिक आर्थिक कारणले अवसरबाट वञ्चितमा परेका व्यक्तिहरूलाइ शिक्षाको पहुच पुर्याउर्नु।

२. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरण कायम गर्नु।

३. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागीता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु।

४. विविधता, समता एवम समावेशी शिक्षाका मूल्य. मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउनु।

५. पाठ्यक्रम,पाठ्यसामग्री, शिक्षण प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता समता तथा समावेशिता अभिबृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु।

### ४.१.४ रणनीतिहरुः

१. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गर्ने।

२. पछाडि परेका समुदाय तथा दलित र अपाङ्गता भएका सबै बालालिकालाई विद्यालयमा पहुँच पुर्याउन आवश्यकता अनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने।

३. विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गराउने।

४. आधारभूत तहमा स्थानीय पाठ्यक्रमको माध्यमबाट स्थानीय भाषा, संस्कृति. भूगोल. इतिहास, ज्ञान तथा सिप समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने।

५. औपचारिक विद्यालय शिक्षाबाट वञ्चित भएका परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गर्ने।

६. सबै प्रकारका बालवालिकामा उपयुक्त क्षमता विकास हुने गरी औपचारिक, अनौपचारिक खुला तथा दुर शिक्षा र निरन्तर सिकाइको व्यवस्था गर्न सङ्घ एवम प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिने।

७. सबै प्रकारका बालबालिकाहरूलाई विद्यालय तथा शिक्षालयहरूका लागि विभिन्न तहमा भर्ना गरी उनीहरूको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक क्षमताको लेखाजोखा गरिनेछ।

८. अपाङ्गमैत्री शिक्षण सिकाइ क्रियाकलाप गर्न नवीनतम सूचना प्रविधिमा आधारित दक्ष मानवीय स्रोतको विकास गर्ने।

९. नगरपालिकाभित्र निर्माण भइरहेका विद्यालयका पूर्वाधार र अब निर्माण हुने पूर्वाधारहरूलाई अपाङ्गतामैत्री बनाउन आवश्यक पहल र समन्वय गर्ने।

१०. अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकार सुनिश्चित आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्यदृश्य र सहयोग सामग्रीको विकास र सहज पहुँचका लागि सङ्घ एवम प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्ने।

११. अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहित विशेष विद्यालय स्थापना गर्न आवश्यक पहल गर्ने।

१२. अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरि अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गर्न भूमिका निर्वाह गर्ने।

१३. अपाङ्गताको प्रकृति हेरी विशेष आवश्यकता भएका बालबालिकाहरूको लागि विशेष शिक्षा अध्ययनकोलागि अभिभावकहरूसँग परामर्श गरी पहल गर्ने।

१४. अपाङ्गता भएका तथा पिछडिएका समुदायका बालबालिकालाई शिक्षाको पहुच शुनिश्चित गर्न अभिभावक जनचेतना फैलाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

१५. सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहीन र न्यून दृष्टि भएका बालबालिकाहरूलाई ब्रेललिपिमा मात्र सिमित नगराइ अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गर्न सङ्घ एवम प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।

१६. सिकाइ क्रियाकलापलाई सहभागीतामूलक बनाइ विद्यार्थीका आवश्यकता सम्बोधन गर्नेगरी विविधता कायम गर्ने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद दुर्व्यवहार हेपाई नहुने बालमैत्री वातावरण सिर्जना गर्ने।

### ४.१.५ उपलब्धिहरू, मुख्य मुख्य नतिजाहरू, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

**क) उपलब्धिः**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागीता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ।

**ख) मुख्य मुख्य नतिजाहरुः**

शारीरिक रूपमा कमजोर र सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारणः

| क.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाको कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको शैक्षिक कार्यक्रम तथा सहायता पद्धती निर्माण | निरन्तर | | | | | | | | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गिकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रवन्ध | निरन्तर | | | | | | | | |
| ३ | विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइ अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | प्रत्येक वर्ष १ पटक | | | | | | | | |
| ४ | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी वीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति कक्षाकोठा सम्मानपूर्ण व्यवहार जस्ता उपाय अवलम्बन | | | | | | | | | |

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लागत | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | अभिभावक अन्तर्क्रिया तथा सचेतना कार्यक्रम | ३०० | ५० | ५० | ५० | ५० | १०० | स्थानीय तथा गैरसरकारी संस्था | |
| २ | अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क संकलन | १०० | १०० | | | | | नपा तथा वडा | |
| ३ | अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालय प्रवेश गराउन प्रोत्साहान | २०० | ५० | ५० | ५० | ५० | | नपा | |
| ४ | वृहत्तर यौनिक शिक्षा प्रवर्दनको लागि सामग्री व्यवस्थापन | ५०० | १०० | १०० | १०० | १०० | १०० | गैरसरकारी संस्था | |
| ५ | बृहत्तर यौनिक सूचना केन्द्र व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्ति तथा छात्रछात्रा तालिम | ५०० | १०० | १०० | १०० | १०० | १०० | गैरसरकारी संस्था | |
| ६ | वैयक्तिक शैक्षिक योजना निर्माण | २५० | ५० | ५० | ५० | ५० | ५० | नगरपालिका | |

## ४.२ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

## ४.२.१परिचयः

बालबालिकाको वृद्धि र विकासकालागि खाना अनिवार्य तत्वहो । पोषणयुक्त खाना खाएमात्र स्वस्थ्यजीवनको सुरूवात हुन्छ । विद्यालयमाआएकाबालबालिकाहरूको पोषणयुक्त खाजाव्यवस्थापन गर्न प्रारम्भिकबालविकासदेखि कक्षा६सम्म पढिरहेका विद्यार्थीहरूकालागिनगदमाआधारित दिवाखाजाकार्यक्रम र खाद्यान्नमाआधारित दिवाखाजाकार्यक्रम गरी २ ओटा मोडलमा विद्यालय दिवाखाजा कार्यक्रम सञ्चालनमा रहेको छ ।नगदमा आधारित खाजा कार्यक्रमकालागि नेपाल सरकारले बजेटको व्यवस्था गरेको छ भने खाद्यान्नमा आधारित दिवा खाजाकार्यक्रमका लागि बिश्वखाद्य कार्यक्रमको खाद्यान्न सहयोग भईरहेको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रालय अन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्थानीय तहमा दिवाखाजाको रकम ससर्त अनुदानका रूपमानिकासा हुन्छ । विद्यालयहरूले स्थानीयतहमा बजेट माग गरी विद्यार्थीहरूलाई खाजाखुवाउने व्यवस्था मिलाउनु पर्छ । दिवाखाजा व्यवस्थापनका लागि सङ्घीय एवमप्रदेश सरकार, स्थानीयतह, विद्यालय, अभिभावकलगायत सबै पक्षको सहयोग एवम समन्वय आवश्यक पर्छ। पोषणयुक्त दिवा खाजाबाट बालबालिकाको शारीरिक र मानसिक विकास भई मानव पूजी विकासमा योगदान पुग्दछ ।

विद्यालय स्वास्थ्यतथापोषण विद्यालय दिवाखाजालाई थपप्रभावकारी र परिणाममुखी बनाउन विद्यालय स्वास्थ्य तथा पोषण रणनीति २००६ मा व्यवस्था भएअनुसार दिवाखाजासँगै अरू स्वास्थ्य तथा पोषणसम्बन्धी अन्य सेवाहरूलाई एकीकृत रूपमा परिचालन गर्नु आवश्यक हुन्छ । स्वास्थ्य सेवाप्रदायक निकायहरूसँग समन्वय र सहकार्य गरी विद्यालयहरूले आवधिक रूपमा जुकाऔषधी (वर्षको २ पटक), भिटामिन ए तथा आइरन फोलिक एसिड चक्की (किशोरीहरूलाई मात्र) खुवाउने, बिद्यार्थीको बार्षिक स्वास्थ्य परीक्षण, प्राथमिक उपचार सेवा लगायत अन्य पोषण तथा स्वास्थ्य सम्बन्धी क्रियाकलापहरू सम्पादन गर्नुपर्छ । यसका लागि विद्यालयले नजिकको स्वास्थ्य सेवा केन्द्र एवम् अस्पतालमा सम्पर्क गर्नु पर्छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धीअधिकारहरू, खाद्य सम्प्रभुतासम्बन्धीकानुन, राष्ट्रिय स्वास्थ्यनीति २०७६, राष्ट्रिय शिक्षानीति २०७६, बालबालिका सम्बन्धी कानुनइत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथाखाद्य सम्प्रभुता सम्बन्धी अधिकार स्थापित गरेका छन।

### ४.२.२. वर्तमान अवस्था

बझाङ्ग जिल्लामा विद्यालय दिवाखाजा कार्यक्रम नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रसंग निकट समन्वयतथा परामर्शमा बिश्वखाद्य कार्यक्रमको खाद्यान्न सहयोगमा बि.स.२०५८ साल देखि सञ्चालनमा आईरहेको छ भने यस जयपृथ्वी नगरपालिकामा वडा नं १, ४ र ५ मा बि.स.२०५८ सालबाट दिवाखाजा सञ्चालनमा रहेको छ, भनेबाँकी वडाहरूमा आ.व.२०७७/०७८ वाट नगरपालिकाभरिका ४६ ओटा विद्यालयका जम्मा ४४६१ जना बिद्यार्थीहरूलाई समेटर दिवाखाजा कार्यक्रम सञ्चालनमा रहेको छ। दिवाखाजामा खाद्यान्नको रूपमा ति बिद्यार्थी प्रतिदिन पोषिलो चामल ८० ग्राम, दाल २० ग्राम, तेल १० ग्राम र नुन २ ग्राम गरेर मासिक १८ दिनका दरले बार्षिक रूपमा १८० दिनका लागि उपलब्ध गराईन्छ। दिवाखाजा संगै विद्यालयमा समग्र प्याकेजको रूपमा बिश्वखाद्यकार्यक्रमको सहयोगमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, प्रारम्भिकतह पढाई कार्यक्रम र आगामी अवधिमा सञ्चालनमाआउने नगदमाआधारित दिवाखाजाकार्यक्रमलाई लक्षित गरी स्थानीय उत्पादनमा आधारित दिवाखाजाकार्यक्रमपनि सञ्चालनमा रहेको छ ।

## ३. चुनौतीहरू

भौतिक पुर्वाधार र भान्सा सामाग्रीको व्यवस्थापनको अभाव (भान्साकोठा, भण्डारण तथा खाजा खुवाउने कक्ष, खाजा खाने प्लेट र पकाउने भाडाकुडा) ।

- सबै विद्यालयमा दिवा खाजा पकाउने जनशक्तिको व्यवस्थापन गर्नु।
- खाद्यान्नमा आधारित दिवा खाजा कार्यक्रममा खाद्यान्न ढुवानी व्यवस्थापन गर्नु ।
- क्षेत्रगत (खास गरी स्थानीय तहमा शिक्षा, स्वास्थ्य र कृषि) समन्वय र सहकार्य गर्नु।
- दिवाखाजा संगै एकीकृतरूपमा कार्यान्वयन हुनुपर्ने अन्य स्वास्थ्य र पोषणका कृयाकलापहरू लागु हुन नसक्नु ।
- कार्यान्वयन र व्यवस्थापन गर्ने निकायहरू (पालिका तथा विद्यालयहरू) का पदाधिकारिहरूमा दिवाखाजा,पोषण सम्बन्धी जानकारीको अभाव
- कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहमा नीतिनियम तथा निर्देशिकाहरूको आभाव र कार्यक्रमका लागि छुट्टै बजेट बिनियजन नहुनु,

### ४.२.३ उद्देश्यहरुः

१. कम्तीमा ३० प्रतिशत पोषण परिपूर्ति हुने विविधता मूलक आहार उपलब्ध गराएर बालबालिकाको स्वास्थ्य र पोषण स्थिति सुधार गर्नु।
२. शिक्षण सिकाईमा बालबालिकाको सहभागीता वृद्धि र सिकाईस्तर सुधार गरी गुणस्तरीय आधारभुत शिक्षामा समतामूलक पहुँच बढाउनु ।
३. दिवाखाजामा स्थानीय कृषि उपजको उपभोग बढाएर विद्यालय र कृषि उत्पादन बिच सम्बन्ध स्थापित गरी कृषि प्रतिफल बढाउने र स्थानीय आर्थिक बजार विस्तार गर्नु ।

**विशिष्टिकृत उद्देश्यहरुः**

- बालबालिकाको भर्नादरमा वृद्धिगर्नु।
- दैनिक हाजिरी दरमा वृद्धि गर्नु
- विद्यालय छोड्नेदर घटाउनु।
- बालबालिकाको अध्ययन क्षमतामा वृद्धि गर्नु।
- विद्यालय परिवार र समुदायको संयक्त सहयोगमा लैङ्गिक तथा जातीय भेदभाव हटाई कार्यक्रममा महिला सहभागीता बढाउनु।
- बालबालिकाको पोषण एवं स्वास्थ्यमा सुधार ल्याउनु
- अभिभावकलाई आर्थिक सहयोग पुर्याउनु ।

### ४.२.४ रणनीतिहरू

१. दिवाखाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
२. दिवाखाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू (भान्सा कोठा, भण्डारण, खाजा वितरण कक्ष आदी)विस्तार गर्ने ।
३. खाजा कार्यक्रम व्यवस्थापनका लागि जनशक्तिको व्यवस्थापन गर्ने ।
४. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूम, फोहोरमैला व्यवस्थापन, सामुहिक हात धुने धारा, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।

५. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्यजाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक भिटामिन 'ए' तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

६. दिवाखाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिने ।

७. दिवाखाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागितीनैतहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागीता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगीवातावरण तथा संयन्त्रको विकास गर्ने ।

८. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

९. सूचना सम्प्रेषण र अभिलेखीकरणलाई आधुनिक प्रबिधि संग जोडी प्रभावकारी बनाउने ।

## ४.२.५ उपलब्धिहरू, नतिजाहरू, मुख्यक्रियाकलापहरू र लक्ष्य निर्धारण

**उपलब्धिहरुः**

१.विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well–being) मा अभिवृद्धि तथासिकाइमा सुधारसहित सुरक्षिततथा रमाइलो (joyful) सिकाइवातावरणमा पूर्ण पहुँचतथा सहभागीताहुने ।

**मुख्य नतिजाहरुः**

१. प्रारम्भिक बालबिकासदेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पोष्टिक र स्थानीय उत्पादनमा आधारित दिवाखाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।

२. विद्यालयमा बिद्यार्थी सङख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाई सामग्रीसहित आवश्यक सङख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूम, प्रयोग फोहोरमैला व्यवस्थापन, सामुहिक हातधुने धारा, खाजाखाने कक्ष, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्थाहुनेछ ।

३. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक, जुकाको औषधितथा सूक्ष्म पोषक तत्व वितरण र किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण हुनेछ ।

## मुख्य क्रियाकलापहरुः

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक प्रगति (५ बर्ष) | | | | | भौतिक लक्ष्य १० बर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | दिवाखाजा व्यवस्थापन निर्देशिकातथा मेनु निर्माण | | १ | | | | | |
| २ | दिवाखाजाका लागि भान्सातथा भण्डार, खाजा खाने कक्ष, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | | | | | | | |
| ३ | स्वस्थकर तथा पौष्टिक दिवाखाजाको प्रबन्ध | | | | | | | |
| ४ | भान्सेको व्यवस्थापन | | | | | | | |
| ५ | खाद्यान्नमा आधारित दिवाखाजा सञ्चालनअवधिका ढुवानी व्यवस्थापनमा सहजीकरण | | | | | | | |
| ६ | स्वास्थ्य, पोषण र सरसफाइतथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | | | | | | | |
| ७ | विद्यालयतथा स्थानीय तहका लागि दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइतथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन | | | | | | | |
| ८ | आवधिक स्वास्थ्यजाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदिप्रधान) | | | | | | | |
| ९ | तालिमप्रचार–प्रसारर आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | | | | | | | |
| १० | दिवाखाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग र आपर्ति श्रृखलाको निर्माण | | | | | | | |
| ११ | कार्यक्रमको प्रभावकारिता, कार्य कुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा विभिन्न मोडालिटीहरूको अध्ययन | | | | | | | |
| १२ | विद्यालयमाविद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूम, फोहर मैला व्यवस्थापन, सामुहिक हातधुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था | | | | | | | |
| १३ | कक्षा ६ देखि १२ सम्म का किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको | सबै विद्यालय | | | | | | |

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक प्रगति (५ बर्ष) | | | | | भौतिक लक्ष्य १० बर्षे) |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| | व्यवस्था | | | | | | | |
| १४ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | | | | | | | |
| १५ | विद्यालयमा स्वास्थ्य, सरसफाइतथा स्वच्छता, पोषण र किशोरीहरूकालागिमहिनावारी स्वच्छतासम्बन्धी शिक्षा | | | | | | | |
| १६ | प्रभावकारी अनुगमन मुल्यांकन तथा सूचना प्रणालीको बिकास गर्न | | | | | | | |

कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक अनुमानित वजेट तालिका

| कस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | दिवाखाजा व्यवस्थापन निर्देशिकातथा मेनु निर्माण | १०० | | | | | | गैरसरकारी संस्था | |
| २ | दिवाखाजाका लागि भान्सातथा भण्डार, खाजा खाने कक्ष, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | नगरपालिका | |
| ३ | स्वस्थकर तथा पौष्टिक दिवाखाजाको प्रबन्ध | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | सङ्घीय सरकार र गैरसरकारी संस्था | |
| ४ | भान्सेको व्यवस्थापन | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | प्रदेश सरकार,पालिका र गैरसरकारी संस्था | |
| ५ | खाद्यान्नमा आधारित दिवाखाजा सञ्चालनअवधिका ढुवानी | १००० | २०० | २०० | २०० | २०० | २०० | पालिका, प्रदेश र गैरसरकारी | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापनमा सहजीकरण | | | | | | | संस्था | |
| ६ | स्वास्थ्य, पोषण र सरसफाइतथा स्वच्छता सम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | ५०० | ३०० | २०० | | | | | |
| ७ | विद्यालयतथा स्थानीय तहका लागि दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइतथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन | ५०० | १०० | १०० | १०० | १०० | १०० | प्रदेश, नगरपालिका र गैरसरकारी क्षेत्र | |
| ८ | आवधिक स्वास्थ्यजाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदिप्रदान) | २५० | ५० | ५० | ५० | ५० | ५० | गैरसरकारी संस्था र नगरपालिका | |
| ९ | तालिमप्रचारप्रसार आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | ५०० | १०० | १०० | १०० | १०० | १०० | गैरसरकारी संस्था र पालिका | |
| १० | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग र आपर्ति श्रृखलाको निर्माण | ५०० | १०० | १०० | १०० | १०० | १०० | गैरसरकारी संस्था, प्रदेश र नगरपालिका | |
| ११ | कार्यक्रमको प्रभावकारिता, कार्य कुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा विभिन्न मोडालिटीहरूको अध्ययन | | | | | | | | |
| १२ | विद्यालयमाविद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि | ५०० | १०० | १०० | १०० | १०० | १०० | गैरसरकारी संस्था, प्रदेश र नगरपालिका | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूम, फोहर मैला व्यवस्थापन, सामुहिक हातधुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था | | | | | | | | |
| १३ | कक्षा ६ देखि १२ सम्मका किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था | | | | | | | सङ्घीय सरकार | |
| १४ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | ५०० | १०० | १०० | १०० | १०० | १०० | गैरसरकारी संस्था तथा पालिका | |
| १५ | विद्यालयमा स्वास्थ्य, सरसफाइतथा स्वच्छता, पोषण र किशोरीहरूकालागिमहिनावारी स्वच्छतासम्बन्धी शिक्षा | ५०० | १०० | १०० | १०० | १०० | १०० | गैरसरकारी संस्था, पालिका | |
| १६ | प्रभावकारी अनुगमन मुल्यांकन तथा सूचना प्रणालीको विकास गर्न | ५०० | १०० | १०० | १०० | १०० | १०० | पालिका, गैरूरकारी संस्था | |

## ४.३ आपतकालीन तथा सङकपूर्ण अवस्थामा शिक्षा

### ४.३.१ परिचय:-

आपतकालीन तथा सङ्कटपूर्ण अवस्था भन्नाले सामान्य अवस्था भन्दा भिन्न परिस्थितिलाई जनाउँछ।यस परिस्थिति भित्र विभिन्न खालका दैवीय घटनाहरू जस्तै महामारी, भूकम्प, आगलागि बाढीपहिरो, आदि पर्दछन्। यससन्दर्भमा बझाङ्ग जिल्लामा जयपृथ्वी नगरपालिका पनि यस्ता खालका संकटपुर्ण अवस्थाहरूबाट टाढाछ भन्न सकिने अवस्था छैन।यस नगरपालिकाको विचबाट भएर सेती नदी तथा विभिन्न खोलानालाहरू बग्ने गर्दछन्। साथसाथै यसको भूगोलका हिसावले पनि भिरालो जमिन तथा डाँडाकाँडाभएका कारण पाढीपहिरो जस्ता जोखिम पनि प्रचुर मात्रामा रहेको छन् ।

साथै अन्य खालका आपत कालीन अवस्थाहरू भूकम्प, हावाहुरी, आगलागि आदि संकटपुर्ण अवस्थाहरू पनि जुनसुकै बेला घट्न सक्छन्।

यी र यस्तै सम्भावित र परिस्थिति सँग जुध्न योजनाको तयारी र कार्यान्वयन गर्न अत्यावश्यक देखिन्छ। विश्वमा पछिल्लो समय विभिन्न खालका विपत्तिहरू देखा परिरहेका छन्। भर्खरै टर्की र सिरियामा गएको भूकम्प तथा केही महिना अगाढी बझाङ्ग र बाजुरा जिल्लामा गएको भूकम्प बाट पनि हामीले महत्वपुर्ण पाठ सिक्नु पर्ने देखिन्छ। यी घटनाहरूबाट पाठ सिक्दै शैक्षिक जगतमा हुने क्षति कम गर्न निश्चित खालको आपतकालीन योजना बनाउनु आजको जल्दो बल्दो आवश्यकता हो।

## ४.३.२ वर्तमान अवस्थाः

मानव वा प्राकृतिक सिर्जित कुनै पनि कारणले जनधनको ठुलो मात्रामा क्षति भएको अवस्थामा आपतकालीनस्थिति आउँदछ । सामान्यतया विपद्पूर्व जानकारी र सूचना नदिई मानवीय जनजीवन क्षतविक्षद पार्ने गरी आएको अवस्थामा प्रभावित क्षेत्रलाई आपतकालीन अवस्थाको क्षेत्रको रूपमा स्वीकार गरी तत्काल जनधनको थप क्षति हुन नदिन र विपद् पश्चातको समयमा छिटो भन्दा छिटो जनजीवन पुनस्थापित गर्नका लागि आपतकालीन अवस्थाको सम्बोधन गरीन्छ ।

नेपाल भूकम्पीय जोखिमका हिसाबले ११ औं जोखिमयुक्त मुलुक हो भने बाढीको जोखिमका हिसाबले ३० औं र जलवायु परिवर्तनका कारणले प्रभावित हुनसक्ने जोखिमका हिसाबले चौथो जोखिमयुक्त अवस्थामा रहेको छ । विपदले मृत्यु, चोटपटक, धन सम्पत्तिको क्षतिका कारणले जन जीवन अत्यन्त असहज र अस्थिर बनाएको हुन्छ । घर, विद्यालय, बाटो, सञ्चार लगायत स्वास्थ्य सेवा र सुविधाहरू पनि क्षत विक्षत भएका हुन्छन् । यस्तो विषम अवस्थाको आपतकालमा समाजलाई थप सुरक्षित र मजबुत भई नियमित जीवनचर्यामा छिटो भन्दा छिटो पुनर्स्थापित गर्नका लागि शिक्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।

विशेष गरी बालबालिका तथा युवाहरूलाई शिक्षा प्रदान गर्ने निकाय र स्थानहरूमार्फत विपतको समयमा थप हानी नोक्सानी हुन नदिन, प्रभावित जनजीवनलाई छिटो भन्दा छिटो सामान्य अवस्थामा लैजानका लागि मनोविमर्श, चेतनामूलक गतिविधि र पुन र सामाजिकीकरणका गतिविधिमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुपर्दछ । एकातिर विद्यार्थीहरूको सिकाइलाई छिटो भन्दा छिटो पुनः नियमित गराउन पर्दछ भने अर्कोतर्फ विद्यार्थी तथा उनीहरूका परिवारहरूमाथि परेको मानसिक दबाब तथा असरलाई सामान्यीकरण गर्नका लागि पनि जति सक्दो छिटो कदम चाल्नुपर्दछ । बालबालिकाहरूका शैक्षिक र मनोसामाजिक आवश्यकता र उनीहरूका अभिभावकको आफ्ना छोरा छोरीप्रतिको उत्तरदायित्वमा सहजीकरण गर्ने भूमिका पनि यस समयमा अति आवश्यक हुन्छ । जुन

शिक्षाको माध्यमले सम्बोधन गर्न आवश्यक हुन्छ ।बझाङ जिल्लामा रहेको जयपृथ्वी नगरपालिकाको धेरैजसो भू–भाग पहिरो, भूकम्प, आगलागि, चट्याङ, हिमपात, अत्यधिक चिसो, जङ्गली जनावर आतङ्क, बाढी,सडक दुर्घटना हावाहुरी र विद्युतीय करेन्ट त्यसका कारणले सिर्जना हुने विपत्तिबाट जुनसुकै बेला प्रभावित हुनसक्ने अवस्था रहेको छ । सो प्रकोपले आम जन जीवन प्रभावित पार्न सक्ने भएको हुँदा, उक्त विपत्तिले शिक्षाको संरचना र पद्धतिलाई पूर्ण नष्ट पार्ने, आंशिक क्षति गर्ने तथा विस्थापित हुनुपर्ने अवस्था आउन सक्दछ । यातायातको कष्टपूर्ण यात्रा, दुर्गम स्थानमा रहेका भौतिक संरचनाको कारणले गर्दा सम्भावित विपद्हरूले पूर्ण या आंशिक विनाशलाई पुनः स्थापना गर्न र पुर्नसञ्चालन गर्न तत्कालीन अवस्थामा निकै कठिन हुन सक्दछ ।

## १.२. किन आपतकालीन अवस्थामा शिक्षा चाहिन्छ

शिक्षा प्रत्येक व्यक्तिको अधिकार हो । यस अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू मुख्यगरी सन् १९४८ को मानव अधिकार सम्बन्धी घोषणा पत्रलगायतका दस्ताबेजहरूमा उल्लेख गरीएको छ । त्यस्तै, सन् १९५१ को शरणार्थीसम्बन्धी घोषणा पत्र, सन् १९९६ मा जेनेभामा सम्पन्न सांस्कृतिक अधिकार सम्बन्धी घोषणापत्र, सन् १९८९ मा सम्पन्न बाल अधिकार महासन्धि र सन् २००० मा डकारमा सम्पन्न विश्व शिक्षा फोरमद्वारा पारित सबैको लागि शिक्षा कार्ययोजनामा समेत व्यक्तिको शिक्षा पाउने अधिकार स्पष्ट पारिएको छ ।

आपतकालीन अवस्था र सङ्कटको समयमा शिक्षा नाजुक हुन्छ । जब विद्यार्थी र शिक्षकहरू शिक्षण-सिकाई बाट वञ्चित हुन्छन् तब तिनीहरूको राम्रो भविष्यको आशा गर्न पनि सकिन्न । आपतकालीन अवस्थाको शिक्षाले शारीरिक, मनोसामाजिक र बौद्धिक सुरक्षा प्रदान गर्दछ, जसले गर्दा जीवन बचाउन र जीवन यापन गर्नमा मद्दत मिल्छ ।

आपतकालीन अवस्थामा शिक्षाले खास गरी प्रभावित बालबालिका तथा किशोर-किशोरीहरूलाई सिकाइका लागि सुरक्षित स्थान उपलब्ध गराई पहिचानका लागि समेत सहयोग पुऱ्याएर जीवन जिउन मद्दत गर्दछ । शिक्षाले द्वन्द्व र विपदले ल्याएको मनोसामाजिक असरलाई सहज बनाउँदै सामान्य अवस्थामा फर्काउन र सङ्कटको बेला भविष्यप्रतिको आशा जगाउँदै स्थायित्व प्रदान गर्न तथा भविष्यमा हुने आर्थिक स्थायित्वको लागि महत्पूर्ण अवसर प्रदान गर्दछ । यसका साथै, शिक्षाले प्रभावित बालबालिकाहरूलाई दुर्व्यवहार, बालशैन्यमा भर्ना, यौन तथा लैङ्गिक हिंसा लगायतका शोषण हुनबाट जोगाई जीवन रक्षा गर्दछ । शिक्षाले आपतकालमा बाँच्न चाहिने सामान्य सरसफाइ र स्वास्थ्यसम्बन्धी ज्ञान तथा सिपहरू प्रदान गर्दछ, जुन कुरा आपतकालमा एकदमै महत्त्वपूर्ण हुन्छ । शिक्षाको माध्यमबाट परिवारसँग बिछोड भएका बालबालिकाहरूको पहिचान गर्न तथा तिनीहरूलाई आफ्नो परिवारसँग पुनर्मिलन गराउन र उच्च जोखिममा रहेका बालबालिकाको पहिचान गर्न मद्दत

पुग्छ, जुन कुरा बालबालिका र तिनीहरूको परिवारले पनि चाहेका हुन्छन् र यद्यपि शिक्षा एउटा निरन्तर चल्ने प्रक्रिया हो, जुन विपद्को बेलामा पनि अवरूद्ध हुनुहुन्न ।

## १.३. आपतकालीन शिक्षा योजना

विद्यालयमा विपद् व्यवस्थापनको मुख्य अभिप्राय विद्यालयलाई विपद्अघि, विपदको समयमा र विपद् पछि पनि आवश्यक सुरक्षाको अनुभूति दिनु हो । किनभने बालबालिकाहरू अध्ययन गर्ने मुख्य स्थानका रूपमा रहेको विद्यालय विपद्का सम्भावित घटनाहरूबाट सुरक्षित रहन आवश्यक हुन्छ । विपद् व्यवस्थापन तथा न्यूनीकरण र सुरक्षासम्बन्धी शिक्षाका लागि भैपरी आउने योजना बनाउने कुरा गर्दा विपद् व्यवस्थापनसँग विद्यालय सुरक्षाको कुरा जोडिएर आउँछ । बालबालिकाहरूलाई विपतयुक्त घटनाको सन्त्रासबाट मुक्त बनाउन र ढुक्क भएर पढ्न पाउने वातावरणको सिर्जना गर्न आवश्यक छ । त्यस्तै विद्यालयमा प्रकोपको समयमा चुनौतीको सामना गर्न र प्रकोपपश्चात् कक्षाहरू सुचारू रूपले सञ्चालन हुन कुनै अवरोध सञ्चालन हुन आवश्यक छ । विपद् व्यवस्थापनलाई विद्यालय सुरक्षाको अवधारणाबाट अलग गरेर बुझियो भने त्यो अधुरो रहन सक्दछ। यसैले विद्यालय सुरक्षा अभिवृद्धि र विपद् व्यवस्थापनका रणनीतिहरूलाई एकीकृत रूपमा तय गर्न जरूरी छ ।

सम्भावित आपतकालीन अवस्थाको आँकलन गर्न तथा सोही अनुरूपका व्यवस्थापकीय पक्षहरूको बन्दोबस्त मिलाउन आपतकालीन शिक्षा आवश्यक हुन्छ । आपतकालीन शिक्षा योजनाले मूलतः असहज परिस्थितिमा पनि प्रभावित व्यक्तिहरूलाई सहज जीवनयापन र सिक्न पाउने अधिकारको सुनिश्चित गर्ने प्रयास गर्दछ । शिक्षाका लागि न्यूनतम मापदण्ड पूर्व तयारी, प्रतिकार्य र सुधारका मार्ग पहिल्याउन आपतकालीन शिक्षा आवश्यक हुने भएकोले स्थानीय विशिष्ट अवस्थाको जगमा यसको निर्माण वाञ्छनीय हुन्छ । हाम्रा परिवेशमा घट्न सक्ने सम्भावित विपद्हरू, त्यसको सामना गर्ने संयन्त्र निर्माण र प्रभावित बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, पोषण र अनुकूलित वातावरण निर्माणका लागि सान्दर्भिक वैकल्पिक सिकाइ संयन्त्रहरूलाई उपयोगमा ल्याउनु पर्ने हुन्छ । आपतकालीन शिक्षा योजनाले सम्भावित विपद्प्रति सजग हुन र भैपरी आउने असहज परिस्थितिमा पनि सिकाइ निरन्तरताको उपयुक्त विकल्प उपयोग गर्न सघाउने भएकोले पनि यसको आवश्यकता महसुस गरीएको हो । गत बर्ष शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्य योजना २०७७ लाई आवश्यकताअनुसार सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्दै सिकाइ निरन्तरताको उत्तम विकल्पको उपयोगमा समुचित ध्यान दिन सक्दा सिकाइ निरन्तरता सम्भव हुन सक्छ । यसो हुँदा सबै स्थानीय तहले आफ्नो परिवेश सापेक्ष आपतकालीन शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्न सके सबै बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित गर्न सकिने सम्भावना रहन्छ ।

## १.४. शिक्षा अधिकार सम्बन्धी विश्वव्यापी प्रचलन

बाल अधिकार महासन्धि विश्वव्यापी घोषणालाई नेपाल सरकारले स्वीकार गरी सबै बालबालिकालाई आधारभूत तहको शिक्षा, अनिवार्य तथा निःशुल्क र प्रत्येक बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षामा पहुँच र उपलब्ध गराउने प्रतिबद्धता (भाग २८) गरेको छ । त्यसै गरी, सरकारले सबैका लागि शिक्षा र दीगो विकासका लक्ष्यहरू समेत प्रवर्धनगरीरहेको छ, जुन कार्यक्रमहरू संसारभरका बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गराउने सुनिश्चितताका लागि विश्वव्यापी रूपमा कार्यान्वयन भइरहेका छन् ।

## १.५. नेपाल सरकारका प्रतिबद्धताहरू

नेपाल सरकार आफैं पनि अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूसँग सम्बन्धीत भएकाले विश्वव्यापी शिक्षाको मर्मलाई पूरा गर्न निरन्तर प्रयासरत छ । प्रत्येक नागरिकले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क रूपमा हासिल गर्नुपर्ने र माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने अधिकार नेपालको संविधानले कानुन अनुसार प्रत्याभूति गरेको छ । यसै सर्तमा रहेर शिक्षा मन्त्रालयले नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय गणतन्त्रात्मक राज्य संरचना अनुरूप राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मूखनागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि साथ विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२३) र विद्यालय शिक्षा क्षेत्रको योजना (SESP) लागु गरेको छ । सरकारको निरन्तर र दह्रो प्रतिबद्धता अनुरूप, जनवरी २०१२ मा काठमाण्डौमा सम्पन्न शिक्षामा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यशालाले नेपाल सरकारका उच्च तहका सचिव लगायतका पदाधिकारीहरू, यू.एन. का आवासीय प्रतिनिधि, अन्य सरोकार क्षेत्रका पदाधिकारीहरू र राष्ट्रिय गैरसरकारी संस्थाका पदाधिकारीहरूको सहभागीता र प्रतिबद्धता (हस्ताक्षरमा) "शिक्षामा विपद् जोखिम न्यूनीकरण सम्बन्धी १० बुँदे घोषणा पत्र"जारी भयो । यस घोषणा पत्रले विपद् जोखिम न्यूनीकरणलाई शिक्षा नीति नियमहरू तथा योजनाहरूमा मूल प्रवाहीकरण गर्नुपर्ने, शिक्षण सिकाईमा विपद् जोखिम न्यूनीकरण, सुरक्षित विद्यालय र यसको प्रवर्द्धन तथा सन् २०१४ मा विपद् व्यवस्थापन जस्ता विषयहरूलाई जोड दिइएको थियो । सरकारले उपसचिव तहका पदाधिकारीको नेतृत्वमा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धीत कार्यको लागि शिक्षा विभागमा एउटा छुट्टै शाखा व्यवस्था गरेको छ । विद्यालय सुधार योजनाको विषयगत समूहमा विद्यालयको भौतिक पक्ष तथा गैरभौतिक पक्षका साथै आपतकालीन अवस्थाको पूर्व तयारी पक्षलाई समेत समावेश गरिएको छ । विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण विषयलाई राष्ट्रिय पाठ्यक्रम खाकामा समावेश गर्ने, विद्यालयमा विपद्को पूर्व तयारी गर्ने, भूकम्पले क्षति पुर्याएका भवनहरूको प्रबलीकरण गर्ने, नयाँ निर्माण भएका तथा

साबिक विद्यालय भवनहरूको भौतिक अवस्थाको यकिन गर्ने जस्ता प्राथमिकता प्राप्त क्रियाकलापहरूको कार्यान्वयन मार्फत विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गर्ने रणनीति लिइएको छ ।

विपद् प्रतिकार्य र पूर्व तयारीको अन्तिम जिम्मेवारी सरकारको हुने भएकाले नेपाल सरकारले विपद् पूर्व तयारी र प्रतिकार्यको समन्वय गर्ने सम्पूर्ण जिम्मा गृह मन्त्रालयलाई दिएको छ । यसका लागि नेपाल सरकारले सन् २०१३ मा "राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा"निर्माण गरेको छ । गृह मन्त्रालयले अन्य मन्त्रालयहरू, संयुक्त राष्ट्र सङघ अन्तर्गतका निकायहरू तथा अन्य अन्तर्राष्ट्रिय गैरसरकारी सङघ संस्थाहरूको सहकार्यमा यस ढाँचाका क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ। उक्त ढाँचा अनुसार मानवीय कार्य गर्ने अन्य संस्थाहरूले विषयगत समूहको सहनेतृत्व गर्दछन्।

## २. अवस्था र जोखिम विश्लेषण

जयपृथ्वी नगरपालिकानेपालको मध्य पहाडी अथवा हिमालीक्षेत्रको लगभग केन्द्रमा रहेको छ । यस क्षेत्रको भूभागमा पनि साना ठुला भिराला पहाडहरू मिलेर बनेको छ । यस नगरपालिका भएर दुई ठुला सेति नदि र बाहुली खोला मुख्य नदी लगायत अन्य स-साना खोलाहरू बग्दछन् भने अन्य खहरेहरूको गणना गरेर साध्यै छैन । वर्षायाममा उग्रताका साथ बहने यी खहरे तथा खोलाहरूले भिरालो जमिनको फेदमा कटान गर्नेगरेको छ । त्यस्तै, पछिल्लो समयअत्याधिक सङख्यामा सडक खन्ने क्रम तीव्र भएको छ । जमिनको भौगर्भिक अवस्थितिलाई  कम ध्यान दिई खनिएका यस्ता सडकहरूले अस्थिर जमिनको फेदी कटान गर्दा पहिरो र भल बाढीको प्रकोप बढिरहेको छ । यसरी खनिएका सडकलाई वर्षाको पानी सोहोरिएर कटान गर्ने, भल तथा लेदो बगेर बालीनाली, घरगोठ र विद्यालय जस्ता संरचनालाई पनि असर पुर्याइरहेको छ । पूराना गोरेटो बाटोलाई विस्थापन गर्दै खनिएका यी सडकहरूलाई वर्षायाममा पहिरोले अवरूद्ध गर्दा आवागमन नै अवरूद्ध हुने गरेको छ ।

विभिन्न अनुसन्धानले बझाङ जिल्लालाई भूकम्प र पहिरो चट्याङको उच्च जोखिममा रहेको जिल्लाको रूपमा सङकेत गरेको छ । ईण्डियन प्लेट टिबेटन प्लेट मुनि धसिइरहेको हुनाले यस क्षेत्रलाई सक्रिय भौगर्भिक क्षेत्रको रूपमा लिइन्छ । यस क्षेत्रको भूगर्भमा सक्रिय भौगर्भिक चिरा रहेको छ । विभिन्न वैज्ञानिक अनुसन्धानहरूले यस क्षेत्रमा वि.सं. २०७२ वैशाख १२ गते गोरखालाई केन्द्रबिन्दु बनाएर गएको ७.८ स्केलको भूकम्प भन्दा पनि धेरै ठुलो भूकम्प भविष्यमा जान सक्ने आकलन गरेको छन् ।

## ४.३.३ उद्धेश्यहरुः-

१। सङकटकोसम्भावितजोखिमअनुमानगर्ने विद्यालय तथा समुदायको क्षमता विकास गर्नु ।

२. सम्भावितजोखिमअनुसारपूर्वसवधानीअपनाई भविष्यमा हुनसक्ने क्षति न्युनीकरण गर्नु ।
३. नगर विपद कार्ययोजना बनाई लागु गर्नु ।
४। आपतकालीनअवस्थामापनिविद्यालयहरूमापठन पाठनका लागि उपयुक्तवातावरणतयारगर्नु
५. विद्यालयको भौतिक संरचना जोखिममुक्त ढंगले निर्माणगर्नु।

### ४.३.४ रणनीतिहरु:-

१. विपदबाटजोगिनकालागिविद्यार्थीहरूलाईजनचेतनामूलककार्यक्रमसञ्चालनगर्ने।
२. विपदबाट जोगिनकालागिअभिभावकलक्षितजनचेतनामूलम कार्यक्रमसञ्चालनगर्ने ।
३. खतरापहिचानतथाजोखिमक्षेत्रकोनक्साङ्कन गर्ने ।
४. सङकटपूर्ण अवस्थामा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक विधिका प्रयोग गर्ने।
५. प्रत्येक वडामा आपतकालीन संयन्त्रको निर्माण गर्ने ।
६. प्रत्येक विद्यालयमा आपतकालीन कोष खडा गर्न ।
७. जनशक्तिव्यवस्थापन तालिम, गोष्ठिको व्यवस्था गर्ने ।
८. उद्दार र राहात व्यवस्थापनका लागि आवश्यक काम गर्ने ।
९. प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरू व्यवस्थापन गर्ने ।

### ४.३.५ अपेक्षितउपलब्धि, क्रियाकलाप र लक्ष्य निर्धारणः

उपलब्धिहरुः
१. संकटकोसम्भावितजोखिमअनुमानगर्न विद्यालय तथा समुदायकोक्षमताविकासभएकोहुनेछ।
२. समाजमाआइपर्नेविपदकाघटनामाकमीआउनुका साथै क्षतिन्यूनभएकोहुनेछ।
३. जोखिमक्षेत्रकोनक्साङ्कनभएकोहुनेछ।
४. सङकटपूर्ण अवस्थामा पनिवैकल्पिकमाध्यमबाटशिक्षण सिकाई भएकोहुनेछ।
५। प्रत्येकविद्यालयमा प्राथमिकउपचारका लागि चाहिने सामाग्रीको व्यवस्था भएकोहुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण :

| सि.न | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १. | जोखिमको नक्साङ्कन तथा मौसमी पात्रो तयार गर्ने । | पटक | १ | | | | | |
| २ | प्रत्येक विद्यालयमा विपद प्रतिकार्य योजना बनाउने | | १ | | | | | |
| ३ | आपतकालीनसूचना संयन्त्रको स्थापना गर्ने | | १ | | | | | |
| ४ | सुरक्षा योजना तयार गर्ने | | १ | | | | | |
| ५ | स्थानीय पाठ्यक्रमको निर्माण गर्दा स्थानीय जोखिमका विषय बस्तु समावेश गर्ने | | | | | | | |
| ६ | पूर्व जोखिम न्यूनीकरणको लागि प्रशस्त अभ्यास तथा सामाग्रीहरू जस्तै बाल्टिन, बेल्चा, डोरी, कोदालो, अग्नि नियन्त्रण ग्यासको व्यवस्थापन । | | | | | | | |
| ७ | मौसमी क्यालेन्डरअनुसारका जोखिमहरूलाई न्यूनिकरण गर्न अतिरिक्त क्रियाकलाप तथा अन्तरक्रिया गर्ने । | | | | | | | |
| ८ | जोखिमयुक्त संरचनाको साङकेतीकरण तथा व्यवस्थापन गर्ने । | | | | | | | |
| ९ | आपतकालीन सञ्चार सम्पर्क नम्बर (प्रहरी, सेना) अध्यावधिक गर्ने । | | | | | | | |
| १० | बिभिन्न संक्रामक रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने । | | | | | | | |
| ११ | विद्यालय रोगबाट बच्नका लागि आवश्यक सुरक्षा सामाग्रीहरूको व्यवस्थापन गर्ने । | | | | | | | |
| १२ | विद्यालय स्वास्थ शिविर सञ्चालन गर्ने | | | | | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक बजेट

| क्र.स. | शीर्षक | आवश्यक वजेट हजारमा | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | जोखीमको नक्साङ्कन तथा मौसमी पात्रो तयार गर्न । | २५० | ५० | ५० | ५० | ५० | ५० | नगरपालिका, गैरसरकारी संस्था |
| २ | प्रत्यक विद्यालयमा विपद प्रतिकार्य योजना बनाउने | २५० | ५० | ५० | ५० | ५० | ५० | नगरपालिका, गैरसरकारी संस्था |
| ३ | आपतकालीनसूचना संयन्त्रको स्थापना गर्ने | १००० | २०० | २०० | २०० | २०० | २०० | नगरपालिका, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | गैरसरकारी संस्था |
| ४ | सुरक्षा योजना तयार गर्ने | २५० | ५० | ५० | ५० | ५० | ५० | नगरपालिका, गैरसरकारी संस्था |
| ५ | स्थानीय पाठ्यक्रमको निर्माण गर्दा स्थानीय जोखिमका विषय बस्तु समावेश गर्ने | | | | | | | |
| ६ | पूर्व जोखिम न्यूनिकरणको लागि प्रशस्त अभ्यास तथा सामाग्रीहरू जस्तै बाल्टिन, बेल्चा, डोरी, कोदालो, अग्नि नियन्त्रण ग्यासको व्यवस्थापन । | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका, गैरसरकारी संस्था रेडक्रश कार्यालय |
| ७ | मौसमी क्यालेन्डर अनुसारका जोखिमहरूलाई न्यूनिकरण गर्न अतिरिक्त क्रियाकलाप तथा अन्तरक्रिया गर्ने। | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका, गैरसरकारी संस्था |
| ८ | जोखिमयुक्त संरचनाको साङकेतीकरण तथा व्यवस्थापन गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका, गैरसरकारी संस्था |
| ९ | आपतकालीन सञ्चार सम्पर्क नम्बर (प्रहरी, सेना) अध्यावधिक गर्ने । | | | | | | | |
| १० | बिभिन्न संक्रामक रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका, गैरसरकारी संस्था सङघीय सरकार |
| ११ | विद्यालय रोगबाट बच्नका लागि आवश्यक सुरक्षा सामाग्रीहरूको व्यवस्थापन गर्ने । | १००० | २०० | २०० | २०० | २०० | २०० | सङघ, प्रदेश, नगरपालिका र गैरसहकारी संस्था |
| १२ | विद्यालय स्वास्थ शिविर सञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङघ, प्रदेश, नगरपालिका र गैरसहकारी संस्था |

## ४.५ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.५.१ परिचय

बालबालिकाहरूको लागि दोस्रो घरका रूपमा विद्यालयलाई लिइन्छ। बालबालिकाहरूलाई सुरक्षित वातावरणमा शिक्षा आर्जन गर्न विद्यालयको भौतिक संरचनाले महत्त्वपूर्ण भूमिका खेल्दछ। बालबालिकाहरूलाई सुरक्षित महशुस गर्न, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न, खेलखेल्न, शौचका लागि शौचालय, पिउनका लागि स्वच्छ खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन।एक विद्यार्थीको लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक तहदेखि माध्यमिक तहसम्मका लागि आधारभूत तहका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र माध्यमिक तहका लागि प्रति विद्यार्थी १.० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एबम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्नेलगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय नीतिले आत्मसाथ गरको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवको आधारमा शिक्षा क्षेत्रको योजनामा प्रस्ताव गरिएको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी १० वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासको उद्धेश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू उल्लेख गरिएको छ।

### ४.५.२ वर्तमान अवस्थाः

नेपालका सामुदायिक विद्यालयको अवस्था हेर्दा भौतिक रुपमा सबल हुनु पर्दछ र भौतिक निर्माणमा पूर्णता भए पछि सिकाइ हुन्छ भन्ने मान्यता अनुसार क्रमशः सबै विद्यालयहरुमा भवन निर्माण, पुर्ननिर्माण, जिर्ण उद्धार लगाएका कार्यहरु निरन्तर हुदै जानेछन। विद्यालयलाई भौतिक रुपमा पूर्ण रूपमा सक्षम बनाउन तीनै तहका सरकारले शिक्षालाई प्राथमिकरण राखि सिकाइको पूर्वसर्तको रुपमा राखेर कार्य गर्नु पर्दछ।प्रधानाध्यापक, स्टाफहरूका लागि तथा कम्प्युटर र पुस्तकालयका लागि छुट्टै व्यवस्थापनका लागि प्रयाप्त कक्षाकोठाको अभाव देखिन्छ। विद्यालयहरूमा प्रयाप्त कक्षाकोठाको आवश्यकता रहेको भए पनि विविध कारणले विद्यालयमा कक्षाकोठा तथा अन्य भौतिक संरचनाको अभाव रहेको छ।

विद्यालय भौतिक निर्माणको लागि कार्य गर्ने निकाय सङघीयता कार्यान्वयनसँग परिवर्तन भएको अवस्था छ। सङघीयता कार्यान्वय पूर्व विद्यालको भौतिक निर्माण सम्बन्धी राष्ट्रिय स्तरमा शिक्षा विभागमा बेग्लै शाखा र जिल्ला शिक्षा कार्यालयमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुदै आएकोमा हाल मानव स्रोत विकास केन्द्र मार्फत स्थानीय तह मार्फत कार्यान्वयन हुदै आएको छ भने निर्माण मापदण्ड तथा आधार सङघीय तहबाट हैद आएको छ। यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नुपर्ने छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्यिन गर्दा विद्यालयमा तहगत एवम विद्यार्थी सङख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार के कति आवश्यक हुनु पर्ने हो र पूर्वाधार निर्माणको दायित्व सङ्घ प्रदेश र स्थानीय तह कसले कसरि लिने हो भन्ने विषय स्पष्ट हुनु आवश्यक देखिएको छ। विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारको सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध भएता पनि पूर्वाधारको प्राविधिक एवम वस्तुनिष्ट आँकलन गर्न सकिएको छैन। हालैमात्र बृहत रूपमा पुनर्निर्माणका क्रममा केन्द्रिय आयोजना कार्यान्वयन एकाइबाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी विद्यालय व्यवस्थापन समितिबाट, ठेक्काबाट, दातृनिकायबाट र गैरसरकारी सङ्घसंस्थाबाट निर्माणहुने अवलम्बन गरिएका छन।

जयपृथ्वी नगरपालिकामा ४६ ओटा सामुदायिक विद्यालयहरू छन। यी सबै विद्यालयहरूको भवन सङख्या१५१ रहेका छन जसमा  ४५पक्की भवनहरू रहेका छन भने १०६ कच्चि भवनहरू रहेका छन। जयपृथ्वी नगरपालिका अन्तर्गत जम्मा ४३८ वटा कक्षाकोठाहरु रहेका छन। जसमध्ये मल्टिमिडिया सहितका कक्षाकोठाको सङ्ख्या ६ रहेका छन। छापामय वातावरण भएका कक्षाकोठाको सङख्या ३० र बुक कर्नर भएका कोठाको सङख्या १५ यसरी नै पुस्तकालय भएका विद्यालय सङख्या ३विज्ञान प्रयोगशाला भएका विद्यालय सङख्या ३ कम्प्युटर ल्याव भएका विद्यालय सङख्या ५पक्की शौचालय भएका विद्यालय सङख्या छात्राहरूका लागि छुट्टै शौचालय भएका विद्यालय सङख्या५ खानेपानी सुविधा उपलब्ध भएका विद्यालय सङख्या ४२छन। विधुत्तिय सुविधा उपलब्ध भएका विद्यालय सङख्या १० छन।कच्चि पक्कीगरी पठनपाठनका निम्ति प्रयोग भएका कक्षाकोठा सङख्या १०० छन। खेल मैदान अप्रयाप्त भए पनि सबै विद्यालयमा खेलमैदान रहेका छन। केही विद्यालय बाहेक अधिकांश विद्यालयमा घेरवारको व्यवस्था हुन बाकि रहेको अवस्था छ। यद्यपि अभिलेखमा जनाइए अनुसार माथि उल्लेख गरिएका सुविधाहरू मध्ये समग्रमा धेरै विद्यालयहरू धेरै आवश्यकताहरू रहेकाछन भने उपयुक्त आवश्यकताहरूको योजनाबद्ध सम्बोधनको अभावले आएका

सुविधा तथा उपलब्ध साधन स्रोतको उचित प्रयोग हुन सकेको छैन।भौतिक साधन स्रोत प्रयाप्त भएका विद्यालयहरूमा पनि उचित संरक्षणको अभाव भएको देखिन्छ। प्राथमिक उपचारका सामग्री सबै विद्यालयमा उपलब्ध रहेका छन।हाल राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत जयपृथ्वी नगरपालिका भित्र सञ्चालित तपसिलका विद्यालयहरूमा भवन निर्माणको लागि रकम विनियोजन भएको पाइन्छ। शैक्षिक सत्र २०७८।७९ मा छनौट भएका विद्यालयहरू निकट्टी मावि, भवानी मावि नौरा, जालपा मावि रिठापाटा र शैक्षिक सत्र २०७९।८० मा छनौटमा परेका विद्यालयहरू श्री निलकट्टी माध्यमिक विद्यालय दैकुमला, श्री नमाउदेव आवि डाँडागाँउ, धौल्देउ आधाभूत विद्यालय मयाना, भवानी मावि नौरा छनौट भएका छन। त्यसै गरी प्रदेश सरकारबाट सुनिपिपलचौर मावि सुवेडा ४ कोठे,भैरब आधारभूत विद्यालय माजेसैन, भवानी आधारभूत विद्यालय गडखेत र सूर्मादेवी आधारभूत विद्यालयमा २ कोठे भवन निर्माण भएका छन। यसरी हेर्दा यस जयपृथ्वी नगरपालिका अन्तर्गत ९७ ओटा विद्यालय भवनहरूजीर्ण अवस्थामा छन। जयपृथ्वी नगरपालिका अन्तर्गत सुविधा सम्पन्न र भौतिक रुपमा पूर्ण विद्यालय ज्यादै न्यून रहेका छन। विद्यालय भवन निर्माण गर्दा अधुरा र अपुरा हुने गरेका पाइयो। विद्यालय सुरक्षामा अभिभावकहरुको उदासिनताले भौतिक रुपमा परिपक्व हुन सकिरहेको अवस्था छैन। यस नगरपालिकाले भौतिक निर्माणको प्रत्येक वर्ष २/३ ओटा भवन प्रदेश सरकार , २/३ भवन संघिय सरकारबाटर २/३ ओटा गैरसरकारी संस्थाबाट प्राप्त हुदा ५ वर्षमा भौतिक रुपमा कमजोर विद्यालयलाई क्रमश प्राथमिकरण गर्दै निर्माण गर्न सकिने अपेक्षा लिइएको छ।

जयपृथ्वी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको भौतिक अवस्था तपसिल बमोजिम प्रस्तुत गरिएको छः

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | पक्की भवन | कच्चि भवन | कक्षाकोठा सङख्या | खानेपानी | शौचालय | घेरवार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वेताल आवि | कक्षा १-५ | ० | १ | ६ | छैन | छ | छैन | पाढी पहिरोले क्षति |
| २ | नारायण मावि | कक्षा १-१२ | १ | ३ | १६ | छैन | छ | आधा छ | जीर्ण भवन |
| ३ | मालिका आवि | बालकक्षा | ० | १ | ४ | छैन | छ | छ | |
| ४ | कैलाशपति आवि | कक्षा १-३ | १ | १ | ७ | छैन | छैन | छ | पुराना र जिर्ण |
| ५ | जनजागृती आवि | कक्षा १-५ | १ | १ | ८ | छ | छ | छ | |
| ६ | बालविकास आवि | कक्षा १-८ | १ | १ | १० | छ | छ | छ | |
| ७ | मुडतिनदेब आवि | कक्षा १-३ | | १ | ३ | छैन | छ | छैन | अभाव, जिर्ण |
| ८ | सरस्वती आवि | कक्षा १-३ | | १ | ३ | छैन | छैन | छैन | अभाव जिर्ण |
| ९ | पाण्डु मावि | कक्षा १-१२ | ३ | १ | २० | छ | छ | छैन | जिर्ण भवन |
| १० | कालिका आवि | कक्षा १ | | १ | ३ | छ | छ | छैन | |
| ११ | भवानी आवि | कक्षा १-३ | १ | १ | ७ | छ | छ | छैन | |
| १२ | बालविकास मावि | कक्षा १-१२ | २ | २ | २० | छ | छ | छ | जीर्ण भवन, पुराना भवन |
| १३ | भैरब आवि | कक्षा १-५ | १ | १ | १० | छ | छ | छैन | |
| १४ | आदर्श आवि | कक्षा १-३ | | २ | ६ | छ | छ | छैन | |
| १५ | दर्गाभवानी आवि | बालकक्षा | १ | १ | ६ | छैन | छ | छैन | |
| १६ | ऋषकुण्ड आवि | बालकक्षा | ० | १ | ५ | छ | छैन | छैन | |
| १७ | लुयाँटा आवि डिलबगर | कक्षा १-८ | ० | ३ | १५ | छ | छ | छैन | पुराना र जिर्ण |
| १८ | नमाउदेब आवि | कक्षा १-३ | ० | २ | ४ | छ | छ | छैन | |
| १९ | भवानी मावि नौरा | कक्षा १-१० | ३ | २ | १८ | छ | छ | छैन | |
| २० | जनपृय आवि | कक्षा १-३ | ० | २ | ७ | छ | छ | छ | |
| २१ | नविन आवि | बालकक्षा | | १ | ३ | छ | छ | छैन | |
| २२ | जनज्वती आवि | बालकक्षा | | १ | ३ | | छैन | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | देवस्थली आवि | कक्षा१-८ | १ | ३ | १० | छैन | छ | छ | |
| २४ | शिशु आवि | कक्षा १-८ | ३ | १ | १२ | छ | छैन | छ | |
| २५ | बालोदय आवि | कक्षा १-५ | | २ | ६ | छ | छ | छैन | |
| २६ | युवावर्ष आवि | कक्षा १-५ | | ३ | ७ | छ | छ | छ | |
| २७ | जालपा आवि | कक्षा १-५ | १ | २ | ८ | छ | छ | छ | |
| २८ | कालिका आवि | बालकक्षा | | १ | ४ | छ | छ | छैन | |
| ३० | जालपा मावि | कक्षा १-१२ | २ | ३ | २२ | छ | छ | छैन | |
| ३१ | बालमन्दिर आवि | कक्षा १-८ | २ | २ | ११ | छ | छ | छ | अभाव विद्यार्थी सङख्या धेरै |
| ३२ | नमुना आवि | कक्षा १-५ | २ | ० | ८ | छ | छ | छ | |
| ३३ | लटिनाथ आवि | कक्षा १-३ | | २ | ५ | छैन | छ | छैन | |
| ३४ | सूर्मादिवी आधारभूत | कक्षा १-३ | १ | १ | ६ | छ | छ | छैन | |
| ३५ | नमाउदेउ आवि डाँडागाँउ | कक्षा १-३ | २ | १ | ८ | छ | छ | छ | |
| ३६ | सुर्मा आवि पिठालेक | कक्षा १-८ | २ | ३ | १२ | छ | छ | छैन | |
| ३७ | धल्देउ आवि | कक्षा १-५ | | ४ | १२ | छ | छ | छ | |
| ३८ | रधुनाथ आवि | कक्षा १-३ | | २ | ७ | छ | छ | छ | |
| ३९ | सुनिपिपलचौर मावि | कक्षा १-१२ | ३ | ४ | २० | छ | छ | छ | विद्यार्थी सङख्या ज्यादै बढी |
| ४० | गन्धर्व आवि | बालकक्षा | ० | २ | ५ | छ | छ | छ | |
| ४१ | सत्यवादी मावि | कक्षा १-१२ | ३ | २ | ३० | छ | छ | छ | नमुना विद्यालय |
| ४२ | भैरब आवि सिमलतोला | कक्षा १-५ | ० | २ | ७ | छ | छ | छैन | |
| ४३ | जनपृय आधारभूत विद्यालय | कक्षा १-३ | ० | २ | ५ | छ | छैन | छैन | |
| ४४ | भूमिदेव आवि | कक्षा १-३ | १ | १ | ४ | छैन | छ | छैन | |
| ४५ | धल्दौउ आवि | कक्षा १-३ | १ | २ | ५ | छ | छ | छ | |
| ४६ | निलकट्टी मावि | कक्षा १-१० | २ | ३ | १७ | छ | छ | छ | |

विद्याललयको भएका भौतिक संरचनाहरू कोभिड महामारीको बेला क्वारेन्टाइनको रूपमा प्रयोग गर्दा क्षति पुगेको छ। विद्यालय भौतिक निर्माणको कार्य शिक्षण सिकाइको पूर्वसर्त भएता पनि भौगोलिक रूपमा विकट, मौसमको प्रतिकूलताले शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ। सिकाइलाई व्यवस्थित एवम वालमैत्री वनाउन भौतिक संरचना निर्माणमा विशेष ध्यान दिनु पर्दछ।

विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमान एक रूपता कायम हुन सकिरहेको छैन। विद्यालय भौतिक निर्माणको लागि केन्द्रदेखि विकट दुरदराजमा एउटै लागत इस्टिमेटको आधारमा निर्माण गर्ने परिपाटीले व्यवस्थित एवम उपयुक्त भवनहरू निर्माण हुन सकिरहेका छैनन। भवन बनाउने र बन्ने विधि र प्रक्रियामा कहि कतै विवाद र कानुनी प्रश्न उठिरहेका छन। विद्यालयसँग सम्बद्ध पक्षहरू पनि अरू पक्षको विकास भन्दा पनि भौतिक निर्माणलाई प्राथमिकता दिए तापनि अपेक्षा गरे अनुसारका बन्न सकिरहेको छैन। रकम नपुगेर कतिपय पूर्वाधारहरू पूर्णरूपमा निर्माण नभएका छन। भवन निर्माण गर्ने सिलसिलामा भवन आचारसंहिताको पालना नभएको कारणले धेरैजसो विद्यालयहरू सुरक्षित, लैङ्गिक र अपाङ्गमैत्री बन्न सकेका छैनन। पूर्वाधारका कार्यक्रम वितरणमा पनि न्याय नभएका आवाजहरू उठिरहेका छन। कसैले कहिल्यै नपाउने र कसैले सधैं पाइरहने अवस्था भइरहेको गुनासो सुन्नमा आएका छन। पछिल्लो समयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालय भवनहरू वितरण भइरहेका छन तर उक्त कार्यक्रम वितरण न्यायोचिततथा आवश्यकताको आधारमा विद्यालय छनौट हुदा विद्यालयको भौतिक निर्माणमा सहयोग हुने अपेक्षा लिइएको छ।

प्रदेशबाट सामाजिक विकास मन्त्रालयबाट पनि विद्यालय भौतिक निर्माणको कार्य हुदै आएको पाइन्छ। सङघीय तह, प्रदेश तह र स्थानीय तहबाट भौतिक निर्माण अभाव भएको विद्यालयमा प्राथमिकरणको आधारमा छनौट गरी कार्य सञ्चालन तथा प्रभावकारितामा यस योजनाले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा लिइएको छ। विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र जनप्रतिनिधिहरूले विद्यालयको अन्य पक्षलाई भन्दा पूर्वाधार निर्माणको पक्षलाई महत्व र चासो दिनु, तीनै तहका सरकारबाट पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रम व्यवस्था हुनु, पूर्वाधार निर्माणका लागि प्रगतिशील युवा समाजको कार्यक्रम लागुभएको क्षेत्रमा गैरसरकारी संस्थाको समेत योगदान रहनु, पूर्वाधार निर्माणको सबालमा समुदायको योगदान पनि इतिहासदेखि नै वर्तमानसम्ममा कायम रहदै आएको छ। विद्यालय पूर्वाधार विकासका लागि स्थानीय तहबाट समेत विकास निर्माणका कार्यमा सहभागी हुनु, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट २०७२ को भूकम्पपछि निर्माणहुने पूर्वाधारहरूलाई भूकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गर्नु आदिलाई अवसरको रूपमा लिन सकिन्छ। यसका अलावा विद्यालय पूर्वाधार विकाससँग सम्बन्धीत चुनौतीहरू पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवम जवाफदेहि बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारको लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार

विकास एवम विस्तारका लागि मास्टर प्लान विकास गर्नुआवश्यक स्रोत साधनको विकास गर्नु, पूर्वाधारहरूलाई अपाङ्गमैत्री, लैङ्गिकमैत्री र सिकाइमैत्रि वातावरण अनुकूलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजुरीरहित बनाउनु, पूर्वाधारका कार्यक्रमहरू वितरण गर्दा न्यायपूर्ण र निष्पक्षताका आधारमा वितरण गर्नु वितरण गर्दा तीनओटा सरकारको वीचमा समन्वयको वातावरण हुनु, आदि चुनौतीको रूपमा लिन सकिन्छ।

### ४.५.३ उद्धेश्यहरुः

योजनाको यस खण्डमा विषयको लक्ष्य सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध गराउनु रहेको छ भने यसका उद्धेश्यहरू देहाय वमोजिम रहेका छन।

१. सुरक्षित विद्यालय पूर्वाधार गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु।
२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
३. विद्यालयको भौतिक पूर्वाधार विकासका लागि न्यायोचित तथा आवश्यकताका आधारमा कार्यक्रम छनौट तथा कार्यान्वयन गर्नु।
४. भौतिक पूर्वाधारको हिसावले शैक्षिक संस्थाहरूलाई निपूर्ण बनाउनु।

### ४.५.४ रणनीतिहरुः

उल्लिखितउद्धेश्यहरूपूरा गर्न देहायका रणनीतिहरू अवलम्बन गरिनेछन:

१. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आवश्यक पर्ने पूर्वाधारको पुनः परिभाषित गर्ने।
२. पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको आधारमा प्राथमिकीकरण गरी प्रदेश तथा सङ्घीय तहमा सिफारिस गर्ने।
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारूप विकास गर्ने।
४. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न सङघ संस्थासँग लागत साझदारी गर्ने।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम वातावणीय पक्षलाई एकीकृत गरी संस्थागत क्षमता अभिबृद्धि गर्ने।
६. विद्यालय पूर्वाधार विकास तथा मर्मत सम्भार गर्दा आवश्यकताको आधारमा वजेट विनियोजन गर्ने।

७. पूर्वाधार निर्माणको लागि कसैको मागको आधारमा भन्दा पनि वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माण कार्य विवाद रहित किसिमले सम्पादन गर्ने सबालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति विश्वास र प्रतिबद्धताको वातावरण विकास गर्ने।
८. निर्माण गरीएको विद्यालय पूर्वाधारको विकासको संरक्षण संवर्धन र निगरानीका लागि समुदायका मानिसहरूमा अपनत्वको भावना विकास गर्ने।
९. शैक्षिक संस्थाहरूलाई भौतिक पूर्वाधार विकासको दृष्टिकोणले योजना अवधिभर अभावयुक्त थलोको रूपमा विकास हुने गरी पूर्वाधारका कार्यक्रमहरू सञ्चालन गर्ने।
१०. कक्षाकोठालाई रङ्गोगन सजावट गरी सिकाइमैत्री बनाइनेछ।
११. जस्तापाताले छाएको भवनहरू विस्तापित गरीदै लगिनेछ।
१२. विद्यालयमा बालउद्यान निर्माण गरी वातावरणमैत्री विद्यालय विकास गरिने छ।
१३. नगरपालिका भरि क्रमश भौतिक पूर्वाधार सम्पन्न विद्यालय स्थापना गरिने छ।
१४. भौतिक पूर्ववाधार निर्माणमा अभिभावकहरूको संलग्नता रहि निर्माण कार्य प्रभावकारी एवम व्यवस्थित गरिने छ।

## ४.५.५ उपलब्धि नतिजा तथा प्रमुख क्रियाकलापहरुः

### क) उपलब्धिः

१) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने।

### ख) नतिजाः

१. भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको कार्य योजना तयार भएको हुनेछ।
२. नगरपालिकाभरिका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुनेछ।
३. विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था भएको हुनेछ।
४. पूर्वाधार विकासका लागि आवश्यक विधि, मापदण्ड र स्तरीकरणका सूचक तयार भएको हुनेछ।
५. विद्यालय पूर्वाधार विकासका कामहरू दिगो र विवादरहित भएको हुनेछ।
६. नगरपालिकाका शैक्षिक संस्थाहरू भौतिक पूर्वाधार विकासको हिसाबले योजना अवधिभर सम्ममा क्रमश अभावमुक्त भएका हुनेछ।

## ग) प्रमुख क्रियाकलापहरुः

| क्रसं | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नगरपालिका सबै विद्यालय भौतिक पूर्वाधार निर्माण भएको हुनेछ | पटक | ४ ओटा विद्यालय | ४ ओटा विद्यालय | ४ ओटा विद्यालय | ४ ओटाविद्यालय | ४ ओटा विद्यालय | २० ओटा विद्यालय १ पटक | ४० | सङघ प्रदेश र स्थानीय तह |
| २ | पूर्वाधार विकास र तीनै तहको स्रोत विनियोजन गरिने छ | पटक | १ | | | | | | | स्थानीय तह |
| ३ | कक्षाकोठा छापामय हुनेछन | ओटा | २० | २० | २० | २० | २० | १०० | | |
| ४ | विद्यालयहरूको पूर्वाधार निर्माणको मापदण्ड निर्माण भइ लागु भएको हुने | पटक | १ | ✓ | ✓ | ✓ | ✓ | १ पटक | २ पटक | सङघ प्रदेश र स्थानीय तह |
| ५ | विद्यालयहरूमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री संरचनाको विकास गरिने | विद्यालय सङख्या | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | केन्द्र,प्रदेश र स्थानीय तह |
| ६ | विद्यालयको पूर्वाधार निर्माण र संरक्षणको लागि समुदायका मानिसहरूमा अपनत्वको विकास गरिने | समुदाय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | नगरपालिका |
| ७ | जस्तापाताले छाएको भवनहरू विस्तापित | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | सङघ, प्रदेश र नगरपालिका |
| ८ | कक्षाकोठालाई रङ्गो रोगन सजावट | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | नगरपालिका, गैरसरकारी संस्था |
| ९ | विद्यालयमा बालउद्यान निर्माण गरी | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | प्रदेश |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वातावरणमैत्री विद्यालय विकास | | | | | | | | | नगरपालिका, गैरसरकारी संस्था |

क्रियाकलाप कार्यान्वयनको लागि अनुमानित बजेटः

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | विद्यालय भवन निर्माण | १०००००० दश करोड | दुई करोड | दुई करोड | दुई करोड | दुई करोड | दुई करोड | प्रदेश तथा सङघीय सरकार | प्रत्येक वर्ष ४ विद्यालय चारकोठे भवन आवश्यक |
| २ | शौचालय निर्माण | १ करोड | २००० | २००० | २००० | २००० | २००० | सङघीय प्रदेश तथा स्थानीय | छात्राको लागि छुट्टै सहित |
| ३ | कक्षाकोठा मर्मत तथा जस्ता परिवर्तन | २० लाख | ४०० | ४०० | ४०० | ४०० | ४०० | वडा, नपा र प्रदेश | |
| ४ | घेरवार तथा फिल्ड निर्माण | १ करोड | २००० | २००० | २००० | २००० | २००० | स्थानीय तथा प्रदेश | घेरबार नभएका विद्यालय |
| ५ | तट बन्धन तथा अन्य मर्मत | ५० लाख | १०लाख | १०लाख | १०लाख | १०लाख | १०लाख | प्रदेश तथा सङघीय सरकर | |
| ६ | खानेपानी मर्मत | १५ लाख | ३लाख | ३लाख | ३ लाख | ३लाख | ३लाख | स्थानीय तथा प्रदेश सरकार र गैरसरकारी संस्था | ५ वर्ष भित्र सबै विद्यालयमा खानेपानी सुनिश्चितता |
| ७ | फर्निचर तथा बुककर्नर | १करोड | २००० | २००० | २००० | २००० | २००० | सङघीय, प्रदेश, नगरपालिका र गैरसरकारी संस्था | |
| ८ | खेलमैदान निर्माण | १ करोड | २०लाख | २० लाख | २० लाख | २० लाख | २० लाख | सङघ, प्रदेश र स्थानीय सरकार | |

## ४.६ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिः-

### ४.६.१ परिचय

वर्तमान विश्व सूचना तथा सञ्चार प्रविधिको युग हो । आज हरेक व्यक्ति प्रत्येक पल सूचना तथा सञ्चारसँग जोडिएर रहेको हुन्छ । यहाँ सूचनाको अर्थ केही कुराको जानकारी भन्ने हुन्छ भने सञ्चारको अर्थ कुनै एक ठाउँमा रहेको कुनै घटना क्रियाकलाप तथा जानकारीलाई अर्को ठाउँमा प्रक्षेपण गर्नु भन्ने कुरालाई जनाउँछ । आज विश्वको एक ठाउँमा रहेको सूचनालाई अर्को ठाउँसम्म पुऱ्याउने विभिन्न खालका सञ्चारका साधन तथा प्रविधिहरू रहेका छन् । जसअन्र्तगत रेडियो, टेभी, कम्प्युटर, नेट, इन्टरनेट आदि पर्दछन् ।

विद्यालय त्यस्तो स्थल हो जहाँबाट विद्यार्थीले विभिन्न ज्ञान, गुन सिक्दछन् । विद्यार्थीले नयाँनयाँ ज्ञान, सिप र प्रकृति सिक्ने यो थलो पनि समयअनुसार परिवर्तन हुन जरूरी छ । आज विश्वका विभिन्न शिक्षक संस्थाहरूले विद्यार्थीहरूलाई प्रभावकारी ढंगले शिक्षण गर्न विभिन्न खालका प्रविधिहरू प्रोजेक्टर, स्मार्ट बोर्ड, नेट ईन्टरनेटको प्रयोग गरी Zoom, Google Board, Teams आदि विभिन्न खालका माध्यमद्वारा शिक्षण गर्ने गरिएको छ ।

उपरोक्त विभिन्न खालका माध्यमकबाट शिक्षण गर्दा विभिन्न फाइदाहरू रहेका छन् । यी फाइदाहरूलाई मध्येनजर गर्दै नेपाल सरकारले पनि सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई सूचना तथा संञ्चार प्रविधिको विकास गर्न बेला बेला सहयोग गर्दै आएको देखिन्छ । यसै परिवेशमा नेपाल सरकारले विगतमा सूचना तथा सञ्चार प्रविधि गुरूयोजना निर्माण गरीलागू गरेको देखिन्छ । पहिलो समय विश्व परिवेशमा देखा परेको Covid-19 को प्रभावले गर्दा शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको झन प्रभाव परेको देखिन्छ । यो सँगै शिक्षाको क्षेत्रमा यसको झन महत्त्व बढेको देखिन्छ ।

### ४.६.२ वर्तमान अवस्था :-

हाम्रो देश नेपालमा पछिल्लो समय सूचना तथा प्रविधिका क्षेत्रमा ठुलो विकास भएको देखिन्छ । विभिन्न विद्यालयमा कम्प्युटर ल्यावको स्थापना हुन पुगेको छ । विद्यालयहरूमा वाईफाईका सुविधि पुगेको देखिन्छ । विद्यार्थीहरूले विभिन्न विषयका Online कक्षाहरू लिन सक्ने परिपाटीको विकास भएको देखिन्छ । यसै सन्दर्भमा नेपालमा सर्वप्रथम राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले विद्यालय तहमा सूचना प्रविधिको आवश्यकता औंल्याएको पाइन्छ । यस्तै सूचना प्रविधि नीति २०७२ मा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरूयोजना कार्यान्वयन गर्ने उल्लेख गरेको छ । शिक्षाको राष्ट्रिय नीति २०७६ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको प्रमुख अङगको रूपमाएकीकृत गर्दै विद्यालय तथा शिक्षण सिकाई प्रक्रियालाई सूचना प्रविधिको पूर्वाधार विकास गर्ने

र शिक्षण सिकाई प्रक्रियालाई सूचना प्रविधि मैत्री बनाउने नीति लिएको छ । त्यसैगरी डिजिटल नेपालको कार्य ढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने कुरा उल्लेख गरेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७-०२-१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका २०७७ मा पनि सिकाई सहजीकरणका लागि सूचना प्रविधिको प्रयोगलाई नै बढी जोड दिएको छ । प्रत्येक माध्यमिक विद्यालयलाई ICT ल्याब र इन्टरनेट जडान गर्न केही वर्ष देखि ६५०००० हजारका दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ।यसै गरी विद्यालयमा ई-पुस्तकालयका साथै अन्य सूचना प्रविधिसँग सम्बन्धीत उपकरणहरूको सहयोग पनि विभिन्न तहका सरकारहरूले गर्दै आइ रहेको छन्।

यस जयपृथ्वी नगरपालिका जिल्लाको सदरमुकाममा अवस्थित भएकाले यो क्षेत्रमा जिल्लाका अन्य पालिकाको तुलनात्मक रूपमा सूचना तथा प्रविधिको राम्रो विकास भएको छ । यस पालिकाका वडा नं. ४,९,१०,११ मा Land Line टेलिफोनका सुविधाका साथै ADSL इन्टरनेटको सुविधा रहेको छ । तसर्थ यस पालिकामा रहेका जम्मा अन्य वडामा यो सुविधा छैन भर्खरै Fiber Net जडानको कार्यले तीव्रता पाएको छ । यस पालिकामा रहेका अन्य वडामा यो सुविधा छैन् ।

८ ओटामाध्यमिक विद्यालयमध्ये४ विद्यालयमा नेटको सुविधा रहेको छ । अझै यस पालिकाले आफ्नो क्षेत्र भित्र रहेको विद्यालयहरूमा सूचना तथा प्रविधिको विकास गर्न प्रयाप्त अभ्यास गर्नुपर्ने देखिन्छ। यस पालिकाको विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका चुनौतीहरू यस प्रकार रहेका छन् ।

१. विद्यालयमासूचनातथासञ्चारप्रविधिसँग सम्बन्धीत उपकरणहरूले प्रयाप्त व्यवस्था गर्नु ।
२. भौगोलिक विकटताका कारण पालिकाका प्रत्येक क्षेत्रमा नेटवर्कको व्यवस्थापन गर्नु ।
३. सूचनाप्रविधिमैत्रीकक्षाकोठाको व्यवस्थापन गर्नु ।
४. दक्ष तथा तालिम प्राप्त जनशक्तिको विकास गर्नु ।
५. सूचना तथा प्रविधि सम्बन्धी सुविधाको सहि सदुपयोग गर्नु ।

### ४.६.३ उद्देश्यहरू :-

१. शिक्षण सिकाईलाई प्रभावकारी समय सान्दर्भिक र गुणस्तरीय बनाउन सूचना प्रविधिको प्रयोग सबै विद्यालयमा विस्तार गर्नु।
२. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु ।
३. शिक्षकको क्षमता अभिवृद्धि गरी सञ्चार प्रविधिको प्रयोग प्रभावकारी ढंगले सञ्चालन गर्नु।
४. शिक्षण सिकाई प्रक्रियालाई छिटो छरितो सहज तथा रमाइलो बनाउनु ।
५. शैक्षिक व्यवस्थापन प्रभावकारी उपलब्धिमुलक र पारदर्शी बनाउनु ।

### ४.६.४ रणनीतिहरू :-

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको व्यवस्था गर्ने।

२. सम्पूर्ण शिक्षकलाई सूचना प्रविधि सम्बन्धि तालिमको व्यवस्था गर्ने ।

३. एक शिक्षक एक ल्याप्टप कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पहल गर्ने।

४. कक्षाकोठालाई सूचना मैत्री बनाइने छ ।

५. विद्यार्थीहरूलाई आवश्यक पर्ने डिजिटल सामाग्री उपलब्ध गर्ने ।

६. इन्टरनेट प्रदायक निकायहरूसँग समन्वय गरी सूचना सञ्चार प्रविधिको पहुँच सहज र सरल बनाउने।

७. प्रत्येक विद्यालयमा निशुल्क WIFI उपलब्ध गराउन प्रयासरत रहने।

### ४.६.५उपलब्धि नतिजा क्रियाकलाप तथा लक्ष्य :-

**क) उपलब्धि :-**

नगर क्षेत्रभित्रका प्रत्येक विद्यालयमा सूचना प्रविधिसँग सम्बन्धीत पूर्वाधारको विकास भई शिक्षण सिकाइलाई गुणस्तीय बनाउन मद्दत पुगेको हुनेछ ।

**ख) नतिजा :-**

१.सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणहरूको व्यवस्था भएको हुने छ ।

२. सबै शिक्षकहरूले सूचना प्रविधिसम्बन्धी आधारभूत तालिम प्राप्त गरेका हुनेछन् ।

३. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुनेछ ।

४. कक्षा शिक्षण सहज, सरल, गुणस्तरीय र प्रभावकारी भएको हुने छ ।

५. विद्यार्थीहरूको सिकाई प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय भएको हुने छ ।

६. प्रत्येक विद्यालयमा दिगो, निःशुल्क तथा गुणस्तरीय इन्टरनेट सुविधा पुगेको हुनेछ ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य :-

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | १० वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नगरपालिकामा E-library को स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | केन्द्र, प्रदेश र नगरपालिका |
| २ | विद्यालयहरूमा ICT संरचनाविस्तार | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | केन्द्र, प्रदेश र नगरपालिका |
| ३ | सबै विद्यालयमा इन्टरनेटको सुविधाविस्तार | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | केन्द्र, प्रदेश र नगरपालिका |
| ४ | शिक्षक तथा IEMIS | शिक्षक | १० | १० | १० | १० | १० | ५० | १०० | नगरपालिका |
| ५ | सबै माध्यमिक विद्यालयमा कम्पुटरमा सञ्चालन | | | | | | | | | |
| ६ | सूचनाप्रविधिमार्फत कक्षा सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | केन्द्र, प्रदेश र नगरपालिका |
| ७ | बालवालिकाको डिजिटल अध्ययन गराउनकालागिसिकाई पोर्टलको पहुँच बृद्धि | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | केन्द्र, प्रदेश र नगरपालिका |
| ८ | विद्यालयमा डिजिटल सामग्री प्रयोगका लागि शिक्षकको क्षमताविकास | शिक्षक | ५ | ५ | ५ | ५ | ५ | २० | ४० | केन्द्र, प्रदेश र नगरपालिका |

## शिक्षामा सूचना प्रविधिका लागि अनुमानित बजेट

| क्र.स. | शीर्षक | आवश्यक वजेट हजारमा | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकामा E-Library स्थापना गर्न | ६५०० | १३०० | १३०० | १३०० | १३०० | १३०० | सङघीय, प्रदेश |
| २ | विद्यालयहरूमा ICT संरचनाविस्तार गर्न | ६५०० | १३०० | १३०० | १३०० | १३०० | १३०० | सङघीय, प्रदेश |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सबै विद्यालयमा इन्टरनेटको सुविधाविस्तार गर्न | १००० | २०० | २०० | २०० | २०० | २०० | सङघीय, प्रदेश |
| ४ | शिक्षक तथा IEMIS गर्न | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङघीय, प्रदेश, नगरपालिका |
| ५ | सबै माध्यमिक विद्यालयमा कम्पुटरमा सञ्चालन गर्न | १००० | २०० | २०० | २०० | २०० | २०० | सङघीय, प्रदेश, नगरपालिका |
| ६ | सूचनाप्रविधिमार्फत कक्षा सञ्चालन | १००० | २०० | २०० | २०० | २०० | २०० | सङघीय, प्रदेश, नगरपालिका |
| ७ | बालवालिकाको डिजिटल अध्ययन गराउनकालागि सिकाइ पोर्टलको पहुँच बृद्धि गर्न | १००० | २०० | २०० | २०० | २०० | २०० | सङघीय, प्रदेश, नगरपालिका |
| ८ | विद्यालयमा डिजिटल सामग्री प्रयोगका लागि शिक्षाकको क्षमताविकास गर्न | १००० | २०० | २०० | २०० | २०० | २०० | सङघीय,प्रदेश, नगरपालिका |

# परिच्छेदः ५

## सुशासन तथा व्यवस्थापन

सर्वप्रथम विश्व बैंकले सन् १९९२मा उसको एउटा प्रतिवेदन "सुशासन र विकास ( Governance and Development)"मा सुशासनको अवाधारणा ल्यायो |संयुक्त राष्ट्रसङघीय विकास कार्यक्रमले सुशासनका विभिन्न तत्वहरूअगाडि सार्यो। त्यसैगरी युएनडीपी १९९७ का अनुसार सहभागीता, विधिको शासन, जिम्मेवारी, पारदर्शिता, सहमतिपूर्ण अभिमुखीकरण, समता, प्रभावकारिता एवं कार्यकुशलता, जवाफदेहिता, रणनीतिक दूरदृष्टि जस्ता पक्ष सुशासनमा समेटिनु पर्ने बताएको छ| सुशानले कुनै एउटा समाज वा समुदायलाई गति दिनका लागि यसका संस्थाहरूको सञ्चालनमा आवस्यक प्रक्रिया र सम्बन्धहरूको स्पष्ट भूमिका निर्धारण गर्दछ | सुशासनमा स्रोतको सम्बन्ध र प्रयोगमा बृहत्तर पारदर्शिता र जवाफदेहिताबाट प्रेरित भएको हुन्छ किनकि परियोजना निर्माण, निर्णय र सञ्चालनमा समुदायको संलग्नता रहन्छ|

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

विद्यालय भनेको एक महत्त्वपूर्ण सार्वजनिक संस्था हो| योजना निर्माण गरेपश्चात कार्यान्वयन गर्ने थलो विद्यालय हो। विद्यालयको शिक्षा व्यवस्थित पारी गुणस्तरीय शिक्षा कायम गर्नको लागि स्थानीय सरकार एक्लैले सम्भव छैन। तीन तहका सरकारले आफ्नो जिम्मेवारी पूरा गरे मात्र सिकाइ सम्भव छ।यसले एकातिर बालबालिकाहरूलाई जीवनका लागि चाहिने शिक्षा प्रदान गर्दछ भने अर्कातिरयसले प्रदान गर्ने शिक्षाको असर समुदायलाई पनिप्रत्यक्ष वा परोक्षरूपमा पर्ने नै हुन्छ |नेपालको संबिधान २०७२ भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था छ |यसमा प्रत्येक नागरिकलाई आधारभूत तह सम्म अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने व्यवस्था छ। संविधानको भाग ४ मा, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वभित्र धारा ५१ को ज १ मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमुलक,रोजगारमूलक एवं जनमुखी बनाउदै सक्षम, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तैयार गर्ने र धारा ५१ .ज २ मा शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने जस्ता मौलिक हकको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ (ज) मा शिक्षा सम्बन्धी व्यवस्था गरिएको छ | यसमा आधारभूत तह सम्म शिक्षा सम्बन्धी नीति,कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन र नियमन र माध्यमिक तह सम्म को शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने जस्ता झन्डै २३ ओटा काम, कर्तब्य र अधिकारको व्यवस्था गरेको छ। सन् २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्र

सङघको महासभाले दिगो विकासका लक्ष्य २०१५ - २०३० (Sustainable Development Goals: SDGs 2015 -2030)मा १७ ओटा दिगो विकासका लक्ष्य तय गरेकोमा लक्ष्य न. ४ मा सबैलाई समावेशी र समन्यायिक गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने र जीवनपर्यन्त सिकाइका अवसरको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ | त्यसैले संविधानद्वारा प्रदत्त हक र अधिकारको उपयोग गर्दै सङघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र भित्र रही जयपृथ्वी नगरपालिकाको शैक्षिक क्षेत्र उत्कृष्ट एवं अनुकरणीय, समय सापेक्ष गतिशील बनाउन, सुशासन र व्यवस्थापन एक अपरिहार्य पक्ष हो | सामाजिक विकाससँग जोडिएका सुशासन र व्यवस्थापनका थुप्रै अवयवहरूको अधिकतम परिचालन र प्रयोग गरी समुदाय, समाज र राष्ट्रको उत्थानका लागि शिक्षाको योजना बनाइ निर्दिष्ट लक्ष्य प्राप्ति गर्नु आजको आवश्यकता र अपरिहार्यता हो

## ५.१.२ वर्तमान अवस्था

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालिन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरीएको छ।बदलिदो परिवर्तन सुशासन कायम हुने भएकाले सङघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार,ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरीसुशासनको प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

जयपृथ्वी नगरपालिकामा रहेका सातओटा शाखाहरूमध्ये शिक्षा सम्बन्धी सम्पूर्ण कार्यक्रम शिक्षा युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। यस शाखामा एक जना शिक्षा अधिकृत छैठौं, एक जना प्राविधिक सहायक पाचौं तथा एक जना कार्यालय सहयोगीले यो संरचनामा कार्य गरिरहेका छन। शाखाले शिक्षा सम्बन्धी सम्पूर्ण कार्य गरे पनि प्रभावकारी रूपमा कार्य सम्पादनमा जनशक्ति अभावले गर्दा अनुगमन तथा सुपरीवेक्षणको काम हुन सकिरहेको छैन। विद्यालयहरूको कार्य सम्पादनको मूल्याङ्कन गरी पुरस्कृत गर्नै प्रणालीको विकास हुन सकिरहेको छैन। विद्यालयको शिक्षाप्रति अभिभावक तथा शिक्षकहरूको जवाफदेहिता, उत्तरदायित्व र अपनत्वको भावना विकास हुन सकि रहेको छैन। विद्यालय आउने र हाजीँरी गर्ने जाने आफ्नो विषयको सिकाइ प्रति शिक्षकको उदासिनताले शैक्षिक गुणस्तर बृद्धि हुन सकिरहेको छैन।सवै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङघको कार्यकारी समिति रहेका छन। सबै विद्यालयमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालनमा भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गररिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको

देखिन्छ भने शिक्षक अभिभावक सङघको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूको सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गरेको छ। विद्यालयको लेखा परीक्षणको कुरो गर्दा एक पल्ट विद्यालयका विल भर्पाइ अनुसारको रकम लेखाबाट उपलब्ध हुने व्यवस्था छ भने अर्को तिर लेखापरीक्षणको लागि सूचना प्रकाशन  सामाजिक परीक्षणको शिर्षकमामा विद्यालयलाई नेपाल सरकारबाट वार्षिक १५ हजार उपलब्ध गराउने व्यवस्था रहेकोमा विद्यालयबाट दुई तीन लाख खर्च हुने गरेको छ। विद्यालयमा सूचना अधिकारी तोक्ने,नागरिक वडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको पाइदैन।

### ५.१.३ उद्धेश्यहरुः

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्नु।
२. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु।

### ५.१.४ रणनीतिहरुः

१. स्थानीय तहमा शिक्षा व्यवस्थापन गर्न आवश्यक नीति तर्जुमा गर्ने।
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्थापन गर्ने।
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने।
४. स्थानीय तहमा शिक्षक पेसागत क्षमता विकास प्रणाली स्थापना गर्ने।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति पदाधिकारीलाई जिम्मेवार बनाई क्षमता विकास गर्ने।
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गर्नको लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने।

### ५.१.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

उपलब्धिहरुः

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ।
२. संस्थागत क्षमता अभिबृद्धि भइ उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. विद्यालयलाई आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन भइ प्रभावकारी रूपमा कार्यसम्पालन भएको हुनेछ।
४. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणाली विकास हनेछ।

## प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | १० वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | | १ | | | | | १ | १० | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | | | | | | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणाली विकास | | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | कार्यसम्पादन करार गरी सबै नतिजा प्रति जिम्मेवार बनाउने | | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई विद्यार्थी सिकाइ प्रति उत्तरदायी बनाउने पद्धति विकास गर्ने | | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली विकास गर्ने | पालिका | | | | | | | | |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद्, महामारी सम्बन्धी समन्वय गर्ने | विद्यालय | | | | | | | | |
| ८ | शिक्षक मूल्याङ्कन फाराम निर्माण गरी शिक्षक तथा विद्यालय प्रोत्साहन कार्यक्रम | सबै विद्यालय | | | | | | | | |

## कार्यक्रम कार्यान्वयनको लागि अनुमानित बजेटः

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | | | | | | | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घीय सकार र स्थानीय सरकार | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणाली विकास | १००० | २०० | २०० | २०० | २०० | २०० | सङ्घीय, प्रदेश र स्थानीय सरकार | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कार्यसम्पादन करार गरी सबै नतिजा प्रति जिम्मेवार बनाउने | १००० | २०० | २०० | २०० | २०० | २०० | सङ्घीय, प्रदेश र स्थानीय सरकार | |
| ५ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई विद्यार्थी सिकाइ प्रति उत्तरदायी बनाउने पद्धति विकास गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | प्रदेस स्थानीय सरकार तथा गैरसकारी संस्था | |
| ६ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली विकास गर्ने | १००० | २०० | २०० | २०० | २०० | २०० | सङ्घीय, प्रदेश ,स्थानीय सरकार र गैरसरकारी सङ्घ | |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद्, महामारी सम्बन्धी समन्वय गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घीय, प्रदेश ,स्थानीय सरकार र गैरसरकारी सङ्घ | |
